२६० 
भक्तपुर मासिक
Bhaktapur Monthly
भाद्र २०७५




# भक्तपुर काण्डको स्मरणमा प्रवचन कार्यक्रम

- 'पञ्चहरू नेमकिसंका नेता, कार्यकर्ताहरूको छायाँदेखि डराउँथे'
- 2017 ASIA PACIFIC CITIES SUMMIT and MAYORS' FORUM
- पेरिस कम्युन : कामदार जनताको स्वर्ग
- भक्तपुरको येँयाःपुन्हि तथा इन्द्रजात्रा
- रानीपोखरी पुनःनिर्माण जिम्मा भक्तपुरलाई दिऊँ
- नेवार समाजमा प्रचलित परम्परागत गहनाको महत्व
- भक्तपुर नपाका गतिविधिहरु

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #% ★ cÆ !) ★ g}; ≢!#* ★ lj-; ≢@) &%efb| ★ A.D.2018

**कार्यालय : कमलविनायक** (पुरानो जनस्वास्थ्य भवन)

**फोन नं. : ०१-६६१३०४३**

**email : bhaktapurmasik@gmail.com**

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




Pp6f tl:a/

४० वर्ष अगाडिको दत्तात्रय मन्दिर।

(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

> **‘जो अरूको अवगुणको मात्र बयान गर्छ, त्यसले आफ्नै अवगुण प्रकट गर्छ ।’** – गौतम बुद्ध

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर काण्डले पञ्चहरूलाई जनताको अगाडि पर्दाफास गरेको हो | – | ३ |
| २) | नेमकिपा सिध्याउन खोज्ने पञ्चायत आफैंको अन्त्य | – | ४ |
| ३) | बहुदल र गणतन्त्रमा पनि पञ्चायत शैलीकै शासन | – | ४ |
| ४) | ख्वप कलेजमा भक्तपुर काण्डको स्मरण | – | ५ |
| ५) | ‘पञ्चहरू नेमकिसंका नेता, कार्यकर्ताहरूको जनताको सेवा गर्ने भावनादेखि डराउँथे’ | सुनिल प्रजापति | ६ |
| ६) | भक्तपुर काण्ड – नेमकिपाको अस्तित्व मेटाउने षड्यन्त्र | रजनी जोशी | ८ |
| ७) | गाडीभित्रै निरंकुशताविरुद्ध नारा घन्कायौं | उकेश कवां | ९ |
| ८) | पञ्चायती षडयन्त्रका तेइस महिना | कृष्णभक्त लवजू | १३ |
| ९) | हत्याराहरू भन्दै लात्तै लात हान्थ्यो | कृष्णसागर बासी | १६ |
| १०) | कर्मचारीहरूलाई फुटाउने प्रयास गर्थे | अम्बिका धौभडेल | १७ |
| ११) | भक्तपुरका तार र केबुलहरू व्यवस्थापन गर्ने | – | २४ |
| १२) | सापारुको तयारीमा सरसफाइ | – | २५ |
| १३) | विभिन्न संघीय मन्त्रालयमा भक्तपुर नपाका प्रतिनिधिमण्डल | – | २९ |
| १४) | हनुमन्ते खोला करिडोर व्यवस्थापनसम्बन्धी छलफल | – | ३२ |
| १५) | दैलेख चामुण्डाका जनप्रतिनिधि भक्तपुरमा | – | ३४ |
| १६) | टोखाका जनप्रतिनिधि भक्तपुरमा | – | ३४ |
| १७) | नगर प्रमुख प्रजापतिसँग कीर्तिपुर नगरपालिकाका प्रतिनिधिमण्डलको भेट | – | ३५ |
| १८) | सरकार भूकम्पपीडितप्रति संवेदनशील हुनसकेन | – | ३६ |
| १९) | भाज्या पोखरी पुन: निर्माण कार्यदल गठन | – | ३६ |
| २०) | प्रमुख प्रजापति र भूमिसुधार अधिकारीबीच भेट | – | ३८ |
| २१) | ‘नेपाल-चीन सम्बन्ध नयाँ ढङ्गले अगाडि बढाउनुपर्छ’ | – | ३९ |
| २२) | ‘गैसस उपभोक्ता समितिको विकल्प हुनसक्दैन’ | – | ४१ |
| २३) | ३०० वर्ष पुरानो पोखरी ब्यूँतायो भक्तपुरले | सबिना श्रेष्ठ | ४७ |
| २४) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ४९ |
| २५) | 2017 ASIA PACIFIC CITIES SUMMIT and MAYORS’ FORUM | Rajani Joshi | ६० |
| २६) | पेरिस कम्युन :कामदार जनताको स्वर्ग | सुजन माक | ६६ |
| २७) | भक्तपुरको यन्याँ पुन्हि तथा इन्द्रजात्रा | ओम धौभडेल | ६९ |
| २८) | रानीपोखरी पुन:निर्माण जिम्मा भक्तपुरलाई दिउँ | गौरीबहादुर कार्की | ७३ |
| २९) | नेवार समाजमा प्रचलित परम्परागत गहनाको महत्त्व : एक अध्ययन | सह प्रा.डा. बलराम कायस्थ | ७९ |
| ३०) | नागरिक भावना :‘जय भक्तपुर’ | हरिगोविन्द भोमी | ८२ |
| ३१) | SKETCHES FROM NIPAL (28) | Henry Ambrose Oldfield | ८४ |
| ३२) | भक्तपुर काण्डबारे नयाँ पुस्तालाई जानकारी दिनु समयोचित (सम्पादकको पृष्ठ) | – | ८८ |


### साथमा


औद्योगिक क्षेत्रको व्यवस्थापन बैठक–१९/ब्रम्हायणी सडक मर्मतबारे छलफल–१९/आर्थिक कानुनमा समयानुकूल परिवर्तन आवश्यक–२०/दर्ता नभएको पसलको टेबुल र तराजु नियन्त्रणमा–२०/महिला स्वास्थ्य परीक्षण शिविर सम्पन्न–२१/भक्तपुरका आदिवासी किसानहरूलाई विस्थापित गर्न खोज्यो–२१/नियमित सरसफाइअन्तर्गत मू:दिप र १०८ रोपनी क्षेत्र सरसफाइ–२२/कानुनको अनभिज्ञता क्षम्य नहुने–२३/भक्तपुरमा अव्यवस्थित तारहरूको व्यवस्थापन थालियो–२३/गाईजात्रा मार्गमा तारको व्यवस्थापन र सरसफाइ–२६/सापारुको तयारीमा वडा भेला–२६/व्यवसाय कर नबुझाउँदा औद्योगिक क्षेत्र व्यवस्थापन गर्न समस्या–२७/उत्खनन् र पुन:निर्माण कार्यमा टोलवासीहरूको सहयोग आवश्यक–२७/असल गुरु बन्ने हो भने असल शिष्य बन्नु आवश्यक–२८/भोलाछेँ पोखरी परिसरमा वृक्षारोपण कार्यक्रम–२८/पर्यटन विकासका लागि मौलिक संस्कृतिको जगेर्ना–३०/सांस्कृतिक अतिक्रमणप्रति सजगता आवश्यक–३०/डोरी तान्ने प्रतियोगिता सम्पन्न–३१/नयाँ मुलुकी संहिताबारे अभिमुखीकरण–३२/नगरप्रमुख प्रजापतिसँग प्रमुख सेनानीको भेटघाट–३३/ख्वप अस्पताल भवन निर्माणको तयारीमा –३३/प्रमाणपत्र वितरण कार्यक्रम–३५/‘युवाको निम्ति सुरक्षित विश्व’ नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस मनायो–३७/भक्तपुर नगरपालिकाद्वारा मासु पसल अनुगमन–३७/हनुमानघाटको उपचारपोखरी पुनः सञ्चालनबारे अन्तरक्रिया–३८/मासु पसलमा अनुगमन–३९/सहकारी संस्थाबारे विद्यालय पाठ्यक्रममा समावेश हुनुपर्ने सुझाव–४०/न्यातापोल कर्नर टीमको पुरस्कार वितरण–४०/विद्यार्थीहरूलाई देशभक्तिको पाठ सिकाउनुपर्छ–४१/कृषि सामाग्री हस्तान्तरण–४२/फोहोर संकलन गर्न बाल्टिन वितरण–४२/तस्बिरमा केही गतिविधि–४३/चिनियाँ नीतिकथा:प्रधानमन्त्रीको नाति र मन्त्रीको नाति–६८/भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ साउन महिनाको प्रतिवेदन–६८/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–७२/पाटी विवरण (साविक वडा नं...) –७८/बसिबियाँलो–८३/तपाईंको भान्सा: यूरीक एसिड बढेकाहरूका लागि आहार–८३/नेपालको संविधान २०७२, भाग–२७,अन्य आयोगहरू (३५)–८५/साउन महिनाको पर्यटक तथ्याङ्क–८७ ।


“Creation of predecessors — Our art and culture”

**परिक्रमा गर्ने**

# भक्तपुर काण्डले पञ्चहरुलाई जनताको अगाडि पर्दाफास गरेको हो

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर काण्ड कालो दिवसको स्मरणमा आयोजित प्रवचन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यतामा भदौ १ गते सम्पन्न भयो।




भनपाको आयोजनामा सम्पन्न प्रवचन कार्यक्रममा बोल्नुहुँदै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

कार्यक्रममा प्रमुख अतिथि नारायणमान बिजुक्छेंले नेपाल मजदुर किसान संगठनले ह्यजुलाई मार्ने कुनै छलफल, निर्णय र निर्देशन नदिएको र सङ्गठनको नीति पनि नभएको बताउनुहुँदै राज्यस्तरबाट नै योजनाबद्ध तरिकाले यो काण्ड घटाएको बताउनुभयो। यस काण्ड राज्यले नेपाल मजदुर किसान संगठनलाई समूल नष्ट गर्ने उद्देश्यले नै कुनै पनि समितिमा नभएका कर्णप्रसाद ह्योजुलाई पीडित नै नभएका जनतालाई राहत वितरण गर्न लगाएर जनतामा आक्रोस फैलाएर यो घटना घटाएको हो भन्नुभयो।

उहाँले भक्तपुर काण्डलाई जर्मनको राइखस्टाग आगलागी काण्डसँग तुलना गर्नुहुँदै जसरी राइखस्टाग काण्ड जनताको अगाडि पर्दाफास भयो त्यसरी नै भक्तपुर काण्डले पञ्चहरूलाई जनताको अगाडि पर्दाफास गरेको हो भन्नुभयो। तत्कालीन जर्मन सरकारले संसद भवनमा आफैले आगो लगाउन दिएर कम्युनिष्टहरूलाई समुल नष्ट गर्न खाजेको इतिहास विश्वसमक्ष भएको बताउनुहुँदै तत्कालीन पञ्चायती सरकारले पनि तत्कालीन नेपाल मजदुर किसान संगठनलाई समूल नष्ट गर्नको लागि भक्तपुर काण्ड सुनियोजित रूपमा गरेको बताउनुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले राजनीति भनेको गुलाबको ओछ्यान होइन भन्नुहुँदै राजनीतिको बाटो बाङ्गोटिङ्गो हुने बताउनुभयो। उहाँले देश र जनताको लागि त्यागको भावना हुनुपर्ने बताउनु भयो।

भक्तपुर काण्ड एक राजनैतिक षड्यन्त्र भएको र आगामी दिनमा जनता सचेत हुनुपर्ने तर्फ इंगित गर्दै उहाँले राजनैतिक कार्यकर्तासँग सँधै देश र जनताको इमानदारितापूर्वक सेवा गर्ने भावना हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं.७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर नगरपालिका प्रशासन प्रमुख अम्बिका धौभडेल, पूर्व वडाध्यक्ष कृष्णभक्त लवजु, भक्तपुर नगरपालिकाका पूर्व कर्मचारी कृष्णसागर वासीले तत्कालीन समयको अनुभवहरू सुनाउनुभयो।

उक्त कार्यक्रममा उपप्रमुख रजनी जोशीले स्वागत मन्तव्य राख्नुभएको थियो भने प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो। भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुर काण्ड विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।



भक्तपुर काण्डको स्मरणमा आयोजित प्रवचन कार्यक्रमका सहभागीहरू

# नेमकिपा सिध्याउन खोज्ने पञ्चायत आफैको अन्त्य

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको संयुक्त आयोजनामा भदौ ८ गते तत्कालीन पञ्चायती राज्यस्तरबाट रचित भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले आफ्नो विचार र काम असल भएसम्म कसैसँग डराउन नपर्ने बताउनुभयो । उहाँले नेमकिपाका कार्यकर्तालाई झूटा मुद्दा लगाउने षड्यन्त्रकारी पञ्चायती व्यवस्था आफै अन्त्य भएको बताउनुभयो।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देश र जनताको निःस्वार्थ र इमानदारीपूर्वक सेवा गरेका नेता तथा कार्यकर्तादेखि असहय भई राज्यस्तरबाटै षड्यन्त्र रचिएको धारणा राख्नुभयो ।

उहाँले तत्कालीन माले समूहले भक्तपुर काण्डको अवस्थामा चितवनका नेमकिपाका कार्यकर्तालाई लोभलालच र डर-त्रास देखाएर बिगारेको प्रष्ट पार्दै मित्र पार्टीलाई धोखा दिने पार्टी कम्युनिष्ट पार्टी हुननसक्ने बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य इ.सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य इ.सुनिल दुवाल, उपप्राचार्य इ.रत्नशोभा प्रजापति र प्रा.राजुभाइ त्यातले भक्तपुर-काण्डको बारेमा बोल्नुभएको थियो ।

# बहुदल र गणतन्त्रमा पनि पञ्चायत शैलीकै शासन

ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पसमा कार्यरत शिक्षकहरूबीच भक्तपुर काण्डको विरोध एवं भर्त्सनामा भदौ १५ गते प्रवचन कार्यक्रम भयो।




नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उहाँले पार्टीका अग्रजहरूले पञ्चायतको उपयोग, मोहियानी हक र भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, देशको सार्वभौमिकताको रक्षाको लागि भारतीय विस्तारवाद र एकाधिकार पूँजीविरुद्धको आन्दोलन, बहुदलको पक्षमा प्रचार-प्रसार, २०४५ सालको भूकम्प पीडितको उद्धार र राहत आदि गतिविधि इमानदारीपूर्वक गर्नुभएको काम तत्कालीन पञ्चायती सरकारलाई मन नपरेकोले पञ्चायती सरकारले नेमकिपाविरुद्ध झूटो मुद्दा लगाई भक्तपुर काण्डको षड्यन्त्र गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले विचारलाई भौतिक शक्तिले परास्त गर्न नसक्ने र जनतालाई विश्वासघात गर्नेहरूको एकदिन अवश्य पतन हुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले पञ्चायत कालदेखि नै विद्यार्थी, किसान, युवा, शिक्षकहरूको गतिविधिमार्फत जनतालाई राजनीतिकरूपमा शिक्षित बनाउँदै आएको र पञ्चायतभित्र पसी पञ्चायतकै विरोध गर्ने लेनिनवादी नीतिअनुसार देश र जनताको इमानदारीपूर्वक सेवा गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र उपप्राचार्य राजेशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो।

# ख्वप कलेजमा भक्तपुर काण्डको स्मरण

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले राज्यस्तरबाट रचिएको षड्यन्त्र, भक्तपुर काण्ड (भदौ ९) बारे ख्वप कलेजमा अध्ययनरत स्नातक तहका विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले भदौ १२ गते कलेजको हलमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्डका पृष्ठभूमि र असरबारे विद्यार्थीहरूलाई जानकारी गराउनुभयो ।




उहाँले भन्नुभयो, 'नेमकिपाले पञ्चायतलाई उपयोग गरी देश र जनताको निःस्वार्थपूर्वक सेवा गरेको पञ्चहरूलाई असह्य भयो, तत्कालीन समयमा देशभर कक्षा ५ सम्म निःशुल्क शिक्षा व्यवस्था गरेकोमा भक्तपुर नगरभित्र कक्षा ७ सम्म निःशुल्क लागू गऱ्यो । 'पञ्चायत' पत्रिकामार्फत् नगरको हरेक आम्दानी खर्च र गतिविधि पारदर्शी ढङ्गले प्रस्तुत गरी देशभरिका पञ्चायती व्यवस्थालाई पारदर्शी हुन शिक्षा दियो । यस्ता उदाहरणीय कार्य पञ्चहरूलाई असह्य भई नेमकिपालाई नष्ट गर्ने उद्देश्यले नै भक्तपुर काण्डको षड्यन्त्र रखिएको हो ।'

कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका प्राध्यापक डा. राजुभाइ त्यातले भक्तपुर काण्ड विषयमा प्रस्तुतीकरण दिनुभएको थियो । भक्तपुर काण्डमा ६७ जनालाई ज्यान मुद्दा लगाएको र उक्त ६७ जनामध्ये २७ जना शिक्षक भएको पनि उहाँले जानकारी दिनुभयो । कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशीले पनि बोल्नुभएको थियो ।



भक्तपुर काण्डबारे आयोजित प्रवचन कार्यक्रमका सहभागीहरू

# ‘पञ्चहरू नेमकिसंका नेता, कार्यकर्ताहरूको जनताको सेवा गर्ने भावनादेखि डराउँथे’

पुँजीवादी राजनीति षड्यन्त्र, जालसाजी र छलकपटकै आधारमा टिकेको हुन्छ। पुँजीवादीहरू आफ्नो सत्ता लम्ब्याउन विभिन्न षड्यन्त्रहरू गर्ने गर्छन् र तिनीहरूले विपक्षीहरूलाई षड्यन्त्रमा फसाउने कोसिस गर्छन्। तर षड्यन्त्रहरू सँधै सफल हुन्छन् भन्ने होइन, कहिलेकाहीं असफल हुने मात्रै होइन आफूले बुनेको षड्यन्त्रमा आफै फस्छन् र षड्यन्त्रकारीहरूको अन्त्य पनि हुन्छ। यस्तै एउटा घटना हो– भक्तपुर काण्ड।

सामन्त र पुँजीवादीहरू आफ्नो स्वार्थमा धक्का नपुगुन्जेल सानातिना विरोधलाई त्यति महत्त्व दिंदैनन् र त्यसरी विरोध गर्नेहरूलाई तिनीहरू विभिन्न लोभलालच वा प्रलोभनहरूमा फसाउने प्रयास गर्छन्। तर जब क्रान्तिकारीहरूले तिनीहरूको तख्ता पल्टाउन खोज्छन् तब तिनीहरू निर्ममतापूवर्क दबाउने कोसिस गर्छन्। त्यसबेला दमन, हत्या, हिंसा, मारकाटको सहारा लिन्छन्। संसारमा परिवर्तनका पक्षधर जनतालाई दमन गर्न खोजेका यस्ता थुप्रै उदाहरणहरू छन्।

राजनैतिक कार्यकर्ताहरू तत्कालीन पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि लडिरहेका थिए। मौलिक र राजनैतिक अधिकार प्राप्ति नै त्यस समयको माग थियो। बोल्ने, लेख्ने, सभा गर्ने जस्ता अधिकारहरूबाट जनता बञ्चित थिए। मौलिक र राजनैतिक अधिकारहरूको माग गर्नु नै पञ्चायती शासनकालमा अपराध मानिन्थ्यो। पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा उत्रिंदा कतिले ज्यान गुमाउनुपर्‍यो, कतिको अङ्गभङ्ग भए, कतिले जेल जीवन बिताउनुपर्‍यो, कति भूमिगत हुनुपर्‍यो भने कतिले प्रवास जीवन बिताउनुपर्‍यो। ती सबै राजनैतिक कार्यकार्ताहरूको जीवन बलिदान, त्याग, कठोर यातना र परिश्रमको फल आज हामीले पञ्चायती निरंकुशताको अन्त्यमात्रै होइन, २४० वर्षको राजतन्त्र अन्त्य गरी गणतन्त्र पाएका छौं। एउटा पुस्ताले संघर्ष नगरी अर्को पुस्ताले स्वतन्त्रता पाउँदैन। हामी राजनैतिक कार्यकर्ताहरूले संधै का.रोहितको भनाइलाई मनन गर्नु जरुरी छ – ‘राजनीति गुलाफको ओछ्यान होइन’।

तत्कालीन पञ्चायती सरकारले नेमकिपालाई समाप्त पार्न खोज्नुका विभिन्न कारणहरू थिए। त्यसमध्ये एक हो – पञ्चायती निर्वाचनको उपयोग।

तत्कालीन नेपाल मजदुर किसान संगठनले



सुनिल प्रजापति, प्रमुख- भक्तपुर नगरपालिका

नगरपञ्चायतदेखि राष्ट्रिय पञ्चायतसम्म भाग लिएर पञ्चायतकै विरोध गर्ने नीति लिएको थियो। भक्तपुर नगर पञ्चायत शत-प्रतिशत वहुदलवादीहरूको कब्जामा थियो। जिल्ला पञ्चायतमा पनि नेमकिसं र नेका मिलेको खण्डमा प्राविधिक हिसाबले बहुदलवादीहरूकै जित सुनिश्चित थियो। दुई पटकसम्म राष्ट्रिय पञ्चायतमा नेमकिसंगठनकै जित भएको थियो।

भक्तपुर नगरपञ्चायतमा निर्वाचित जनप्रतिनिधिहरूले ‘पञ्चायत’ पत्रिका प्रकाशित गर्नुभयो। पार्टी प्रतिबन्धित अवस्थामा पञ्चायत पत्रिकामार्फत मार्क्स, लेनिन र माओका जीवनीहरू छाप्नुभयो र जनताबीच राजनैतिक चेतना फैलाउने काम गर्नुभयो। नपाका हरेक गतिविधिहरू पारदर्शी बनाउनुभयो। सरकारले कक्षा ५ सम्म निःशुल्क घोषणा गरेको बेला भक्तपुरमा ७ कक्षासम्म निःशुल्कको व्यवस्था गर्नुभयो। नेमकिसंले अन्य पार्टीहरूलाई पनि प्रतिक्रियावादी संगठनभित्र गएर जनताको सेवा गर्ने बाटो देखाइदिएको थियो। यो नै पञ्चहरूको निम्ति टाउको दुखाइको विषय बन्यो। पञ्चहरू नेमकिसंका नेता, कार्यकर्ताहरूको निःस्वार्थ रूपले जनताको सेवा गर्ने भावना देखेर छायाँदेखि डराउँथे। नेमकिसंगठनका नेता, कार्यकर्ताहरूको सैद्धान्तिक अडान र नैतिक बलसामु पञ्चहरूको केही सीप चल्दैनथ्यो।

२०४५ साल भाद्र ९ गते पञ्चहरूले राज्यस्तरबाट ठूलो षड्यन्त्र गरे। नीति विपरीत पूर्वरापस कर्ण हयोजुलाई राहत वितरण गर्न लगाइयो। उनले पक्षपात गरी भूकम्प

पीडितहरूलाई राहत बाँडे। पीडितहरूले पक्षपातको विरुद्ध आवाज उठाए। पीडितहरूको आवाजलाई बेवास्ता गरेपछि आक्रोशित भिडले ह्योजुलाई समातेर बजार परिक्रमा गरायो। ३ घण्टा घुमाउँदासमेत सरकारले सुरक्षा दिएन। त्यही राती प्रशासनले नेमकिपाका अध्यक्ष रोहित, रापस गोबिन्द दुवाल, प्रधानपञ्च, उपप्रधानपञ्चलगायत धेरैलाई पक्राउ गऱ्यो।

नगर पञ्चायत भङ्ग गरी नगर पञ्चायत विकास समिति गठन गऱ्यो। भक्तपुरका जनतालाई युद्धमा हारेका जनतालाई झैं कठोर यातना दियो। युवाहरू जतिलाई पक्राउ गर्ने, कुटपिट गर्ने, महिलाहरूमाथि अभद्र व्यवहार गर्ने जस्ता धेरै कार्यहरू गऱ्यो। तर माओले भन्नुभएको छ – 'जो हजारौं मृत्युदेखि डराउँदैन उसले मात्रै बादशाहलाई घोडाबाट खसाल्ने आँट गर्छ'। ठीक त्यस्तै पञ्चायती व्यवस्थाको अन्त्यका निम्ति हिंडेकाहरू अलिकति पनि विचलित भएनन् बरु अन्तिमसम्म लड्ने प्रण गर्दै अगाडि बढे।

हामी भाद्र ९ गतेबाटै जेलमा थियौं। बाहिर बस्ने जनताले धेरै दुःख पाए। का. रोहितसित भेटघाट गर्ने अवसर त्यति थिएन। सर्जमिनको दिन उहाँले शनिबारको दिन सर्जमिन गर्न हुन्न भनी प्रशासनसँग लड्नुभएको दृश्य आजभैं लाग्छ। त्यही दिन उहाँले हामीसँग सोध्नुभएको थियो – 'पढाइ कति भनेर। सबैले आ–आफ्नो पढाइको बारे बताए पछि उहाँले हामी सबै जेलबाटै एम.ए. पास गरेर फर्किनुपर्छ।' हामीलाई त्यसबेलासम्म राजनैतिक मुद्दाबारे त्यति जानकारी थिएन। हामी सरकारले रचेको भयङ्कर षड्यन्त्रमा फसिसकेका थियौं। त्यो हामीले पछि थाहा पायौं। उहाँले बहुदलीय व्यवस्था ल्याउनुपर्छ र त्यसबेला मात्रै हामी छुट्ने बताउनु भयो।

जेल भित्रै विभिन्न संघर्षहरू गऱ्यौं। का. रोहितले भन्नुभएझैं २०४६ सालको आन्दोलनले चैत्र २६ गते बहुदल घोषणा गऱ्यो। हामी २०४७ साल बैशाख ५ गते छुट्यौं।

त्यसबेला हामीलगायत राजनैतिक कार्यकर्ताहरूले जे भोग्यौं त्यसको परिणामबाट गणतन्त्र, नयाँ संविधान प्राप्त भयो। नयाँ संविधानअनुसार अधिकार सम्पन्न स्थानीय तहको नेतृत्वमा हामी छौं। हामीले हरेक काम पारदर्शी र जनउत्तरदायी ढङ्गले गर्दै आएका छौं। हामीलाई काम गर्न त्यति सहज थिएन। तैपनि संविधान, ऐन, नियमको परिधिभित्र रहेर काम गर्दै आएका छौं।

यो पूँजीवादी राज्य व्यवस्था हो। भ्रष्टाचार, आर्थिक अनुशासनहीनता पूँजीवादी व्यवस्थाकै विशेषता हो। हामी त्यसबाट जोगिनुपर्छ। भक्तपुर काण्ड जस्ता षड्यन्त्रहरू बारम्बार हुनसक्छन्। यसबारे हामी सचेत हुनैपर्छ।

भन्ने चलन छ– 'शत्रु खोज्न केही गर्नुपर्दैन, मात्र राम्रो काम गरे पुग्छ।' यसलाई पनि मनन् गर्दै नगरपालिकाले जनप्रतिनिधि र कर्मचारीहरू तथा स्थानीय जनताबीच घनिष्ठ सम्बन्ध राख्दै विकास निर्माणदेखि आवश्यक जनहितका कार्यहरू गर्दै आएको छ।

भक्तपुर नगरपालिकाका कर्मचारीहरूले १५ वर्षसम्म जनप्रतिनिधि नहुँदा पनि राम्रो काम गरेर देखाउनुभयो। अहिले भक्तपुर नगरपालिकाले गरेका शिक्षा, स्वास्थ्य, विकास निर्माण र सरसफाई हेर्न देश भरका जनप्रतिनिधिहरू आउनुभएको छ। त्यो सफलता पाउनमा जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय जनताको महत्त्वपूर्ण योगदान छ।

नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले लामो समय भक्तपुर नगरपालिकामा नेतृत्व गर्दै आउनुभएको हो। पार्टीको घोषणापत्रको आधारमा काम गर्दै जाँदाको परिणाम आजको भक्तपुर हो। जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयासले भक्तपुरलाई अझ अगाडि बढाऔं र त्यसैमा हामी सबैको हित छ।

यो राजनैतिक कक्षा पनि हो। इतिहासबाट शिक्षा लिंदै वर्तमानमा अघि बढ्ने हो। हामी त्यही आधारमा अघि बढदैछौं।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं।

# भक्तपुर काण्ड - नेमकिपाको अस्तित्व मेटाउने षड्यन्त्र

निरंकुश पञ्चायत व्यवस्थाको समयमा जनताको सेवा गर्नु अपराध मानिन्थ्यो। नेमकिपाका जनप्रतिनिधि एवं कार्यकर्ताहरूले पञ्चायती सरकारले गरेका हरेक गलत र जनविरोधी कामहरूको विरोध गर्थे। त्यस्ता कुकर्महरू जनतामाझ उदांग्याउने कामहरू नेमकिपाले गर्थ्यो। त्यतिखेर पञ्चायती सरकार षड्यन्त्र र बेइमानीको राजनीति गरेर आफ्नो सत्ता र शक्ति टिकाउने दुस्प्रयासहरू गरिरहन्थे। जसलाई नेमकिपाले विरोध गर्दैरहे र प्रतिकार गर्दैरहे। हरदम यसरी विरोध र प्रतिकार गर्दै जनतालाई सचेत बनाउँदै गइरहने नेमकिपाको अस्तित्व मेटाउन विभिन्न षड्यन्त्र रच्दै गर्दा २०४५ साल भदौ ५ गते नेपालमा भूकम्प गयो र यही समयमा तत्कालीन पञ्चहरूले राहत वितरणको नाउँमा २०४५ साल भदौ ९ गते भक्तपुर-काण्डको षड्यन्त्र रचे।

यस दिन भूकम्प पीडितहरूलाई राहत वितरणमा पक्षपात भएकोले जनता आक्रोशित थिए। त्यसैबेला प्रतिक्रियावादीहरूले पूर्व रा.प.स. कर्णप्रसाद ह्योजुलाई नगर परिक्रमा गराए। यसमा प्रशासन मौन रहे र सोही रात कर्ण ह्योजु मरेको खबरलगत्तै नेमकिपाका नेता कार्यकर्ताहरूको गिरफ्तारी सुरु भयो। तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीसमेत सहभागी त्यस जुलुसले 'रोहितलाई फाँसी दे' जस्ता नारा लगाए। साथसाथै नेमकिपाका ६७ जना नेता तथा कार्यकर्ताहरूलाई ज्यान मुद्दा लगाइयो। यसैबीच धेरै कार्यकर्ता र सर्वसाधारण जनता त्यस काण्डमा पक्राउ परे।

कैयौंले शान्ति सुरक्षाअन्तर्गत महिनौं र वर्षौं जेल जीवन बिताए भने धेरै भूमिगत हुन पर्‍यो। भक्तपुरका सम्पूर्ण जनताले निरंकुश पञ्चायत सरकारबाट दमन सहनुपर्‍यो। यतिमात्र नभई नेमकिपाका अन्य जिल्लाका कार्यकर्ताहरूलाई समेत सरकारले दमन गरेका थिए। यस्तो खालको अत्याचार र क्रुर दमन भक्तपुरवासीहरूले दोस्रोपटक पृथ्वीनारायण शाहले उपत्यका बिजयपछि भोग्नुपरेको थियो।



रजनी जोशी, उपप्रमुख- भनपा

यस्ता अमानवीय घटना र जनताको कष्टकर भोगाईबारे नयाँ पुस्तालाई जनकारी दिनुपर्ने नेमकिपालगायत भक्तपुर नगरपालिकाको ठम्याइ रहेको छ। यी र यस्ता कार्यक्रमहरूबारे जनतालाई सुसूचित गर्ने कामहरू भइरहेका छन् र हुनुपर्दछ। पुराना नेता कार्यकर्ताहरूको अनुभवबाट नयाँ पुस्ताले सिक्दै अघि बढ्नु आजको आवश्यकता हो। यसप्रकारले चिन्तन-मनन गरेर हाम्रा संघ-संस्था र जनतालाई साथ लिएर जान सकेमा मात्र हामी गन्तव्यमा पुग्न सफल हुनेछौं। हामी जनप्रतिनिधि भएर आइसकेपछि पनि यस्ता गतिविधिहरूलाई निरन्तर रूपमा अघि बढाउँदै सबै नेपालीहरू यसबारे सुसूचित हुनु आवश्यक छ। नेमकिपाको विकास निर्माण, सम्पदा संरक्षण, शिक्षा-स्वास्थ्यमा घोषणापत्रअनुरूपको गरिब जनताको पहुँचलाई प्राथमिकता र भक्तपुर नगरलाई शिक्षा, संस्कृति-विज्ञान र प्रविधिको केन्द्रको रूपमा विस्तार गर्दै जाने प्रतिबद्धता जाहेर गर्दछु।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका उपप्रमुख रजनी जोशीद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ।

# गाडीभित्रै निरंकुशताविरुद्ध नारा घन्कायौं

२०४५ भदौ ५ गते बिहान ५:५५ बजे गएको भूकम्पले बढी क्षति पुऱ्याएको जिल्लामा भक्तपुर पनि थियो । तत्कालीन भक्तपुर नगर पञ्चायत का जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता, समाजसेवी, विद्यार्थी, युवा, मजदुर, किसान र सर्वसाधारण जनता क्षतिग्रस्त घर, बाटो, पाटी-पौवाका भग्नावशेष व्यवस्थित गर्न र पुरिएका मानिसहरू खोज्ने काममा साथीहरूसँग व्यस्त थियौँ । एकअर्कालाई सहयोग गर्दै र सहानुभूति पनि दिइरहेका थियौं । जतिबेला हामी त्यसरी जनताको आँसु पुछ्ने काममा व्यस्त थियौं, पञ्चायत र पञ्चायती व्यवस्थाले पालेका पञ्चहरू, गुण्डा र मण्डलेहरू एउटा नयाँ षड्यन्त्र रच्दै गरेका रहेछन् । सर्वसाधारणदेखि राजनैतिक कार्यकर्ताहरूले समेत त्यसबारे सुइँको पाउन सकेनन् ।

तात्कालीन नेपाल मजदुर किसान सङ्गठनलाई समूल नष्ट गर्न पहिलेदेखि षड्यन्त्रको तानाबाना बुन्दै गरेको कुरा 'पञ्चायती युवा सङ्गठन' तथा मण्डलेहरूको नगरकोटमा बैठक बसेको समाचारले पनि पुष्टि गरेको थियो । यसलाई कार्यान्वयनमा ल्याउन मण्डलेहरूले भूकम्पलाई प्रयोग गर्ने उद्देश्यअनुरूप षड्यन्त्र बुनेका रहेछन् । उनीहरूको षड्यन्त्रमा 'बलिको बोका' कर्ण ह्योजूलाई बनाइए ।

२०४५ भदौ ९ गते पढाइ सकाएर काठमाडौंबाट फर्कँदै थिएँ । गोल्मढीका स्थानीय साथी बलराम शिल्पकारले ''हनुमानघाटमा पक्षपातपूर्ण तरिकाले कर्णप्रसाद ह्योजूले क्वाटी वितरण गर्दैछ थाहा पायौ ?'' भनी सोधे । आफूलाई थाहा नभएको सङ्केत गर्दै घरमा किताब कापी राखी केही साथीहरूसँगै त्यतातिर गएँ । अघिल्लो रातमात्र हामीले पीडित साथीहरूको नामावली सङ्कलन गरी साथीहरूमार्फत तत्कालीन नगर पञ्चायत र सीडीओ कार्यालयमा बुझाउने तयार गरेका थियौँ । षड्यन्त्रकारीहरूले कुनै उद्धार समितिमा नभएको कर्णप्रसाद ह्योजूलाई पक्षपातपूर्ण तरिकाबाट राहत वितरणको जिम्मा दिएका रहेछन् । पीडितले राहत पाइरहेका थिएनन् । ह्योजूले भूकम्पले कुनै क्षति नभएका आफ्ना मानिसलाई मात्र हनुमानघाटको सूर्योदय माविमा भूकम्प पीडितहरूको नाममा राहत बाँड्ने काम गर्दै थियो । ऊसँग भएको नामावलीमा पीडितहरूको भन्दा अन्य व्यक्तिहरूको नाम बढी थियो ।

पक्षपात भएको जनताले थाहा पाए । त्यही आक्रोसमा सर्वसाधारण जनताले ह्योजूलाई घेरा हाले । त्यसमा घूसपैठ भएको सर्वसाधारण जनताले सुइँकै पाएनन् ।

सचेत जनताले जोगाउन खोज्दा पनि सरकार मुकदर्शक रह्यो । षड्यन्त्रकारीहरूको षड्यन्त्र जारी रह्यो । घरभित्र सुरक्षित राखिसकेको व्यक्तिलाई फेरि पञ्चायतका मानिसहरूले बाहिर निकाले । उत्तेजित भीड नारा र जुलुससहित अघि बढ्यो । भीडलाई नियन्त्रण गर्नसक्ने स्थिति



उकेश कवां, भनपा वडा नं. ७ वडाअध्यक्ष

हुँदाहुँदै राज्यले नियन्त्रण त के, नियन्त्रणको सामान्य प्रयाससमेत गरेन । जुलुस साकोथा पुगेपछि प्रहरीले ह्योजूलगायत उसको साथमा रहेको उत्तम श्रेष्ठलाई नियन्त्रणमा लियो । जुलुसका सहभागी कुनै पनि व्यक्तिलाई गिरफ्तार गरेन ।

सामान्य पिटाइ खाएको ह्योजूलाई समय छँदै अस्पतालमा पुऱ्याई उपचार गर्नुपर्नेमा राज्यले नै हत्या गरी रातारात का. रोहितसहित पार्टीका नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी राज्यले आतङ्क मच्चायो ।

बिहान पार्टी अध्यक्ष नारायणमान बिजुक्छें, गोविन्द दुवाल, आशाकाजी बासुकला, ज्ञानबहादुर न्याईच्याई, चैत्यराज शाक्यलगायतलाई गिरफ्तार गरिसकेको र बजारमा प्रहरी आतङ्क रहेको खबर लक्ष्मीभक्त कवांले सुनाउनुभयो । सबै साथीहरू षड्यन्त्रकारीहरूबाट सचेत र सुरक्षित रहनुपर्ने बताउनुभयो । त्यहीअनुरूप साथीहरूलाई खबर गरी बजारको स्थिति बुझी घर फर्कें ।

नाति दाइले ''अब हामी घरमा बस्नुहुन्न, षड्यन्त्रकारीहरूको इसारामा जोकोहीलाई पक्रन थालेकोले लुक्नु पर्छ'' भनेपछि साथीहरूलाई लिएर हामी सुरक्षित स्थानतिर गयौं । साथीहरूलाई पनि सुरक्षित हुन आग्रह गरेँ ।

सल्लाहअनुसार साथीहरू धानको खेतमा छरिएर बसेका थियौं । हामीमध्येकै त्यत्तिबेला पार्टी जिम्मेवारीमा रहेका एकजना दाईले महारानीको जन्मदिनको उपलक्ष्यमा शुभकामना सन्देश छाप्ने प्रस्ताव गरे । त्यसमा हामी सहमत हुन सकेनौं । त्यसबेला म विद्यार्थी समितिमा थिएँ । समय काट्न सबैलाई गाह्रो हुँदै थियो । केदार गोसाई र म त्यसबेला नजिकको साथी थियौँ । काठमाडौंका साथीहरूको विषयमा मलाई भन्दा बढी उसलाई थाहा थियो । छलफल गरी राति नै भक्तपुर छोडी काठमाडौं पुग्यौँ ।

काठमाडौंका एक जना साथीको घरमा बसी पत्रपत्रिकामा समाचारहरू पुऱ्याउने काम गऱ्यौँ। 'ज्वाला' पत्रिकाका सम्पादकको घरमा जीवन दाइ पुगेको सूचना हामीले पायौँ। काम गर्दै जाँदा गुप्तचरहरूले थाहा पाउलान् भनी दुई–तीन दिनको फरकमा ठाउँ परिवर्तन गर्दै बस्थ्यौं। हरिगोपाल लागेको कोठामा पुग्दा लक्ष्मीभक्त कवां, श्रीकृष्ण किसीलगायतका साथीहरूसँग भेट भयो। उहाँहरू सबैलाई हरिगोपाल लागेले एउटा गाडीबाट काठमाडौं ल्याएका रहेछन्।

भक्तपुरका जनता एवम् कार्यकर्ताहरू षड्यन्त्रकारीहरूको षड्यन्त्रमा पर्दै गए। बिहान तरकारी बेच्न जाने किसानहरूलाई पनि छाडेका थिएनन्। तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, गृहमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्षलगायतले "...लाई फाँसी दे" नारा लगाउँदै लासमाथि राजनीति गरेर आफ्नो षड्यन्त्र सफल बनाउन लागिपरेको हल्ला हामीले सुन्यौं। त्यसले झन् हाम्रो व्यग्रतालाई अधीर बनाएको थियो। पार्टीको जिम्मेवार एक जना दाईले "यसरी बसेर हुन्न, अब हामीले वकिल र पत्रकारहरूमाझ यथार्थ कुरा पुऱ्याउनुपर्छ। हामी एकै ठाउँमा बस्नु हुन्न। अन्यत्र छरिएर बसौँ" भन्ने कुरा राखेर उहाँ अन्यत्र जानुभयो। हामी दुई–तीन दिन त्यहीं बस्यौं। हरिगोपाललाई भेट्न आउने भक्तपुरका अरु साथीहरूको सङ्ख्या बढ्दै गएकाले हामीले त्यहाँ आफूलाई असुरक्षित महससु गऱ्यौं र साथी रत्न महर्जनले व्यवस्था गरेअनुरूप गोंगबुमा साथीको घरमा गयौँ। त्यहाँ हामी एउटै कोठामा चार जना बस्न थाल्यौँ।

दिन बित्दै थियो; वकिल पत्रकारहरूलाई भेट्ने काम भइरहेको थियो। हामीलाई ज्यान मुद्दा चलाउने षड्यन्त्र यिनीहरूले गर्नसक्ने हुँदा हामी सुरक्षित हुनुपर्ने र वकिलहरूसँग भेटघाट गरी यथास्थिति बताउँदै कानुनी सङ्घर्ष गर्नुपर्नेमा हामीले छलफल गर्दै गयौँ।

भक्तपुरमा भइरहेको घटना हामीले विभिन्न माध्यमबाट सुन्थ्यौं। ताथली र अन्य क्षेत्रमा समेत प्रहरी आतङ्क, ५–६ जनाको गिरफ्तारी, राति घरमा ढोका फोडी आतङ्क, महिला, बालबच्चा, बुढाबुढी, सबैलाई अपमान गरेका आदि समाचारले हामीलाई चिन्तित तुल्याएको थियो।

भूमिगत जीवन बस्ने बानी नभएको, कोठामै कुण्ठित हुनुपर्ने, बेलुकामात्र बाहिर निस्कन पाउने, खानपिनको समस्या आदिले पनि मेरा आँखा पुरै पाकिसकेका थिए। बिहान ७–८ बजेतिर बालाजु बाइपासमा गई आँखामा लगाउने औषधि किनी कोठामा गई आराम गरें। हामी बसेको घरपछाडि मकैबारी थियो। त्यहाँ मकै भाँच्ने नक्कल गर्दै सादा पोशाकका प्रहरीहरूले हाम्रो डेरामा घेरा हालिसकेका रहेछन्। हामीले भाग्ने योजना बनायौं, लक्ष्मीभक्त दाइ नुहाउने बहानामा धारातिर जानुभयो। उहाँ त्यहीं समातिनुभयो। लगत्तै हामी बसेको कोठामा आई हामीलाई पनि हत्कडी लगाई ज्यानमाराहरू भन्दै गाडीमा कोचे। सामाखुसी लैनचौर हुँदै हामीलाई हनुमानढोकाको खोरमा पुऱ्याइयो।

करिब दिनको २ बजिसकेको थियो। भदौ २३ गतेको त्यो घटनापछि जीवनको एउटा ठूलो चुनौतीको सामना गर्ने अठोट गरी अडिग रह्यौँ।

चारै जनालाई अलगअलग कोठामा राखियो। अब उनीहरूको षड्यन्त्रबमोजिम दस्तखत गराई कबुल नगरेमा शारीरिक यातना दिने भए भन्ने अनुमान गरें।

केरकार शाखामा अग्लो र भद्दा बिनाबर्दीको प्रहरीले मसँग प्रश्न गर्न थाल्यो – "ह्योजूको हत्या नारायणमानको निर्देशनमा भएको हो ? हत्या गर्न कसले नेतृत्व गरेको हो ? तिमी पनि उनीहरूको साथमा गएका होइनौ ?" आदि। जवाफमा "म गएको थिइनँ, म विद्यार्थी हुँ, मैले त्यस घटनाको बारेमा जे जति थाहा पाएको छु पत्रपत्रिकाको आधारमा थाहा पाएको हुँ, अरु थाहा छैन" भनें। तिम्रो कोठामा राजनीतिक कार्यकर्ता कसरी भेटिए भन्ने प्रश्नको जवाफमा मैले भनें,"कलेजको परीक्षा नजिकिंदै थियो। भक्तपुरमा बस्न उपयुक्त नभएपछि म कोठा लिएर बसेको हुँ। टोलका साथीहरू भएकोले मसँगै बस्न आउनुभयो। यस्तो अवस्थामा हुन्नँ भन्न नसकेकाले सँगै बसेका हौं। होइन भने तपाईंहरूले ल्याएको किताबहरूबाट स्पष्ट हुन्छ।" "यसलाई यत्तिकै कहाँ हुन्छ, उताको कोठामा लैजाऔं ठीक गरेपछि मात्र हुन्छ" भन्दै तेस्रो तलाको उत्तर–पश्चिम कुनाको कोठामा राखियो।

कोठामा तीनजना बिनाबर्दीका प्रहरीहरू बसिरहेका थिए। तिनीहरूले मेरो हात र खुट्टा बाँधे। मेचभित्र खुट्टा राख्न लगाई यातना दिए। निर्दयीहरूले मलाई कति कुटे कति, भनी साध्य छैन। मेरो आवाज बन्द भयो। मलाई उठाउन प्रयत्न गरे, केही छिन रोकिए। म 'पानी–पानी' भन्दै कराउन थालें। पानी दिनुको सट्टा उफ्रन लगाइयो, खुट्टाले भुइँमा छुनेबित्तिकै करेन्ट लागेझैं गरी दुख्थ्यो। "ल भन्! कसले मार्न लगायो ?" भन्दै तथानाम गाली गर्दै फेरि यातना दिने काम गरे। अँध्यारो हुँदै थियो। "ल आजलाई भयो, तल लैजा" भन्दै खोरमा लैजाँदा मसँग भएको पैसा, कलम, पेटी आदि सबै प्रहरीहरूले खोसेर लिए।

खोरको पहिलो तलाको उत्तर–पूर्वको कोठामा लगे। त्यहाँ नारायणमान दाइ, गोविन्द दाइ, आशाकाजी बासुकला, ज्ञानबहादुर दाइ, चैत्यराज शाक्य र अन्य साथीहरू हुनुहुन्थ्यो। उहाँहरूसँग त्यहाँ भेट भयो। त्यहाँ पार्टी अध्यक्षज्यूले सम्झाउनुभएका वाक्यहरूले मलाई उत्साहित बनायो।

कोठा सार्है सानो थियो। म पुग्नुभन्दा पहिले नै काभ्रेका दुई जना व्यक्तिलाई चोरी मुद्दामा थुनिएको थियो। त्यसमा म थपिन पुगें। उनीहरूले मलाई सहयोग गर्दै "लौ तपाई यहाँ बस्नुस्" भन्दै ठाउँ छोडिदिए। कोठामा उडुस र

लामखुट्टेको राज थियो ।

भित्तातिर हेरें, रगतका टाटाहरू यत्र-तत्र रहेको देखेपछि राति प्रहरी आएर फेरि पिट्ने पो हो कि भन्दै भित्रका साथीसँग बुझ्न खोजें । ''यो सबै हामीले अस्तिदेखि उडुस मारेको दाग हो, कति त मैनबत्तीले जलाउने हो । दिनभरि काम छैन यही हो काम यहाँको ।'' भन्दै तिनीहरूले पाउरोटी दिए । पाउरोटी खान कठिन थियो । तापनि उनीहरूले मलाई खुवाउने प्रयास गरे ।

कुटाइको पीडा र थकानले कुन बेला निद्रा लाग्यो पत्तो पाइनँ । बिउँझिदा ६-७ जना नयाँ बन्दीहरू पनि कोठामा थपिएका रहेछन् । कोठामा अक्सिजनको अभाव थियो । उज्यालो नाममात्रको थियो, दिउँसै अँध्यारो !

भदौ २४ गते कति बजे ब्युउँझिएँ, थाहा भएन । घरबाट खाना ल्याउने कुरै भएन किनकी हामी हनुमानढोका खोरमा छौँ भन्ने कुरा परिवारका कसैलाई थाहा थिएन ।

खोरभित्र पनि सीआइडी राखिएका हुन्छन्, तिनीहरूले हामीसँग कुरा खोतल्ने प्रयास गर्छन् भन्ने विषयमा मलाई सामान्य ज्ञान थियो । त्यसैले बन्दीहरूसँग पनि कुरा गर्न म सतर्क थिएँ । उनीहरू मसँग कुरा गर्न चाहन्थे । ''तिमी त्यसमा सहभागी भए पनि डराउनु पर्दैन'' भनी फकाउँथे । मेरो एउटै जवाफ हुन्थ्यो, ''म त्यसमा सहभागी छैन । षड्यन्त्रमा हामीलाई फसाइयो । म १९ वर्षको भएँ । मलाई फसाएर बीस वर्ष जेलमा राखे पनि म छुट्ने बेला ३९ वर्षको हुनेछु । त्यतिबेला षड्यन्त्रकारीको विरुद्धमा सङ्घर्ष गर्नेछु ।''

दिन काट्न गाह्रो भयो । अन्य बन्दीहरूका साथ उडुस मार्न थालें । कहिलेकाहीं बाघचाल खेल्थें । झ्यालमा उज्यालो आउने गरी सानो कागजको दुलो बनाई छेस्को लगाएका थियौँ । घरिघरि चौकिदार खेल्नमा रोक लगाउन आउँथे । तापनि हामी लुकिछिपी खेल्थ्यौँ । एवम्रितले अँध्यारो कोठामा हाम्रो दिन गुज्रिरहेको थियो ।

दुई-तीन दिनपछि म्याद थपको लागि जिल्ला अदालत भक्तपुर ल्याइयो । त्यसपछि मात्र मेरो गिरफ्तारको जानकारी आमाबुबाले थाहा पाउनुभयो । अनि घरबाट कहिलेकाहीं खाना आउन थाल्यो । नत्र हामी सधैं चौकिदारले नाफा खाएको खाना खान बाध्य हुन्थ्यौँ ।

मुस्किलले ३/४ जना अट्ने सानो कोठामा १०/१२ जनासम्म विभिन्न मुद्दाका व्यक्तिहरू कोचिएका थियौं । कहाँ कसरी सुत्ने हामी सधैं अन्योलमा हुन्थ्यौँ ।

म्याद थपको लागि हामी चार जनालाई भक्तपुर अदालतमा ल्याइयो । म्याद थप गरी पुनः हनुमानढोका खोरमै लगियो ।

१ असोज २०४५ का दिन हामीलाई एक-एक गरी हत्कडी लगाउँदै खोरबाट बाहिर निकालियो । एकछिनपछि पार्टी अध्यक्ष नारायणमान बिजुक्छेंलाई बाहिर ल्याए । उहाँले बाहिर पुग्नेबित्तिकै शनिबारको दिन सरजमिन गर्न नहुने तर्क राख्नुभयो । त्यसो भने तापनि जबरजस्ती हामी सबैलाई गाडीमा कोचे । केही साथीलाई खाना पुऱ्याउन आउने आफन्तहरू देख्यौँ । आज सरजमिन हुने भन्ने जानकारी दिन सबै जोडले करायौँ । गाडीभित्र निरङ्कुशताविरुद्ध नारा घन्कायौँ । सरजमिनको लागि हनुमानघाटस्थित सूर्योदय माविको प्राङ्गणमा पुऱ्याइयो । त्यहाँ धेरै मान्छे जम्मा भइसकेका थिए तर हाम्रा साथीहरू कोही देखिएनन् । मोटरभित्र राखी सरजमिन सुरु गर्न लागेकोमा पार्टी अध्यक्षले सरजमिन गाडीभित्र राखेर होइन खुला आकाशमुनि हुनुपर्नेमा जोड दिनुभयो । उहाँ र गोविन्द दुवाललाई मात्र बाहिर निकाली सरजमिन सुरु गरियो । बाहिर आउँदा लक्ष्मीभक्त दाइलाई प्रहरीले बन्दुकको कुन्दाले हान्यो । पञ्चायतले पालेका मतियारहरूले हाम्रो विरोधमा सरजमिनमा बके । तर सङ्घर्षशील हाम्रा महिला दिदीबहिनीहरूले जबरजस्ती छिरी साँचो कुरा बोले ।

साँझ पऱ्यो । महिला दिदी-बहिनीहरूले आफूले साक्षी बक्न नपाउँदै गाडी फर्किन लागेकोमा गाडी घेरे । पार्टी अध्यक्षले संयमित हुन आग्रह गर्दै बाटो छोड्न सङ्केत गर्नुभयो । त्यसो नभएको खण्डमा पञ्चहरूले फेरि त्यहाँ अर्को दुर्घटना गराउने षड्यन्त्र बुन्ने सम्भावना थियो ।

हामीलाई पुनः हनुमानढोका खोरमा लगियो । त्यहाँ केही दिन राखी भक्तपुरको खोरमा पुऱ्याइयो । त्यहाँ पनि ६-७ जना साथीहरू एकै ठाउँमा बस्यौँ । पछि सुरक्षा कानुनअन्तर्गत् ९ महिना जेलमा राखिने पूर्जी पाएँ ।

भक्तपुर प्रहरी चौकी पनि हनुमानढोका खोरभन्दा फरक थिएन । हामीलाई त्यहाँ पुऱ्याउनुभन्दा केही दिन अगाडि त्यस खोरबाट चोर मुद्दामा संलग्न चार जना अभियुक्तहरू भित्ता फोडी भागेको कुरा सुनेको थिएँ । छिंडीको चिसो एवम् अँध्यारो कोठामा हामीलाई बन्दी बनाइयो । माथिल्लो तलामा प्रहरीको लापरबाहीको कारण पोखिएको फोहोर पानी तपतप चुहिन्थ्यो । त्यसले सुत्ने ओछ्यानसमेत भिजेको हुन्थ्यो । खोरमा रहँदा उत्तम श्रेष्ठ लगायत जासुसहरू प्रहरी चौकीमा आइरहेको हामीले देख्थ्यौँ । त्यसबेला उत्तम श्रेष्ठ अझै पनि षड्यन्त्रमा सक्रिय रहेको थाहा भयो । करिब एक हप्तापछि सबैलाई काठमाडौं सेन्ट्रल जेल चलान गरियो । जेलमा हामीभन्दा पहिले नै धेरै साथीहरूलाई पुऱ्याइसकिएको थियो । पार्टी अध्यक्ष नारायणमान बिजुक्छें, तत्कालीन रा.प.स. गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकला, उपप्रधानपञ्च चैत्यराज शाक्य, पूर्वप्रधानपञ्च ज्ञानबहादुर न्याईच्याईलगायत ज्यान मुद्दामा फसाइएका नौ जना र शान्ति सुरक्षाअन्तर्गतका जयराम बासुकलालगायत चार-पाँच जना साथीहरूलाई सेन्ट्रल जेल पुऱ्याइयो ।

विभिन्न मुद्दामा सजाय भोगेका बन्दीहरूलाई कैदअनुसार चौकिदार, भाइचौकिदार बनाइने रहेछ । तिनीहरूले

नै त्यहाँको काम कारबाही एवम् जेलरको निर्देशनमा काम गर्ने तथा गोप्य कुराहरू पुऱ्याउने गर्दा रहेछन् ।

जेलभित्रै कैदीहरूलाई विभिन्न काम गर्ने व्यवस्था मिलाइएको रहेछ । बन्दीहरूमध्ये हुनेखाने परिवारका छोराछोरी एवम् लागूपदार्थ र अन्य कारणले गिरफ्तार भएका बन्दीहरूको गतिविधि छुट्टैखालको हुँदोरहेछ । उनीहरूले चौकिदार, भाइचौकिदारलगायतका मानिसलाई पैसाले हातमा लिएका हुन्थे ।

मलाई जेलभित्रको पश्चिम-दक्षिणतिरको भवनमा राखियो जहाँ पार्टी अध्यक्ष नारायणमान बिजुक्छेंलाई राखिएको थियो । चैत्यराज शाक्यलगायत अन्य मुद्दामा परेकाहरूसमेत गरी १० /१२ जना एउटै कोठामा रह्यौँ । त्यही कोठामा अर्को मुद्दा झेलिरहेका नगदेशका एक साथी २ वर्षदेखि बन्दी जीवन बिताइरहेका रहेछन् । भक्तपुरको भन्नेबित्तिकै पहिलो दिनमै सबै व्यवस्था मिलाउन उनी सक्रिय भए । उनले एउटै मेसमा खाना खाने प्रस्ताव राखे । हामीले ९ महिनासम्म एउटै मेसमा खाना खायौँ । जेलभित्र पार्टी अध्यक्षको सामिप्यमा रहेर नयाँ अनुभव र उत्साह प्राप्त भयो ।

साथीहरूलाई कसरी जोगाउने, बाहिर कसरी सूचना पुऱ्याउने, बाहिरबाट कसरी सूचना सङ्कलन गर्नेआदिमा उहाँ चलाखीपूर्ण तरिकाले काम गर्नुहुन्थ्यो । त्यस्तै जेलभित्र र बाहिरका साथीहरूलाई मानसिकरूपमा स्वस्थ राख्न उत्साहित गर्ने, खेलकुदमा लाग्न अभिप्रेरित गर्नुका साथै अध्ययनमा जोड दिलाउन उहाँ सक्रिय हुनुहुन्थ्यो । उहाँ रातको १/२ बजेसम्म अध्ययन गर्नुहुन्थ्यो भने लेखनमा पनि त्यत्तिकै व्यस्त रहनुहुन्थ्यो । अन्य मुद्दा झेलिरहेका व्यक्तिहरूसँग पनि कुशलतापूर्वक काम लिनुहुन्थ्यो । साहित्य गोष्ठी, सांस्कृतिक कार्यक्रम गर्नसमेत उत्साहित गर्नुहुन्थ्यो । अन्य बन्दीहरूसँग व्यवहार गर्ने तरिका र कुरा गर्ने शैली आदिबारे उहाँले हामीलाई प्रशिक्षित गर्नुहुन्थ्यो । त्यही जेलभित्र गाईजात्राको घिन्ताङघिसि, रामशेखर नकर्मीको '१२ बजे' नाटकसमेत प्रदर्शनी भयो । त्यस्ता गतिविधिका कारण सबै बन्दीहरूले हामीप्रति सहानुभूति देखाउन थाले । हामीले गर्दा ०४२ सालको बम काण्डमा थुनिएकाहरूलाई समेत सहज व्यवहार हुनथाल्यो । मैले कलेज र विद्यालयमा झैं अध्ययन गर्ने अवसर पाएँ । जेलभित्रै गितार बजाउन सिकेँ । नयाँ–नयाँ खेल खेल्न सिकेँ ।

अन्य बन्दीहरू हाम्रा साथीहरूले गरेको व्यवहारबाट अचम्म मान्थे । जेलबाहिरबाट ल्याएको तरकारी, भोजका परिकार र अन्य खानेकुरा बाँडचुँड गरी खाने व्यवहारले पनि जिल्ल पर्थे ।

जेलभित्रको दिनचर्याले हामीलाई खोरमा र बाहिर बसेका साथीहरूको तुलनामा मानसिक र शारीरिकरूपमा त्यति पीडित हुन परेन ।

जेलभित्र रहँदा साथीहरू खासै भेट्न आएको महसुस गर्न पाइनँ किनभने साथीहरू आफै सुरक्षित हुनुपर्ने अवस्था थियो । एक दिन बुबा एकाबिहानै भेट्न आउनुभयो । बुबाको व्यवहार तथा साथीहरूसँग मिलेर बस्ने उहाँको स्वभाव, बेलुका भएपछि शान्त वातावरणमा नेवारी लोकभाकाका गीतहरू गाइरहने तथा विभिन्न सांस्कृतिक पर्वमा अबेलासम्म पनि अवलोकन गर्ने स्वभाव, परेवा उडाउने सोख आदिले जतिसुकै काम गर्दा पनि उहाँ कहिल्यै नथाक्ने मान्छेजस्तो लाग्थ्यो । तर जब उहाँले मलाई देख्नुभयो, आँखाबाट आँसु झार्नुभयो । ''चिन्ता नलिन् । केही समस्या छ भने भन्न् ।'' भनी भारी मनले सम्झाउनुभयो । त्यसपछि अरु केही बोल्न सक्नुभएन र उहाँ फर्कनुभयो । त्यसले बुबाआमाको छोराछोरीमाथि कति माया हुँदोरहेछ भन्ने बुझ्न मलाई गाऱ्हो भएन ।

जेलभित्र एउटा छुट्टै संसारमा बसेको अनुभव, बाहिर साथीहरू सक्रियतापूर्वक राज्यविरुद्ध लागिरहेको विश्वास, हामीलाई प्रशिक्षित गर्ने अग्रजहरूले सङ्गठनलाई बलियो बनारहनुभएको होला भन्ने आशाले बन्दी जीवन बिताइरहेका हामी जेलबाट छुट्दा साथीहरू को कहाँ छन् भन्ने बुझ्न गाऱ्हो भयो । विचारले परिपक्व देखिएका कतिपय साथीहरूको व्यवहारले उनीहरू पार्टीबाट टाढा भइसकेको अनुभव मैले गरेँ । पार्टी समितिमा सक्रिय देखिएका अग्रजहरू आ-आफ्नो सुरक्षाका लागि शत्रुसँग नजिकिरहेको देखेँ । तत्कालीन अञ्चलाधीशका मान्छे बासु पासाजस्ता व्यक्तिसँग तास खेल्न हुन्न भन्ने अग्रजहरू नै आफ्नो बैठक कोठामा बोलाई तास खेलिरहेको, उनीहरूसँगै लहसिएर रक्सी पिउँदै, उनीहरूसँगै उठबस गर्दै गरेको देखें । समाजवादी व्यवस्था ल्याउने उद्देश्यले पार्टीमा लागेका कतिपय व्यक्तिहरू एउटा हावाको झोंकाले नै हल्लिएर वा आँत्तिएर काँतर बने जनविरोधीहरूका सामु लम्पसार परे ।

यसरी पार्टीका कार्यकर्ताहरूलाई षड्यन्त्रपूर्ण तरिकाले फसाउन, डरत्रास देखाउन, लोभलालचमा फसाई कार्यकर्ताहरूमा फुट ल्याउन, अत्याचारविरुद्धका आवाज बन्द गराउन, शत्रुहरू (राज्य) पूर्णरूपमा नेपाल मजदुर किसान पार्टी (तत्कालीन नेमकिसं)लाई समूलरूपमा नष्ट गर्न लागिपरेको हो भन्नेबारे कुनै दुविधा रहेन । जेलका साथीहरूलाई भेट्ने, आवश्यक सुझाव दिने र लिने कामसँगै ०४६ सालको आन्दोलनमा सक्दो भूमिका निर्वाह गरेँ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा षड्यन्त्रकारीहरू आज पनि सक्रिय नै छन् । प्रजातन्त्र वा गणतन्त्र जे आए पनि जनताको व्यवस्था नआएसम्म विभिन्न रूपमा त्यस्ता षड्यन्त्रकारीहरू सक्रिय भइरहने कुरामा हामी सचेत छौँ ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*

# पञ्चायती षडयन्त्रका तेइस महिना

तीस वर्ष बितिसकेछ । तर २०४५ साल भदौको घटना आज पनि मनस्पटलमा उत्तिकै ताजा भएर बसिरहेको छ । समय जति घर्के पनि स्मृति उत्तिकै ताजा रहने, जति सुनाउँदा पनि नसकिने, जति सुन्दा पनि नसकिने ।

२०४५ साल भदौ ५ गते घाम राम्ररी झुल्किन नपाउँदा अचानक भूकम्प आयो । मानिसहरू निद्राबाट राम्ररी ब्युँझी पनि सकेका थिएनन् । भूकम्पले भक्तपुरका धेरै घरमा क्षति पुर्‍यायो । धेरै घर भत्के । धेरै मानिस मारिए । त्यत्तिबेला पनि भक्तपुर नगरपञ्चायतमा तात्कालीन नेपाल मजदुर किसान संगठनका प्रतिनिधिहरूको बहुमत थियो । जनताको सेवा गर्ने मूल लक्ष्यका साथ निर्वाचित भएका जनप्रतिनिधिहरूले जनताको दुःखको समयमा जनतालाई सहयोगको हात अघि बढाउने निर्णय गरे । भूकम्पबाट गास, बास र कपासबाट बञ्चित बनेका नगरवासीलाई राहत वितरण गर्ने निर्णय गरे र सोअनुसार भूकम्प पीडित जनतालाई राहत वितरण पनि गरियो । तर सिंहदरबारको सरकारले भने अझै केही गर्न सकेको थिएन । नगरपञ्चायतले आफूभन्दा चाँडो राहत वितरण गर्दा भने सिंहदरबारको सरकारको मनमा चिसो पस्यो । त्यसै त भक्तपुर नगरपञ्चायतमा नेमकिसंको विजयले पञ्चायती व्यवस्था र पञ्चहरूलाई औडाहा भइरहेको थियो । पञ्चायतको चुनावमा पञ्चायतविरोधी जित्ने अनि पञ्चायतको नाममा पञ्चायतको जर काट्ने काम भक्तपुर नगरपञ्चायतमा भइरहेको हुनाले पञ्चहरूलाई सही नसक्नु भएको थियो ।

के निहुँ पाऊँ, कनिका बोकाऊँ भनेर मौका कुरिबसेका पञ्चहरूले भूकम्पको मौकामा चौका हान्न जालसाझी गरे ।

भूकम्प पीडितलाई राहत वितरण गर्न भनेर पञ्चायती व्यवस्थाले तात्कालीन समयमा कुनै औपचारिक जिम्मेवारीमा नभएका कर्णप्रसाद ह्योजुलाई जिम्मा दिइयो । तर ह्योजुको हातमा रहेको राहत पाउनेको नामावलीमा भूकम्पले वास्तवमा पीडित बनेका जनताको नाम थिएन । बरु भूकम्पले खासै क्षति नभएका ह्योजुका आफ्ना नजिक र वरपरका मानिसका नाममात्र थिए । भूकम्पले के खाऊँ र कहाँ बसुँ भइरहेका जनतालाई राहत वितरणमा उसले गरेको पक्षपात सह्य भएन । त्यस्तो अवस्थामा जनता आक्रोशमा आउनु स्वाभाविक थियो । ह्योजूले राजनीतिक पूर्वाग्रह पालेर राहत वितरण गरेका थिए ।

पीडित जनताले त्यही आक्रोशमा ह्योजुलाई जुत्ताको माला लगाएर बजार घुमाउन लागेका थिए । पञ्चहरूले त्यही मौकामा आउने जाल फैलाउने काम गरे । भीडमा पञ्चायतका मतियारहरूले घुसपैठ गरेका थिए । तिनै घुसपैठ गरेका पञ्चायतका गुण्डाहरूले ह्योजुमाथि कुटपिट गरे । अनियन्त्रित भीडमा ह्योजुलाई सुरक्षा दिन नेमकिसं समर्थक केही कार्यकर्ताले प्रयास गरेका थिए । तर प्रहरी प्रशासनसमेत मुकदर्शक बनेको त्यो अनियन्त्रित भीडमा ह्योजूमाथि कुटपिट भयो । गोलमढी पुग्दा ह्योजुलाई प्रहरीको भ्यानमा राखिसकेको थियो । तर भ्यानभित्र बसेका प्रहरीले ह्योजुलाई भ्यानबाट निकालेका थिए । यसप्रकार भ्यानभित्र पसिसकेको व्यक्तिलाई फेरि निकालिनुले पनि यो घटना नियोजित षड्यन्त्र भएको पुष्टि गर्दछ । प्रहरीले पूर्व राष्ट्रिय पञ्चायत सदस्य जस्तो व्यक्तिलाई सुरक्षा गर्नुपर्नेमा उल्टो भ्यानबाट निकाल्नुले



कृष्णभक्त लवजू, पूर्ववडाध्यक्ष

ह्योजुको नाममा षड्यन्त्र भइरहेको त्यहीबाट छनक पाउन सकिन्छ ।

साकोठा पुगेपछि ह्योजु आफै प्रहरीको गाडीमा बसेर गएका थिए । तर त्यसरी आफै गाडीमा गएर बसेको व्यक्तिलाई मध्यरातमा मरेको भन्दै तात्कालीन नेमकिसंका नेता तथा कार्यकर्तामाथि त्यही रात व्यापक धरपक्कड सुरु गरियो । ह्योजुलाई बजार घुमाइएको जानकारीसमेत नभएका कार्यकर्ताहरूलाई पनि प्रहरीले गिरफ्तार गरी निर्ममतापूर्वक यातना दिइयो ।

त्यत्तिबेला म भक्तपुर नगरपञ्चायतको कर्मचारी थिएँ । भूकम्पपछिका दिनहरू हामी पनि नगरपञ्चायतको राहत वितरण कार्यमा लागिपरेका थियौं । ह्योजूलाई बजार घुमाइँदा मलगायत नगरपञ्चायतका कर्मचारी कार्यालयमै थियौं ।

## गिरफ्तारी र यातना

म नगरपञ्चायत कार्यालयमा आफ्नो नियमित काम गर्दै थिएँ । सादा पोशाकमा केही प्रहरीहरू कार्यकक्षभित्र आए ।

'कृष्णभक्त लवजू भन्ने व्यक्ति को हो ?' उनीहरूमध्ये एक जनाले सोध्यो । 'म हुँ ।', मैले भनें ।

'तपाईलाई डीएसपी कार्यालयमा बोलाएको छ । जानुपर्‍यो ।', प्रहरीले भन्यो ।

अब मलाई पनि गिरफ्तार गर्ने भयो भन्ने मनमा लाग्यो । बाहिर हेर्दा प्रहरी पोशाकमा अरु प्रहरी पनि देखें । म कोठाबाट बाहिर निस्कें । चोकमा अरु बीस पच्चिस जना प्रहरी बसेका रहेछन् । मलाई डीएसपी कार्यालय लगियो । अर्जुनजङ्ग शाही त्यत्तिबेला इन्स्पेक्टर थिए । मलाई देख्ने बित्तिकै शाही कराए,'ह्योजुलाई कुट्ने एकजना मान्छे बल्ल समातियो ।

'त्यस्तो गलत आरोप नलगाउनुस् । म नगरपञ्चायतको कर्मचारी, भूकम्प पीडितलाई राहत वितरणमा लागिरहेको हुँ । ह्योजुलाई मैले पिटेको कुरा गलत हो ।', मैले भनें ।

'हामीलाई थाहा छ ।' भन्दै शाहीले 'ज्यापु', 'ज्यानमारा' जस्ता शब्दले गाली–गलौज गर्न थाले । बिहान ११:०० बजे मलाई डीएसपी कार्यालय लगिएको थियो । बेलुकी पाँच बजेसम्म लगातार शारीरिक यातना दिइरहे । लडाउँथे, जथाभावी पिट्थे, फेरि उठाउँथे, फेरि पिट्थे, फेरि लडाउँथे, अझ पिट्थे । यो क्रम लगातार चलिरह्यो ।

'भन ज्यापु, ह्योजुलाई मारेको हो कि होइन ?' भन्थे ।

'म कार्यालयमा काम गरिरहेको मान्छेले कसरी कसैलाई पिट्न सक्छु ! हयोजुलाई बजारमा घुमाएको दिन पाँच बजेसम्म कार्यालयमा थिएँ ।' म भन्थें ।

'झुट बोल्छस् ।' भन्दै फेरि पिटाई सुरु भइहाल्थ्यो ।

अब यसलाई करेन्ट नलगाई भएन भनेर मलाई माथिल्लो तल्लोमा लगियो । त्यहाँ करेन्ट लगाउने भनेर करेन्ट भएको तार जुधाएर तर्साउन थाले । त्यहाँ मसँगै अर्को एकजना साथी पनि हुनुहुन्थ्यो । विश्वराम प्रजापति । उहाँ बागीश्वरी माविका शिक्षक हुनुहुन्छ । उहाँका हरेक औंलामा पाँच पाँचवटा आल्पिन घुसाइएको देखें । त्यो दृश्य देख्दा मेरो मनमा पनि चिसो पस्यो । मलाई पनि करेन्ट लगाउने भयो भन्ने मनमा लाग्यो ।

एकजना प्रहरीले कि त यसलाई करेन्ट लगाउने नभए गुप्ताङ्गमा खुर्सानीको धुलो कोच्ने भनी तर्साउन थाल्यो । यसरी लगातार यातना दिइरहे । बेलुका आठ बजे विश्वराम प्रजापति सर र मलाई अर्को यातना सुरु गरे । छियाछिया पारेर काटेको काठको मुढा लहरै लडाइराखेका थिए । दिनभरको यातनाले मेरा पाइताला पुरै निलो भइसकेको थियो । पाइताला पुरै सुन्निसकेको थियो । त्यस्तो अवस्थामा काठको मुढामा मलाई यताबाट उता घोक्राउने, विश्वराममलाई उताबाट यता घोक्राउने । दिनभरिको यातनाभन्दा त्यो क्षण निकै पीडादायी महसुस भयो । मलाई त बरु मर्न सजिलो होला जस्तो भान पर्‍यो । त्यो क्षण मलाई कहिल्यै भुल्न नसकिने पीडा भएको थियो ।

हामीलाई यसरी लगातार मरणासन्न हुने गरी कुटपिट गरिसकेपछि, हामी उठ्नै नसक्ने अवस्थामा हामीलाई अरु साथीहरू राखिएको कोठामा लगियो । त्यहाँ आठ–दसजना साथीहरू हुनुहुन्थ्यो ।

दुई–चारजना साथीहरूलाई माथि बोलाउने अनि यातना दिने क्रम लगातार केही दिन चलिरहयो ।

एकदिन एसएसपी हामीलाई राखिएको ठाउँमा आए । उनले हामीमाथि जथाभावी गालीको वर्षा गर्न थाले । हामीलाई हयोजुको हत्यारा भन्ने झुटो आरोप लगाइरहे । त्यसको हामीले प्रतिवाद गर्‍यौं । एसएसपीसँग जवालसवाल गर्‍यो भनेर भक्तपुरको डीएसपीले फेरि यातना कक्षमा लगेर यातना दिइयो । डीएसपीले कानमा झ्याम्म हान्दा मेरो कानको जाली नै फुट्यो कि जस्तो अनुभव भयो । फेरि फेरि पनि 'कृष्णभक्त लवजू माथि आउने' भन्दै माथि लाँदै यातना दिने क्रम लगातार गरिरहे ।

'हयोजुलाई पिटेको हो भनी सही गर ।' भन्दै लगातार यातना दिइरहे । तर अन्तिम समयसम्म म आफ्नो अडानबाट पछि हटिनँ । 'म कार्यालयमा काम गरिरहेको कर्मचारी । म कसरी कसैलाई पिट्दै हिंड्छु ।'

अन्तिममा प्रहरीले भन्यो,'त्यसो भए जसरी पनि पाँच जना मानिसको नाम भन्नै पर्छ ।'

'मलाई मेरो परिवारको नाममात्र थाहा छ ।', भन्दै मेरो परिवारका सदस्यको नाम भनें ।

मेरो कुरा सुनेर रिसले आगो भएका प्रहरीले 'यो त मात्तेकै ज्याप् रहेछ' भन्दै फेरि यातना शुरु भयो । मैले आफ्नो अडान भने छोडिनँ ।

प्रहरीले गिरफ्तार गरेका कति व्यक्तिलाई केही पनि थाहा थिएन । काठमाडौंमा काँक्रो बेच्न गएका सर्वसाधारणलाई पनि समाएर ल्याइएको थियो । कति त पढेलेखेका पनि थिएनन् । उनीहरूलाई बयान लिंदै कागजमा सही गराउँथ्यो । मलाई पनि त्यसरी नै सही गराउने प्रयास गरे । मलाई सही गर भन्दा मैले 'कागजमा के लेखिएको छ पहिले सुनाउनुपर्‍यो' भन्दा 'अरु कसैलाई के लेखिएको सुनाउन नपर्ने, यो ज्यापुलाई सुनाउनुपर्ने' भन्दै फेरि कुटपिट सुरु गर्थे ।

'तँ कर्मचारी भएर बढ्ता भएको ?', प्रहरी रिसले बोल्थ्यो । 'मलाई त्यहाँ के लेखिएको त थाहा हुनुपर्‍यो नि ।' म भन्थें ।

त्यहीबेला एकजना प्रहरी (सम्भवतः कुनै खेल खेलिरहेको प्रहरी हुनुपर्दछ) ले मेरो पेटमा निर्ममतापूर्वक एक लात हाने । म रन्थनिएर ढलें । अनि जबरजस्ती बेहोसीमै मलाई कागजमा औंठाछाप लगाउन लगाए ।

हामी कैदीहरूलाई पिसाब र दिसा पनि गर्न दिइँदैनथ्यो । बेलुका पिसाब फेर्ने समयपछि रातभर पिसाब फेर्न बाहिर लान मान्दैनथे । त्यस्तो समस्या भएपछि साथीहरूबीच सल्लाह भयो–के गर्ने ?

हामीलाई खाना पुर्‍याउन आउने परिवारका सदस्यलाई प्लास्टिकको झोला ल्याउन आग्रह गर्‍यौं । त्यही झोलालाई रातको समयमा पिसाब फेर्न उपयोग गर्‍यौं । राति जम्मा भएको पिसाब बिहान हामी शौचालयमा फाल्न लान्थ्यौं ।

हामी कोठामा बसेका जति सबैलाई हठकडी लगाएर सिक्रीले बाँध्थे । अनि त्यो सबै सिक्रीलाई त्यहीं एउटा डण्डीमा बाँध्थ्यो । त्यसले गर्दा कोही एक जनालाई पिसाब लागे सबै जना अनिवार्य रूपमा उठ्नैपर्ने बनाइदिएको थियो ।

हामीलाई राखिएको कोठाभन्दा माथि प्रहरीहरूको भन्छा थियो । उनीहरू भान्छाको जुठो पानी बाहिर फाल्दैनथे । पूरै हामीलाई राखिएको कोठामा पर्ने गरी फाल्थे । अति भए पछि हामीले प्रहरीलाई पानी नफाल्न आग्रह गर्‍यौं । जवाफमा प्रहरीले भन्थे,'तिमीहरूलाई पानी नपठाई पिसाब पठाउने !'

केही दिन पछि २०४६ साल असोज १ गते शनिबार दिन सर्जमिन गर्न भनी हामीलाई भक्तपुर हनुमानघाटको सुर्योदय मावि लगियो । एक त सर्जमिन शनिबार बिदाको दिन गर्नु नै प्रहरी प्रशासनको षड्यन्त्र थियो । अर्को सर्जमिन एकतर्फी भएको थियो । बाहिरका धेरै साथीहरूको विरोधकै कारण एक–दुई जना साथीहरूलाई मात्र हाम्रो पक्षमा सर्जमिन बक्न दिइएको थियो ।

गाडीभित्र राखिएका हामी सबैले विरोधस्वरूप नाराबाजी गर्‍यौं । त्यसरी नाराबाजी गरेको भन्दै केही साथीहरूलाई हिरासतमा प्रहरीले पिटेका थिए ।

दुई चार दिनपछि केही साथीहरूलाई शान्ति सुरक्षा ऐनअनुसार जेल चलान गरिएको थियो भने मुद्दामा परेका साथीहरूलाई काठमाण्डौ हनुमानढोका खोर पठाइएको थियो ।

विश्वराम कवां र मलाई एउटै कोठामा हनुमानढोका खोरमा राखिएको थियो । हामीलाई राखिएको कोठा दिउँसै अँध्यारो थियो । उडुसले टोकेर रातभरि सुत्न पाउँदैनथ्यौं । कोठाको भित्तैभरि उडुस मारिएको रगतको टाटा मात्र थियो । दिनभरिको हाम्रो काम नै उडुस मार्ने हुन्थ्यो । दिनभरि उडुस मार्‍यो, राति फेरि उत्तिकै उडुसले सताउँथ्यो ।

हामीलाई राखिएको कोठामा बेलुकी हुन थालेपछि प्रहरीले

समाएर ल्याएका जड्याहाहरूलाई हुल्थ्यो । मातेका जड्याहाहरू रातभरि हल्ला गर्थे । सुत्नै पाउँदैनथ्यौं ।

मनमा लाग्थ्यो, हिरासतमै यस्तो छ, जेलमा गएपछि झन् कति सास्ती हुने होला । एकजना अर्कै मुद्दा परेको मान्छेलाई मैले सोधें,'दाई हिरासतमै यस्तो समस्या छ । जेलमा त झन् कस्तो दुःख हुने होला है !'

उनले भने,'ए भाई, यहाँ मात्र यस्तो हो । जेलमा त कहाँ यस्तो हुन्छ । जेलमा त खेल्ने, घुम्ने बन्दोबस्त हुन्छ । आनन्द हुन्छ ।'

## सेन्ट्रल जेल

जेलमा लगिए पछि पनि अरु कैदीलाई एक थरीको व्यवहार र भक्तपुर काण्डका कैदीलाई अर्को व्यवहार भएको महसुस हुन्थ्यो । पत्रपत्रिकामा संयोगवश भक्तपुरको कुनै समाचार आयो भने त्यो समाचार जति काटेरमात्र पत्रपत्रिका भित्र पठाइन्थ्यो । हामीलाई भने भक्तपुरको समाचार सुन्ने व्यग्र इच्छा हुन्थ्यो । सेन्ट्रल जेलमा नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेंलगायत पार्टीका अरु नेता कार्यकर्ता पनि हुनुहुन्थ्यो । जेलभित्र प्रतिकूल परिस्थितिमा पनि हामी चुप लागेर बसेनौं । नारायणमान दाई हामीलाई कुनै कुनै रचनात्मक काम गर्न उत्साहित गरिरहनुहुन्थ्यो । एक्लै बस्दा मनमा अनेक कुरा खेल्छ भन्दै उहाँ हामीलाई कहिले पुस्तकालयमा लिएर जानुहुन्थ्यो, कहिले टेबलटेनिस खेल्नुहुन्थ्यो । उहाँसँग जेलभित्र टेबुलटेनिस खेलेको म सधैं सम्झिरहन्छु ।

कारागारभित्रै भक्तपुर काण्डमा परेका हामी सबै मिलेर गाईजात्रा मनायौं । घिन्ताङघिसी कार्यक्रम आयोजना भयो । दसैंको अवसरमा केन्द्रीय कारागारमा साहित्यकार रामशेखर नकर्मीले लेख्नुभएको 'खा हाल:' (भाले बास्यो !) नाटक प्रदर्शन गरिएको थियो । अरु कैदीहरू हाम्रो गतिविधि देखेर चकित पर्थे । त्यस्ता धेरै गतिविधि हुन थालेपछि नारायणमान दाईलाई नख्खु जेलमा सरुवा गरिएको थियो ।

जेलमा स्व. आशाकाजी बासुकला पनि हामीसँगै हुनुहुन्थ्यो । हामी कहिलेकाहीं सोध्थ्यौं,'आशाकाजी दाई हामीलाई यहाँ जेलमा कति समय राख्ने होला ?'

'बढी राखे यो सरकारले छ महिना राख्ने हो ।', उहाँ भन्नुहुन्थ्यो । छ महिना नाघिसकेपछि हामी फेरि सोध्थ्यौं,'छ महिना त नाघ्यो नि आशाकाजी दाई । अब कति राख्छ ?'

उहाँ भन्नुहुन्थ्यो,'बढी राखे एक वर्ष राख्ने हो । कति राख्छ र त्योभन्दा बढी ?'

एक वर्ष नाघिसके पछि फेरि सोध्यौं,'दाई एक वर्ष त बित्यो । कति समय राख्ने होला ?'

उहाँले भन्नुभयो, 'बढी राखे पाँच वर्ष राख्ने हो । त्योभन्दा बढी त राख्दैन ।' यसरी हामीलाई उहाँले उत्साहित गरिरहनुहुन्थ्यो । 'जति समयसम्म हामीलाई यहाँ जेलामा राख्छ, त्यत्तिबेलासम्म यो पञ्चायतको लागि घाँटीमा अड्केको हड्डी जस्तै हुन्छ ।', उहाँ हामीलाई सम्झाउनुहुन्थ्यो ।

## परिवार

हामीमात्र सामाजिक र राजनीतिक गतिविधिप्रति सचेत र जानकार भएर नहुने कुरा यो काण्डबाट हामीले सिक्न जरुरी छ । त्यो काण्डको समयमा जानकारी नभएकै कारण मेरो श्रीमतीले पनि धेरै दुःख भोग्नुपरेको थियो । उनी निरक्षर थिइन् । नेपाली भाषा पनि बोल्न आउँदैनथ्यो । जेलबाट फर्केर उनको कुरा सुन्दा मैले पिटाई खाएको भन्दा उनले अनपढ भएकै कारण पाएको दुःख धेरै गहिरो भएको अनुभव भयो ।

एकदिन श्रीमती (कृष्णमाया लवजू) हनुमानढोकामा मलाई खाना पुर्‍याउन आएकी थिइन् । इन्द्रजात्राको दिन परेछ । इन्द्रजात्रा भएकोले हनुमानढोका जाने सबैतिर बाटा बन्द गरिएको रहेछ । श्रीमानलाई मायाले कुखुराको मासु लिएर आएकी रहिछन् । हुँदाहुँदै रात परेछ । वरपर झिलीमिली बत्ती बल्न थालेपछि उनले बाटो फर्किने बाटो पहिल्याउन जानिनँ । उनले हनुमानढोकाबाट रत्नपार्कसम्म पनि आउन जानिनन् । बल्ल बल्ल रत्नपार्क आइपुग्दा भक्तपुर आउने सबै मिनिबस गइसकेको रहेछ । त्यहाँ गाडीका खसालीहरूलाई उनले अनुनय गरिछन् । 'घरमा बच्चा छ । भक्तपुर जाने गाडीसम्म मलाई पुर्‍याइदिनुपर्‍यो ।' उनले भनिछन् ।

'कहाँ गएर आएकी ?' खलासीहरूले सोधे ।

लपनछप्पन नजान्ने उनले साँचो कुरा भनिछन्,'हनुमानढोकामा श्रीमानलाई भेट्न गएकी ।'

खलासीहरू भनेछ,'ए यो ह्योजू मार्ने ज्यानमाराकी श्रीमती रहिछन् । लोग्ने जेलमा परेछ, अब यसलाई जसले लगे पनि भयो ।' कस्तो भयो होला त्यो बेला यस्तो शब्द !

उनी अलमल परिछिन् ।

त्यहीबेला भक्तपुरका दुईजना चिनेका मानिसहरू भेट भएछ । श्रीमतीले 'हजुरहरू कहाँ जानुहुन्छ ? भक्तपुर जाने हो भने म पनि सँगै जान्छु । गाडी पनि सकिएछ । घरमा दुध खुवाउनुपर्ने छोरा छ ।'

तर ती चिनेजानेका मानिसहरूसमेत नबोली आफ्नो बाटो लागेका रहेछन् । उनले रातभरि खुलामञ्चको चौरको बीचमै रात काट्ने विचार गरिछिन् । चौरको बीचमा भए सुरक्षित हुने उनको अनुमान रहेछ । संयोगले श्रीमतीको माइतीघरतिरको एक जना बज्यैसँगै भेट भएछ ।

हतार-हतार उनी बज्यैको साथ लागिछन् । त्यहीबेला ठिमीसम्म जाने मिनिबसमा भेटिएछ । त्यही मिनिबसमा बसेर दुवै जना ठिमीसम्म आएछन् । ठिमीमा मिनिबसबाट ओर्लेर ट्रलीबस चढेछन् । ट्रलीबसमा त्यही अघि नबोली जाने दुई जना चिनाजानकै श्रीमान श्रीमती बसिरहेको देखिछिन् । त्यो घटना हुनुअघि सधैं औषधि किन्न जाने उनीहरूको पसलमा त्यसउपरान्त कहिल्यै केही किन्न गइनन् । सङ्कटको समयमा साथी र शत्रु चिनिन्छ भन्ने कुरा यो घटनाबाट थाहा हुन्छ । भक्तपुर काण्डको समयमा जेलबाहिर बसेका सबै कार्यकर्ता र परिवारका सदस्यले भोग्नुपरेको मानसिक यातनाको यो उदाहरणमात्र हो ।

## रिहाई

हिरासतमा जस्तो जेलमा शारीरिक यातना भोग्नुपरेन । झण्डै २३ महिनाको जेलजीवनपश्चात हामी सबै रिहा भयौं । बहुदलीय व्यवस्था स्थापनाको आन्दोलनको सफलतासँगै हामीलाई रिहा गरिएको थियो ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका पूर्ववडाध्यक्ष कृष्णभक्त लवजूद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*

# हत्याराहरू भन्दै लात्तै लात हान्थ्यो

भक्तपुर काण्ड घटेको करिब ३० वर्ष भयो। भदौ ५ गते बिहान करिब ४ बजेर ५५ मिनेटमा आएको भूकम्पबाट धेरै धनजनको क्षति भयो। भूकम्प आएकै दिन सबै टोलवासीहरू आफ्नो वडा र अन्य वडामा समेत के-कति घर क्षति भए र को-को व्यक्तिहरू घरले पुरेर मरे भनी निरीक्षण तथा जानकारी लिन थालियो।

त्यही दिन म बिहान १० बजे भक्तपुर नगर पञ्चायतमा हाजिर भएर जनप्रतिनिधिहरूको आदेशअनुसार विभिन्न वडा तथा टोल-टोलमा सबै कर्मचारीहरू घर भत्केको निरीक्षण गर्दै क्षति संकलन गर्न थाले। भनपाको बोर्ड बैठकबाट भूकम्प पीडित कोष राख्ने र भूकम्प पीडितहरूलाई राहत वितरण गर्ने भनी निर्णय भयो। सोहीअनुसार विभिन्न टोलका भूकम्प पीडितहरूलाई राहत वितरण तथा क्षति भएको घरको तथ्याङ्क संकलन गर्दै थिए।

भदौ ९ गते दिउँसो २-३ बजेतिर कर्ण ह्योजु र अन्य प्रशासनको मिलेमतोमा घर नभत्केकोलाई अनियमित रूपमा राहत सामग्री वितरण गरेको हुँदा वास्तविक पीडितहरूले ह्योजुलाई बजार घुमाउँदैछ भनी हल्ला चल्यो। म अफिस छुट्टि भएर घर फर्कंदै गर्दा सुकुलढोकामा दुई जना व्यक्ति (कर्ण ह्योजु र उत्तमकुमार श्रेष्ठ) लाई नचिनेका केही व्यक्तिहरूले घेरेर बाटोमा हिंड्दै गरेको अवस्थामा देखे। साकोठामा पुगेपछि पुलिसको भ्यान ल्याएर तिनीहरू दुई जनालाई सकुसल भ्यानमा राखेर लगे।

भोलिपल्ट बिहानै उठेर बाहिर जाँदा टोलमा फलाना-फलानालाई राती घेरा हालेर पुलिसले समातेर लग्यो भन्ने हल्ला भइरहेको थियो। को-को समातिए भनी टोलमा बुझ्दा नेमकिसंघका अध्यक्ष नारायणमान बिजुक्छेंसहित पार्टीका धेरै नेता कार्यकर्ताहरूलाई ह्योजुको हत्याको आरोपमा पक्रेको खबर पाएँ। आशाकाजी बासुकला, चैत्यराज शाक्य, सुनिल प्रजापति तथा अन्य समेतलाई राती पक्रेर काठमाडौं हनुमान ढोकाको पुलिस थानामा लग्यो भनी प्रचार भयो। त्यही दिनदेखि पत्र-पत्रिकामा त्यसैअनुसारको समाचार सबैजसो दिनमा प्रकाशित हुँदै थियो। त्यस समयमा भक्तपुरका सीआईडीहरू छ्यासछ्यास्ती परिचालन गरेको देखिन्छ।

ह्योजुका हत्यारा नारायणमान बिजुक्छेंसमेतका कार्यकर्ताहरूलाई फाँसीको सजाय माग गर्दै काठमाडौं र भक्तपुरमा जुलुस हुन थाले। त्यो सबै हेर्दा भक्तपुरका जनताले के बुझ्छे भने सकुशल पुलिस भ्यानमा राखेर लगेका ह्योजुलाई मृत घोषणा गर्नु, नेमकिसं र कार्यकर्ताहरूलाई खत्तम पार्ने




कृष्णसागर बासी, पूर्वकर्मचारी, भनपा

हेतुले यो षड्यन्त्र भइरहेको मेसो पाएँ। भक्तपुरवासीहरू काममा जाने, काठमाडौंमा तरकारी बेच्न जाने, खेतमा काम गर्न जानेलाई खोजी खोजी दुःख दिई सर्वसाधारणलाई समेत धरपक्कड गर्न थाले। भनपा पञ्चायतको कार्यालयमा सधैंजसो ४/५ पटक सीआईडीहरू आइरहन्थ्यो।

भदौ १९ गते करिब दिउँसो १ बजे भक्तपुर नगर पञ्चायत कार्यालय दरबारमा म कार्यरत अवस्थामा थिएँ। तपाईंलाई पुलिस प्रशासनले बोलाएको छ भनी 'लालेचा' भन्ने सीआईडीले बोलाएर मलाई लगे। भण्डारखाल पुलिस थानामा सानो कोठामा ७/८ जना कैदीहरू भएको ठाउँमा राखे र तुरुन्त एक छिनपछि बालमुकुन्द धन्छालाई पनि समातेर ल्याए। त्यहाँ म समेत ९ जना, शशीकिरण उलक र उसको दाजु, अवाल दाजु भाइहरू र अन्य केही साथीहरू थिए। त्यहाँ एकआपसमा कुरा गर्न समेत दिँदैनथ्यो, बस्न र सुत्नलाई पनि अप्ठेरो थियो। दिनको १ चोटिमात्र शौचालय जान दिइन्थ्यो। एकदिन म शौचालय जाँदा धेरै समय लगायो भनी मलाई पुलिसले ज्यानमाराका ज्यानमारा भनी गालीगलौज गर्थे। त्यहाँ बस्दा राति ११ बजे पुलिसहरूको ८/९ जनाको दफा ३/४ ठाउँ गरी रातको समयमा भक्तपुरका मान्छेहरू खोज्न पठाइन्थ्यो।

समातेर ल्याइएका ती व्यक्तिहरूलाई बिहान लहरै उठाएर छानबिन तथा सोधपुछ गर्थे। मलाई पक्रेको दिन करिब साढे १ घण्टा जति एकजना व्यक्तिले सोधपुछ गरी धम्कीपूर्ण भाषामा ह्योजुलाई कसले मारेको, फलानाले मारेको हो ?, मार्ग निर्देशन दिएको हो ? भनी सही गराउन विभिन्न षड्यन्त्र प्रयोग गरेका थिए। हो भनी सही गऱ्यो भने जेलमुक्त हुन्छ भनी प्रलोभन पनि हामीलाई

# कर्मचारीहरूलाई फुटाउने प्रयास गर्थे

आजभन्दा ३० वर्ष अगाडि निरंकुश पञ्चायती सरकारले भक्तपुर काण्डको षड्यन्त्र रचेको थियो । पञ्चायती शासकहरूले जालझेल, नाङ्गो नाचतथादमन र अत्याचार गरेका थिए । त्यतिबेला भक्तपुरलाई सिङ्गो बन्दी बनाइयो । नेमकिपाका अध्यक्ष रोहितलगायत ६७ जनालाई ज्यान मुद्दामा फसाउँदै सरकारले फाँसीको माग गऱ्यो । त्यतिबेला कयौंले अमानवीय यातना भोगे, कयौंको घरबार भाँडियो, कैयौं जागिरबाट निकाला गरिए । कतिपय पुरुषहरू जेलमा परे, कतिपय भूमिगत भए । तर जनता हारेनन्, निःस्वार्थी कार्यकर्ताहरू आन्दोलनको मैदानमा उत्रे । डरछेरुवाहरूले पञ्चायतसामु आत्मसमर्पण गरे तर महिलाहरूले एकजुट भई दमन र अत्याचारको विरुद्धमा संघर्ष गरे । त्यही इतिहासको स्मरणमा कालो दिवसको रूपमा हकामी पुनः पल्टाउने प्रयास गर्दैछौं ।



अम्बिका धौभडेल, प्रशासकीय अधिकृत - भनपा

भक्तपुर काण्डमा भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यरत रहेकोमा मलाई दिइएको मानसिक यातना, डर, धम्की, त्रास बारे केही संक्षिप्तमा राख्न चाहन्छु ।

२०४५ भदौ ५ गते बिहान ५.५ मिनेटमा ६.८ देखाएको थियो । मैले आफूलाई केही थाहा नभएको जवाफ फर्काएँ । पुलिस प्रशासनमा बस्दासम्म पशुसरह तुच्छ व्यवहार गरिन्थ्यो । मलाई ८ दिनपछि अन्य साथीहरू बालमुकुन्द धन्छाबाहेक ८ जनालाई शान्ति-सुरक्षा ऐनअन्तर्गत नजरबन्दको ९ महिने पूर्जी ठम्याई ठिमी चौकी हुँदै त्यहाँबाट पनि ८/९ जनालाई एउटै मोटरमा राखी काठमाडौंको त्रिपुरेश्वर केन्द्रीय कारागारमा र भद्रगोल जेलमा पठाइयो । त्यहाँ म, राजकुमार जति, गंगाप्रसाद जति, सत्यनाराया कुस्मा र ३ वडाका मानकाजी गाइँजु आदि थिए ।

जेलमा पुगेपछि त्यहाँका कैदीहरूको सोच नै अर्कै भएको पाएँ । हामीहरूलाई पनि ज्यानमारासरह नै व्यवहार गर्थे । हामीले मारेको होइन, यो त सरकारले षड्यन्त्र गरेर जेलमा पठाएको हो भन्दा पत्याउने कोही थिएनन् । हामी त्यहाँ पुगेपछि निर्वाचित नगरपञ्चायत भंग गरी अर्को नयाँ दिनेश श्रेष्ठको अध्यक्षतामा नगर कार्य समिति गठन गरेको थाहा पायौं । पत्रपत्रिकामा मान्छे मारेको अभियोगमा नेमकिसंघका अध्यक्ष नारायणमान बिजुक्छेंसहित कार्यकर्ताहरू तथा भक्तपुर नगर पञ्चायतका प्रधानपञ्च आशाकाजी बासुकलालगायत अन्य जनप्रतिनिधिहरू समेत करिब ६६/६७ जनालाई ज्यान मारेको मुद्दाको १३ 'क' अनुसार सर्वोस्वसहित फाँसीको मागसहित विशेष अदालतमा मुद्दा चलाएको पत्रपत्रिकाबाट जानकारी पाएँ ।

हामी कारागारमा पुगेको १०/१२ दिन पछि नेमकिसंघका अध्यक्ष रोहितसहित गोविन्द दुवाल, आशाकाजी बासुकला, चैत्यराज शाक्य, भनपाका कर्मचारी कृष्णभक्त लवजु, वडाअध्यक्ष ज्ञानबहादुर न्याइँच्याइँ तथा ओमचरण अमात्य र अन्य समयमा जयराम बासुकला, उकेश कवां आदि केन्द्रीय कारागारमा पठाइयो । सुनिल प्रजापति समेत अन्यलाई भद्रगोल जेलमा पठाएको जानकारी पाएँ ।

मलाई ९ महिनाको शान्ति सुरक्षा नजरबन्दको पूर्जी म्याद सकिएपछि पुनः ९ महिनाको पूर्जी ठम्याइयो । अर्को पूर्जीको म्याद नसकिँदै १७ महिनापछि भक्तपुर काण्ड शान्ति-सुरक्षाअन्तर्गतका कैदीहरूलाई जयराम बासुकलासमेतलाई २०४६ साल पुस १ गते पञ्चायतको संविधान स्थापना दिवसमा राति रिहा गरियो । महिला दिदीबहिनीहरूले पनि मुद्दाको सर्जमिन गर्दा ज्यानमाराका छोरी, बुहारी, स्वास्नी भनी गालीगलौज र नराम्रो व्यवहार सहनुपरेको र राति-राति सुरक्षाको लागि महिला दिदी-बहिनीहरूले चोक-चोकमा आगो बाली बसेको कुराहरू सुन्दा जेलमा बसेकालाई भन्दा बाहिर बस्ने साथीहरूलाई निकै कठिन भएको महसुस भयो ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका पूर्वकर्मचारी कृष्णसागर बासीद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*

रेक्टर स्केलको भूकम्प गयो। भूकम्पबाट भक्तपुर नगरको पुरानो बस्तीमा धेरै क्षति भयो। उक्त दिन बिहान १०:०० बजे कार्यालय पुगें। त्यति बेला जनप्रतिनिधिहरूले क्षति विवरण लिने र तत्काल राहत वितरण गर्ने निर्णय गर्नुभयो। निर्णय अनुसार जनप्रतिनिधिहरू र कर्मचारीहरू राहतवितरण र क्षतिविवरण संकलनमा लाग्यौं।

२०४५ भदौ ९ गते करिब ३:०० बजे तिर केही वडाअध्यक्ष, जितकुमार नकर्मी, रत्नमाया र मलगायत बैठक कोठामा बजेटको काम गरिरहेका थियौ। त्यतिबेला अचानक साकोठाबाट आवाज आयो। भूकम्प पीडितहरूलाई राहत वितरणमा पक्षपात गरेकोले ह्योजुलाई जुत्ताको मालालगाई कालोमोसो दलेर घुमाउन ल्याएको भन्ने आवाज आएपछि हामीले झ्यालबाट हेर्‍यौं र त्यो दिन आ–आफ्नो घर फर्क्यौं।

२०४५ भदौ १० गते कार्यालय पुग्दा धेरै साथीहरू कृष्णसागर वासी, कृष्णभक्त लवजू, गोविन्दराम थुसा, कमलभक्त मुनंकर्मी पक्राउ भएको जानकारी पाएँ। हामी कर्मचारीहरूलाई छानी छानी बयान लिन, सोधपुछ गर्न जिल्ला प्रशासन कार्यालयमा बोलाउने, खानतलासी लिने, अब नेमकिपा बाँकी रहँदैन भनी डरत्रास देखाउने आदि मानसिक यातना र डर दिने काम निरन्तर रूपमा भइरहयो।

त्यही समयमा नगरपालिकाको स्टोरबाट टि.भी, डेक आदि हरायो भनी खबर आयो। कसरी हरायो अत्तोपत्ता थिएन। त्यतिबेला कार्यालय पालो–पहरामा बसेको रामबहादुर लाखाजु र राजकुमार राजचललाई जिल्ला प्रहरी कार्यालयमा लगेर यातना दिनुसम्म दियो। आखिर राजकुमार राजचल त्यही यातनाको कारण खुट्टामा लागेको चोट निको नभई क्यान्सरबाट मृत्यु समेत भए। एवं क्रमले हरेक दिन प्रहरी प्रशासनले कर्मचारीहरूलाई दु:ख दिइरह्यो।

२०४५ भदौ २३ गते नगरपञ्चायत विघटन गरी नगर पञ्चायत समिति गठन गरी सञ्चालन गरियो। जसमा मण्डलेहरू मात्रै थिए। उनीहरू आइसकेपछि नगर पञ्चायतमा बाघ भित्र पसेजस्तो भयो। कर्मचारीहरूलाई फुटाउने प्रयास गर्‍यो, डर धम्की दिन थाल्यो। कतिलाई लोभलालच देखायो, कतिलाई छानी–छानी अवकास दिन लगायो। मलाई त्यतिबेलाको अध्यक्ष दिनेश श्रेष्ठले रत्नकाजीमार्फत् माथि एक चोटीमात्र भेट्न जानु 'तपाईको म्याद थप हुन्छ' भनी पटक–पटक खबर पठायो तर मैले जवाफ दिएँ, 'म माथि गएर चाकडी गर्न जान्न जागिरबाट निकाले निकालोस' भनें। मेरो २०४५ असोज १ गतेदेखि म्याद थप भएन। यसरी क्रमश: २४ जना अस्थायी कर्मचारीहरूको म्याद थप भएन र स्थायी कर्मचारीहरूलाई अवकास दिइयो। यसरी हामीहरूको जागिर खोसियो। तर हामीलाई अफ्सोच भएन। मैले तुरुन्तै ट्वीङ्कल बोर्डिङ्ग स्कुलमा प्रिन्सिपल भई काम गर्न थाले तर उक्त स्कुलको बिडम्बना पनि त्यस्तै रहेछ। अभिभावकहरू जेलमा परेकोले छोराछोरीहरूलाई पढ्न नपठाएको रहेछ। मैले सम्झाई बुझाई घर–घरमा गई विद्यार्थीहरूलाई ल्याएँ। शुरुमा १५/२० जनामात्र विद्यार्थी भएको विस्तारै बढ्दै पछि २००/३०० जना विद्यार्थीहरू भए। चैत्यराज सरले मलाई र रत्नमायालाई साक्षी राख्नुभएको रहेछ। हामीहरू विशेष अदालतमा गएर बयान दिन जानुभन्दा अगाडि पनि अनेक किसिमको डर, धम्की दिने, घर–घरमा खानतलासी गर्ने कामहरू हुनथाल्यो। तैपनि म र रत्नमाया विशेष अदालतमा गएर बयान दिन गयौं।

पञ्चायती अत्याचारको विरोधमा जनमत बढ्दै थियो। २०४६ साल फागुन ८ गते नै नेक्राविसंघको नेतृत्वमा जुलुस भयो। जसमा गोली लागेर ४ जनाले शहादत प्राप्त गर्नुभयो। बीर सहिदहरूको बलिदान र नेमकिपालगायतको संयुक्त संघर्षबाट २०४६ चैत २६ गते पञ्चायतको अन्त्यभयो। बहुदलीय व्यवस्थाको पुन: स्थापना भयो। त्यसपछि नगरपञ्चायतबाट अन्यायपूर्वक जागिर खोसिएका २४ जना कर्मचारीहरू एकजुट भई नेमकिपाको सहयोगमा भक्तपुर नगरपालिकामा आ–आफ्नो साविक पदमा पुन:बहाली भई कार्यलाई निरन्तरता दियौं।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १ गते सम्पन्न 'भक्तपुर काण्ड कालो दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रम' मा भनपाका प्रशासकीय अधिकृत अम्बिका धौभडेलद्वारा व्यक्त मन्तव्यको सार संक्षेप-सम्पादक)*


**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

**रचना पठाउने ठेगाना :**

☐कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

☐email - bhaktapurmasik@gmail.com

# औद्योगिक क्षेत्रको व्यवस्थापन बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भनपाका जनप्रतिनिधिहरू, भक्तपुर उद्योग वाणिज्य संघका पदाधिकारीहरू र भक्तपुर औद्योगिक क्षेत्र उद्योग संघका व्यवसायीहरूबीच भदौ १८ गते व्यवसाय करलगायतका विषयमा छलफल गर्न बैठक बस्यो।



बैठकमा प्रमुख प्रजापतिले नेमकिपाले संसददेखि सडकसम्म राष्ट्रिय पूँजीपतिहरूको संरक्षण र प्रवर्द्धन गरी देशलाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिँदै आएको बताउनुहुँदै देशमा अहिले व्यापार घाटा प्रत्येक वर्ष बढ्दै जानुले देश नवउपनिवेशमा फस्ने खतरा सृजना भएको बताउनुभयो।

नेपालजस्तो विकासोन्मुख मुलुकले राष्ट्रिय उद्योग र व्यापारको विकास गर्न नसके देश कालान्तरमा नवउपनिवेशमा परिणत हुने भएकोले सबै उद्योगी र व्यवसायीहरूले सचेत भएर राष्ट्रिय हितअनुकुल हुने गरी उद्योगधन्दाको विकास गर्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुर औद्योगिक क्षेत्रका उद्योगी, व्यवसायीहरूले नगरपालिकामा बुझाउनुपर्ने व्यवसाय करलगायतका विषयमा पनि पूर्व निर्णय र सहमतिअनुसार नगरपालिकामा दाखिला गरी समस्या समाधान गर्न र औद्योगिक क्षेत्रको व्यवस्थापनको लागि बैठक बोलाइएको जानकारी गराउनुभयो।

बैठकमा बोल्दै भनपा ७ का वडाध्यक्ष उकेश कवांले भनपाले औद्योगिक क्षेत्रमा लगाउने कर प्रगतिशील कर प्रणाली अनुसार हुनुपर्ने, उद्योग स्थापना हुँदा घरेलु उद्योग र स्थानीय नगरवासीलाई रोजगारी दिने शर्तमा स्थापना भएकोले सोही अनुसार हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

बैठकमा भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले भनपा र भक्तपुर औद्योगिक क्षेत्रका उद्योगीहरूले आपसी सहमतिमा उद्योगीहरूले व्यवसाय कर दाखिला गरी समस्या समाधान गर्नुपर्ने र यसको लागि उद्योग वाणिज्य संघ विगतमा जस्तै मध्यस्थकर्ता भई कार्य गर्न तयार रहेको जानकारी गराउनुभयो।

बैठकमा बोल्दै भक्तपुर औद्योगिक क्षेत्र उद्योग संघका महासचिव शंकरकुमार खड्काले विगतदेखि बाँकी रहेको व्यवसाय कर र करको दरमा केही असहमति भएकोले यसमा नगरपालिकाबाट पुनर्विचार भएमा सबै उद्योगी व्यवसायीहरूले बाँकी-बक्यौता दाखिला गर्न सहज हुने कुरा जानकारी गराउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले करको दर परिवर्तन नगरसभाले मात्र गर्न सकिने कानुनी व्यवस्था भएकोले उद्योगीहरूको मागअनुसार करको दरमा पुनरावलोकन गर्न तत्काल सहज नहुने जानकारी गराउँदै बरु नगरपालिकालाई बुझाउनुपर्ने कर किस्ताबन्दीमा बुझाउने गरी सहमति गर्न सकिने विचार व्यक्त गर्नुभयो।

# ब्रम्हायणी सडक मर्मतबारे छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ १९ गते सडक डिभिजन कार्यालय भक्तपुरका गुरूप्रसाद अधिकारीलाई कार्यकक्षमा बोलाइ ब्रम्हायणी (सुडाल जाने बाटो), कमलविनायक बाटो पीचमा ढिलाइ र ब्रम्हायणी सडक मर्मतबारे जानकारी लिनुभयो।

उहाँले लामो समय बाटो पीच नहुँदा जनताले समस्या भोग्नुपरेकोबारे ध्यानाकर्षण गर्नुभयो। डिभिजन सडक प्रमुख अधिकारीले आफ्नो कार्यालय संघ वा प्रदेशअन्तर्गत स्पष्ट नभएकोले ढिलाइ भएको बताउँदै सरकारबाट स्पष्ट अक्तियारी पाएपछि तत्काल काम सुरु गर्ने जानकारी दिनुभयो।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सडक डिभिजन कार्यालय भक्तपुरका गुरूप्रसाद अधिकारीबीच भेट

# आर्थिक कानुनमा समयानुकूल परिवर्तन आवश्यक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विकास निर्माणको काम गुणस्तरीय बनाउन आर्थिक कानुनमा समयानुकूल सुधारको आवश्यकता रहेको बताउनुभएको छ।

महालेखा परीक्षकको कार्यालयको आयोजनामा भदौ १९ गते सम्पन्न उपत्यकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखहरूबीचको अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रजापतिले उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्य गर्दा गुणस्तरीय, अपनत्व र स्थानीय जनताले रोजगारीसमेत पाउने हुँदा भनपाले उपभोक्ता समितिमार्फत् काम गर्नेमा जोड दिँदै आएको बताउनुभयो।



महालेखा परीक्षकको कार्यालयको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रम

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले सम्पदाहरूको पुन:निर्माण कुनै पनि हालतमा ठेक्कामा दिन नहुने बताउनुभयो। महानगरपालिकाले विद्युतीय गाडी सञ्चालनको तयारी गरिरहेको जानकारी दिँदै उहाँले टेण्डरमा सोलारबत्ती राखेको पूर्णतः असफल भएको बताउनुभयो।

महालेखा परीक्षक टङ्कमणी शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उहाँले ३ नं प्रदेशमा ११ प्रतिशत बेरुजु रहेको, वर्षभरिका कामको मूल्याङ्कन गर्दा सानातिना त्रुटीहरू भए छलफल गरी मिलाउन सकिने बताउँदै आर्थिक क्रियाकलापमा जति बढी व्यक्तिहरू सहभागी हुन्छन् त्यत्ति नै बढी जोखिम हुन्छ भन्नुभयो।

उहाँले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरूबीच समन्वयको आवश्यकता औंल्याउँदै आ.व. २०७४/७५ मा ५२ खर्ब रूपैयाँको लेखापरीक्षण महालेखाले सम्पन्न गरेको जानकारी दिनुभयो।

काठमाडौं उपत्यकाका विभिन्न नगरपालिकाका लेखा अधिकृतहरूले आ.व. २०७४/७५ मा सम्पन्न योजनाहरू, मुख्य-मुख्य खरिद निर्माणको स्थिति, कर्मचारी संगठन संरचना, राजस्व स्रोत बाँडफाँट, बेरुजुको स्थितिलगायतका विषयहरूमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो।

# दर्ता नभएको पसलको टेबुल र तराजु नियन्त्रणमा

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भदौ १९ गते सूर्यविनायकको ग:पली, डोकाफल्चा र बाराहीस्थान गरी नौवटा मासु पसलहरूमा अनुगमन गरियो।

अनुगमनमा रामबहादुर शाहीको मासु पसलमा भुई फोहर देखिएकोले प्लाष्टर गर्न, साकार कोल्ड स्टोरमा पेटीमा राखेको तरकारी पसल हटाउन सुझाव दियो। अनुगमन टोलीले सुरज माछा पसल दर्ता नभएको हुँदा टेबुल एक र डिजिटल तराजु एक नियन्त्रणमा लियो।

समिम कोल्ड स्टोरमा ढक-तराजु नापतौल विभागमा नवीकरण गर्न, बेखानारायण शाहीको मासु पसल मापदण्डमा परेकोले हटाउन, सरोज शाहीको राँगोको मासु पसलले तराजु नमिलाई ठगी गरेकोले तराजु नियन्त्रणमा लियो। साथीभाई मासु पसल अघिल्लो अनुगमनमा नै दर्ता गर्न निर्देशन दिएकोमा हालसम्म पनि दर्ता नगरेकोले डिजिटल तराजु एक थान नियन्त्रणमा लियो। आधुनिक कृषि सहकारीमा रहेको पसल दर्ता नभएकोले मासु पसलमा राखेको तराजु एक थान नियन्त्रणमा लिई प्याकेजिङ सामानमा लेबल राख्न निर्देशन दियो।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्यसचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालयका रविचन्द्र मिश्र, पशुसेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे र महानगरीय प्रहरी प्ररिसरका रामशरण तामाङको सहभागिता रहेको थियो।

# महिला स्वास्थ्य परीक्षण शिविर सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा वडाका महिलाहरूको पाठेघर तथा स्तन स्वास्थ्यको स्थिति थाहा पाउने उद्देश्यले क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा महिला स्वास्थ्य परीक्षण शिविर भदौ १६ गते सम्पन्न भयो।

शिविरको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हरेक व्यक्तिले समयमै स्वास्थ्य परीक्षण गराई उचित उपचार गर्नुपर्ने बताउनुभयो।



महिला स्वास्थ्य परीक्षण शिविरमा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा वडा नं ७ का वडाध्यक्ष उकेश कवांले समयमा उपचार गर्ने र समयमा औषधी खाने बानीको विकास भयो भने धेरै मानिसको स्वास्थ्य राम्रो हुने विचार राख्नुहुँदै नगरपालिकाले बनाएको मापदण्डहरू पनि नागरिकको स्वास्थ्य तथा जनजीवनसँग सम्बन्धित रहेको विचार व्यक्त गर्नुभयो।

महिला वडासदस्य रञ्जना त्वाती र नर्स मुना लवजुले पनि आ–आफ्नो विचार व्यक्त गरेको उक्त स्वास्थ्य परीक्षण कार्यक्रममा २ सय ८९ जना महिलाहरूले प्यापस्मेयर (पाठेघर) परीक्षण गराएको २ सय ६६ जना महिलाहरू तथा ४ जना पुरुषहरूले स्तन स्वास्थ्य परीक्षण गराएको थियो।

# भक्तपुरका आदिवासी किसानहरूलाई विस्थापित गर्न खोज्यो

जय ब्रह्मायणी कृषि समूह भक्तपुरको भदौ ९ गते सम्पन्न १५ औं वार्षिक साधारणसभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कृषि योग्य जमिनमा अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गर्ने प्रस्ताव ल्याएर सरकारले भक्तपुरका आदिवासी किसानहरूलाई विस्थापित गर्न खोजेको बताउनुभयो।

उहाँले भू–माफियाहरूले किसानहरूसँग सस्तोमा जग्गा खरिद गरेर रातारात अर्बपति बन्ने सोचले यस्ता प्रस्तावहरू अगाडि सारेका हुन् भन्नुभयो।

भक्तपुर नगरपालिका कृषि समितिका संयोजक राजकृष्ण गोराले नगरपालिकाले किसानको हितलाई ध्यानमा राखेर विभिन्न गतिविधिहरू गरिरहेको बताउनुभयो।




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति जय ब्रह्मायणी कृषि समूहको १५ औं वार्षिक साधारणसभामा मन्तव्य दिनुहुँदै

कृषि समूहका अध्यक्ष कान्छा स्यामाकाे अध्यक्षतामा भएको कार्यक्रममा चन्द्रबहादुर कोजू, विजयबहादुर कोजू र जगतबहादुर खयरगोलीलगायतले बोल्नुभएको थियो।

# नियमित सरसफाइअन्तर्गत मू:दिप र १०८ रोपनी क्षेत्र सरसफाइ

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ र १५ गते नगरका सम्पदा क्षेत्र, खुला स्थान, खोला तथा सार्वजनिक स्थल सरसफाइ गर्ने क्रमले निरन्तरता पाएको छ।

२०७५ भदौ १ गते भनपा वडा नं. १ स्थित सल्लाघारीको १०८ रोपनी क्षेत्रमा र भदौ १५ गते भनपा वडा नं. ५ स्थित मू: दिप क्षेत्र वरिपरि सरसफाइ गरिएको थियो।

सरसफाइ कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय विद्यालयका शिक्षक र विद्यार्थी, टीम, क्लब र सहकारी संस्थाका प्रतिनिधि र स्थानीय जनताको व्यापक सहभागिता थियो।

सरसफाइपछि आयोजित सभामा नगर प्रमुख प्रजापतिले भक्तपुरलाई शिक्षा र स्वास्थ्य उपचारको गन्तव्यस्थल बनाउनुका साथै सरसफाइमा पनि नमुना बनाउने अभियान सञ्चालन भइरहेको बताउनुभयो।

उहाँले नगरपालिकामा स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत सम्पदा संरक्षण तथा विकास निर्माणको कार्य भइरहेको चर्चा गर्दै जनताको अपनत्वसहित प्रभावकारी काम गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो।

वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्यले सरसफाइ सभ्यताको प्रतीक भएको उल्लेख गर्दै सरसफाइमा सहभागी भएका सबैप्रति कृतज्ञता व्यक्त गर्नुभयो।



पाक्षिक सरसफाइ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति





नियमित सरसफाइअन्तर्गत भदौ १५ गते भनपा वडा नं. ५ स्थित मू:दिप क्षेत्रमा गरिएको सरसफाइ कार्यक्रम





नियमित सरसफाइअन्तर्गत भदौ १ गते भनपा वडा नं. १ स्थित सल्लाघारीको १०८ रोपनी क्षेत्र वरिपरि गरिएको सरसफाइ कार्यक्रम

# कानुनको अनभिज्ञता क्षम्य नहुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भदौ ८ गते भक्तपुर नगरपालिका क्षेत्रभित्रको १५६ वटा सहकारी संस्थाका प्रमुख र प्रतिनिधिहरूलाई भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गऱ्यो।

प्रमुख अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाको एकमात्र उद्देश्य नगरवासीहरूको हित गर्नु रहेको बताउनुभयो। उहाँले कानुनको अनभिज्ञता क्षम्य नहुने भएकोले नगरपालिकाले निर्माण गरेका ऐन–कानुनसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको बताउनुभयो।

उहाँले नगरवासीहरूको आर्थिक विकास गर्न सहकारी संस्थाहरूसँग नगरपालिकाले आदर निकेन, तरकारी बजारजस्ता विषयहरूमा सहकार्य गर्न सकिने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको बताउनुहुँदै भक्तपुरको पर्यटन क्षेत्रको विकासको लागि सहकारी संस्थाहरूले पूँजी लगानी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।



भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ सम्बन्धी अभिमुखीकरण कार्यक्रम

कार्यक्रममा भक्तपुर नगरपालिकाका आर्थिक समितिका सदस्य हरिराम सुवालले भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ सम्बन्धी प्रस्तुती गर्नुभएको थियो भने आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकला र भक्तपुर नपा कार्यपालिका सदस्य छोरीमैया सुजखुले पनि बोल्नुभएको थियो।

# भक्तपुरमा अव्यवस्थित तारहरूको व्यवस्थापन थालियो

ऐतिहासिक एवं सांस्कृतिक नगर भक्तपुरमा अव्यवस्थित रूपमा राखिएका बिजुली, टेलिफोन, केबुल र इन्टरनेट सेवाका तारहरू बिहीबारदेखि व्यवस्थित गर्न थालिएको छ।

नगरपालिकाका जनप्रतिनिधिहरूको अगुवाइमा नेपाल टेलिकम भक्तपुर शाखाका प्रमुख, विद्युत् प्राधिकरणका कर्मचारीहरू, विभिन्न केबुल तथा इन्टरनेट सेवा प्रदायकका प्रतिनिधिहरू सम्मिलित टोलीले गाईजात्रा प्रदर्शन गरिने मार्गको स्थलगत निरीक्षण गर्दै प्राविधिक टोलीलाई तार व्यवस्थापन गर्ने जिम्मेवारी दिएको हो।



अव्यवस्थित रूपमा राखिएको तारहरू ब्यवस्थापन गर्दै

प्राविधिक टोलीमार्फत् मुख्य चोकहरूमा तारहरू भूमिगत गर्न सकिने विषयमा अध्ययनसमेत सुरू भएको टोलीको नेतृत्व गर्ने वडाध्यक्ष रविन्द्र ज्याख्वले जानकारी दिनुभयो।

स्थलगत भ्रमण गर्दै गर्दा स्थानीय वडावासी जनताबीच छरपस्ट रूपमा राखिएका तारहरू कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने छलफल भएको थियो। छलफलको क्रममा बिजुलीका पोल तथा घरहरूमा अव्यवस्थित रूपमा राखिएका तारहरूमध्ये आधाभन्दा बढी प्रयोगविहीन रहेको र तिनै तारहरूले नगरको सुन्दरतालाई कुरूप बनाएको स्थानीयको गुनासो रह्यो।

स्थानीय जनताको सुझावअनुसार जनप्रतिनिधिहरूको निर्देशनमा सम्बन्धित सरकारी कार्यालय तथा सेवा प्रदायकहरूले तार व्यवस्थापन गर्न थालेका थिए। टोलीको बैठक बसी यही भदौ २३ गतेसम्ममा विद्युत् प्राधिकरण र टेलिकमले गाईजात्रा प्रदर्शनी मार्गमा आ–आफ्नो तार व्यवस्थापन गर्ने प्रतिबद्धता गरेको वडाअध्यक्ष ज्याख्वले बताउनुभयो। त्यस्तै केबुल नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकहरूले भदौ २८ गतेभित्र तार व्यवस्थित गर्ने प्रतिबद्धता जनाएका थिए।

# भक्तपुरका तार र केबुलहरु व्यवस्थापन गर्ने

ऐतिहासिक एवं सांस्कृतिक नगर भक्तपुरको सौन्दर्यता कायम राख्न भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सुरक्षा निकायलगायतका सरोकारवालाहरू, बिजुली, टेलिफोन, केबुल नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकलगायतका सरोकारवालाहरूको उपस्थितिमा भनपा सभाकक्षमा भदौ १३ गते बैठक बस्यो ।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सुरक्षा निकायलगायतका विभिन्न सरोकारवालाहरूसँग सम्पन्न बैठक

बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको सुन्दरता र स्वच्छतामा बाधा पुऱ्याई राखेका तार र केबुलहरू व्यवस्थित गर्न सम्बन्धित सबै संघ–संस्थाहरू र व्यवसायीहरूले इमानदारीपूर्वक नागरिक भावनाअनुरूप काम गर्नुपर्ने बताउनुभयो । उहाँले २०७४ साल चैत्र २० गते नै अव्यवस्थित तारहरू सम्बन्धित पक्षहरूले आ–आफैले व्यवस्थित गर्ने निर्णय भएको स्मरण गराउँदै यसको पालना गर्नुपर्नेमा जोड दिनुभयो । भ.न.पा.ले सबै सरोकारवालाहरूसँग छलफल र सहमतिमा नै नगरको तार व्यवस्थापन गर्दै जाने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले बैठकमा बोल्नुहुँदै बिजुली र टेलिफोन तार र केबुलबाहेक अन्य सबै केबुल र तारहरू नेपाल विद्युत प्राधिकरणको पोलहरूमा राखिएकोले यसको व्यवस्थापनको अगुवाईको लागि प्राधिकरण जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

बैठकमा नेपाल विद्युत प्राधिकरण भक्तपुरका कार्यालय प्रमुख प्रज्ज्वलमान श्रेष्ठले गाईजात्रा मार्गमा तार र केबुलहरू व्यवस्थापन गर्ने क्रममा बाटो काटेर राखेका केही तार केबुलहरू काट्नुपर्ने अवस्था आएकोमा दुःख व्यक्त गर्दै यसको लागि सम्बन्धित सरोकारवालाहरूले पूर्व निर्णय कार्यान्वयन नगर्नु दुःखद भएको बताउनुभयो ।

नेपाल टेलिकमका कार्यालय प्रमुख विरेन्द्ररत्न शाक्यले भक्तपुरको प्रसिद्ध गाईजात्रा पर्व व्यवस्थित गर्न काटिएका टेलिफोन तारका कारण ग्राहकहरूमा पर्न गएको असुविधाप्रति दुःख व्यक्त गर्दै एक हप्ताभित्र काटिएका सबै टेलिफोन लाइनहरू पुनः जडान गर्न तीव्र गतिमा कार्य भइरहेको जानकारी गराउनु भयो ।

बैठकबाट नगरभित्रका अव्यवस्थित तारहरू व्यवस्थित गर्न सम्बन्धित कार्यालय तथा संस्थाहरूले तत्काल कार्य अघि बढाउने, नगरका केबुल र इन्टरनेट सेवा प्रदायक संस्थाहरूले २०७५ भाद्र मसान्तभित्र नियमपूर्वक सेवा प्रवाहको तथ्याङ्कसहित नगरपालिकामा दर्ता गर्ने, निर्धारित समयावधिभित्र दर्ता नगर्ने सेवा प्रदायकलाई कानुनबमोजिम कारबाही गर्ने, केबुल तथा इन्टरनेट सेवाका तार र केबुलहरूमा नेपाल टेलिकमले उपलब्ध गराएको नमुनाअनुसार आफ्नो परिचय खुल्ने ट्याग तारमा झुण्ड्याउने, नगरका अव्यवस्थित सम्पूर्ण तार र केबुलहरूलाई क्रमशः भूमिगत गर्दै जाने र हाल नगरमा छरपष्ट रूपमा काटिएर फालेका तारहरू यथाशीघ्र सफा गरी सेवा सञ्चालन गर्न र दीर्घकालीन रूपमा तारहरू व्यवस्थापन गर्न वडाअध्यक्ष रविन्द्र ज्याख्वकाे संयोजकत्वमा १० सदस्यीय कार्यदल गठन गर्ने निर्णय गऱ्यो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा एवम् प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ र उपप्रमुख रजनी जोशीको उपस्थितिमा बसेको बैठकको हस्ताक्षरसहितका निर्णयहरूको प्रतिलिपि

# सापारूको तयारीमा सरसफाइ






नगरव्यापी सरसफाइ कार्यक्रममा झाडु लगाउँदै भनपा प्रमुख प्रजापतिलगायत विद्यार्थीहरू

सापारु पर्वको समयमा भक्तपुर नगर सफा र व्यवस्थित बनाउने सन्देशसहित भदौ ८ गते नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समिति र भक्तपुर नगरपालिकाको संयुक्त आयोजनामा नगरव्यापी सरसफाइ कार्यक्रम भयो ।

भक्तपुरको लायकुबाट सुरु भएको सरसफाइ कार्यक्रम दुईवटा रुट बनाई सम्पन्न गरिएको थियो । लाय्कु, इताछेँ, तेखापुखु, वंशगोपाल, नासमना, तालाक्व, तःमारी, क्वाछेँ, गोल्मढी हुँदै दत्तात्रयको रुटको नेतृत्व नेमकिपाका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सांसद प्रेम सुवालले गर्नुभएको थियो भने लाय्कु, त्रिपुरासुन्दरी, चोछेँ, भोलाछेँ, महालक्ष्मी, नागपोखरी, क्वाठण्डौ, गछेँ, सूर्यमढी हुँदै दत्तात्रयको रुटको नेतृत्व भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।

सरसफाइ कार्यक्रमको आरम्भ गर्दै सांसद प्रेम सुवालले भक्तपुर नपाले पर्यटकसँग उठाएको पैसाबाट नगरको सरसफाइ, सम्पदा संरक्षण र जनताको शिक्षा तथा स्वास्थ्य क्षेत्रमा खर्च गरेको समाजमा सकारात्मक परिवर्तन भइरहेको धारणा राख्नुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले हरेक महिनाको १ र १५ गते नियमित रूपमा सरसफाइ कार्यक्रम गरिरहेको चर्चा गर्दै चाडपर्वको समयमा सरसफाइमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । पुर्खाले बनाएको कला र संस्कृति संरक्षणले सभ्यताको पनि जगेर्ना हुने उहाँको भनाइ थियो ।

सरसफाइ कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवाल, भनपा वडा नं ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, मुक्तिसुन्दर जधारीले पनि बोल्नुभएको थियो । सरसफाइ कार्यक्रममा पार्टी कार्यकर्ता, समर्थक, विभिन्न क्लब, कलेज र विद्यालयको सहभागिता थियो ।

# गाईजात्रा मार्गमा तारको व्यवस्थापन र सरसफाइ

गाईजात्रा (सापारु) पर्वमा घिन्ताङघिसी र ताहासाँ परिक्रमा गरिने मार्गमा सरसफाइसँगै अव्यवस्थित रूपमा राखिएका तारहरू व्यवस्थापन गर्ने कार्य भक्तपुर नगरपालिकाले गरेको छ । जात्रालाई भव्य र सभ्य बनाउने तथा अव्यवस्थित तारको कारण हुनसक्ने सम्भावित दुर्घटना न्यूनीकरण गर्ने ध्येयले नगरपालिका, स्थानीय जनता र विद्यालय, कलेज, टीम, क्लब र सहकारी संस्थाको तर्फबाट भदौ ८ गते गाईजात्रा मार्गमा सरसफाइ गरिएको थियो भने जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, विद्युत् प्राधिकरण र दूरसञ्चार कार्यालयको तर्फबाट तारहरू व्यवस्थापन गर्ने कार्य भएको थियो ।

यसअघि साउन २३ गते प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टको अध्यक्षतामा सरोकारवाला सरकारी कार्यालय तथा केबुल एवं इन्टरनेट प्रदायकहरूको संयुक्त बैठकले गाईजात्रा प्रदर्शन हुने मार्गमा राखिएका निर्माण सामग्री, भग्नावशेष एवं अनियन्त्रित रूपमा राखिएका बिजुली, टेलिफोन, केबुल र इन्टरनेटका तारहरू व्यवस्थित गर्ने निर्णय गरियो । सोहीबमोजिम प्रजिअको नेतृत्वमा सरोकारवालाहरूको टोलीले साउन २५ गते बिहान गाईजात्रा प्रदर्शनी मार्गमा निरीक्षण गरेको थियो ।

साउन २५ गते जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा एक प्राविधिक कार्यदल गठन गरी अव्यवस्थित रूपमा राखिएका तारहरू सम्बन्धित कार्यालयले भदौ ३ गतेभित्र व्यवस्थित गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । सोहीअनुसार केही ठाउँमा सम्बन्धित कार्यालयकै पहलमा आ–आफ्नो तार व्यवस्थित गर्ने प्रयास भएको बुझियो । तथापि केही महत्त्वपूर्ण स्थानहरूमा तारहरूको अव्यवस्था कायमै रहेको कार्यदलको स्थलगत प्रतिवेदन प्राप्त भएपछि शुक्रबार ती स्थानहरूमा प्रहरी प्रशासनको सक्रियतामा तारहरू व्यवस्थापन गर्ने कार्य भएको थियो ।

# सापारुको तयारीमा वडा भेला

सापारु पर्वको तयारीमा भदौ ६ गते भक्तपुर नपा वडा नं. १० मा स्थानीय व्यापारी, विद्यालय तथा स्थानीय टीम क्लबको पदाधिकारीहरूको भेला भयो । भेलामा वडा नं १० का वडाध्यक्ष लक्ष्मीप्रसाद हयौमिखाले सापारु पर्व हेर्न देशका विभिन्न जिल्ला र विदेशबाट आउने पर्यटकलाई सहज बनाउन कमलविनायक, व्यासी, दूधपाटीलगायत नगरका प्रमुख प्रवेशमार्ग व्यवस्थित गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले वडाका सम्पदा क्षेत्रको सरसफाइको लागि भदौ ९ गते हुने सरसफाइ कार्यक्रममा सहभागिताको लागि आग्रह गर्नुभयो ।

भेलामा वडा खेलकुद समितिको आयोजनामा भएको डोरी तान्ने प्रतियोगिताका विजेता तथा सहभागी टोलीलाई पुरस्कार वितरण गरियो । भेलामा वडासदस्य जितेन्द्र मुनंकर्मी, दिलिपनारायण श्रेष्ठ, लक्ष्मीप्रसाद चवाल, पुण्यराम कवां र गणेशराम थुसाले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

व्यासी, भक्तपुर–२

### सूचना ! सूचना !! सूचना !!!

ऐतिहासिक एवं सांस्कृतिक नगरी भक्तपुरको सौन्दर्यतामा नकारात्मक प्रभाव पर्नेगरी नगरभित्रका सडकहरूमा जथाभावी रूपमा राखिएका बिजुली, टेलिफोन, केबुल तथा इन्टरनेटका तारहरू जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सम्बन्धित सरोकारवाला संस्थाहरूले व्यवस्थित गरिरहेको सबैमा जानकारी गराउँदछौं ।

अव्यवस्थित तार व्यवस्थापन भइरहेको समयमा फेरि पनि केही सेवा प्रदायकहरूले जथाभावी तार राख्ने कार्य भइरहेको जाकारीमा आएको हुँदा नगरपालिकाको स्वीकृतिमा मात्र तार व्यवस्थापन गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।

# व्यवसाय कर नबुझाउँदा औद्योगिक क्षेत्र व्यवस्थापन गर्न समस्या

भक्तपुर नगरपालिकाले औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले भक्तपुर नगरपालिकालाई बुझाउनुपर्ने व्यवसाय करलगायतका विषयमा सम्बन्धित पक्षहरूसँग भदौ ६ गते छलफल गऱ्यो ।

छलफलमा प्रमुख सुनिल प्रजापतिले उद्योगहरूले नियमित रूपमा बुझाउनुपर्ने व्यवसाय कर नबुझाउँदा औद्योगिक क्षेत्र व्यवस्थापन गर्न समस्या आएको र यसले नगरकै छविमा नराम्रो प्रभाव पारिरहेको बताउनुभयो । करको विषयमा रहेको असमझदारीहरूलाई बढाएर लानुभन्दा आपसी छलफलबाट समाधान गरी अगाडि बढ्न सकेमा उद्योगीहरू र नगरपालिका दुवै पक्षलाई सहज हुने बताउनुभयो ।

छलफलमा भाग लिंदै प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले उद्योगीहरूले बुझाउन बाँकी रकम धेरै ठूलो नभएकोले यसलाई समस्याको विषय नबनाई उद्योगी र नगरपालिका दुवैले लचकता देखाई समाधान गर्नुपर्ने सुझाव दिनुभयो । नगरपालिकाले कर वक्यौता उठाउन अधिकारको प्रयोग गर्न सकिने अवस्थामा पनि छलफलबाटै समस्या समाधानको लागि पहल गर्नुलाई सकारात्मक रूपमा लिई उद्योगीहरूले पनि सकारात्मक पहल गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय प्रमुख बलराम बोगटीले कर तिर्नु सबै व्यवसायीहरूको कर्तव्य भएकोले कर तिर्न सबै उद्योगीहरूलाई प्रेरित गरिहेको बताउनुभयो ।

छलफलमा उद्योगीहरूको तर्फबाट भक्तपुर औद्योगिक क्षेत्र उद्योग संघका महासचिव शंकर कुमार खड्काले करको दर रेटमा केही असमझदारी रहेकोले यसलाई आपसी सल्लाहमा समाधान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



भनपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा व्यवसाय कर तिर्ने विषयमा सम्पन्न बैठक

भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले सबै उद्योगीहरूले कर तिर्नुपर्ने आफ्नो कर्तव्य भएकोले भक्तपुर उद्योग वाणिज्य संघ विगतमा जस्तै सहजकर्ता भई कार्य गर्न तयार रहेको बताउनुभयो ।

छलफल कार्यक्रममा उपप्रमुख रजनी जोशी, वडा अध्यक्षहरू रविन्द्र ज्याख्व, उकश कावां, हरिराम सुवाल, हरिप्रसाद बासुकला, प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, भक्तपुर उद्योग वाणिज्य संघका के.पी.अवाल, युवक राजभण्डारी, राजुमान बज्राचार्य, नेपाल विद्युत प्राधिकरण, भक्तपुरका कार्यालय प्रमुख प्रज्वलमान श्रेष्ठ र भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल समेत उपस्थिति थियो ।

बैठकले भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले नगरपालिकालाई बुझाउनुपर्ने कर सम्बन्धमा सकारात्मक छलफल भइ कर तिर्ने सम्बन्धमा उद्योगीहरूसँग एक हप्ता पछि पुनः छलफल गरी निचोडमा पुग्ने निर्णय गरियो ।

# उत्खनन् र पुनःनिर्माण कार्यमा टोलवासीहरूको सहयोग आवश्यक

भक्तपुर नगरपालिका वडा नं. ६ ख्वप कलेज आसपास पेटी निमार्ण कार्य, लिगन्चाधारा र पोखरी उत्खनन्, पुनःनिर्माण कार्यको लागि उपभोक्ता समिति तथा सुपरीवेक्षण समिति गठन कार्यको लागि भदौ १८ गते ख्वप कलेजमा एक भेला सम्पन्न भयो ।

उक्त भेलामा भनपा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले गत आ.व. २०७४।०७५ का १३ वटा योजनामध्ये ७ वटा योजनाहरू कार्य सम्पन्न भई पेश्की फछ्र्यौट भइसकेको र केही योजनाहरू पेश्की फछ्र्यौटको क्रममा रहेको जानकारी दिंदै योजना सम्पन्न गर्न स्थानीय टोलवासीहरूको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैया सुवालले हरेक विकास निर्माणका कार्यहरू ठेक्कपट्टाबाट नभई उपभोक्ता समितिमार्फत् गर्नसके गुणस्तरीय निर्माणको सुनिश्चितता हुने बताउनु भयो ।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले उपभोक्ता समितिमार्फत् निर्माण भएका संरचनाहरू गुणस्तरीय हुने, स्थानीय जनताले काम पाउने र बढी टिकाउ हुने बताउँदै कुनै पनि योजनाहरू उपभोक्तामार्फत् नै गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमा स्थानीय शिक्षक गणेशराम थुसा, वडासदस्य सिद्धिराम अवाल, कान्छा बासुकला र विकुनारायण चोकामीले पनि बोल्नुभएको थियो ।

# असल गुरु बन्ने हो भने असल शिष्य बन्नु आवश्यक

ख्वप कलेजमा अध्ययनरत बी.ए. (२०७२ साल भर्ना समूह) र बीएस्सी (२०७१ साल भर्ना समूह) का विद्यार्थीहरूको बिदाइ कार्यक्रम तथा 'उच्च शिक्षामा पहुँच र दृष्टिकोण' विषयमा छलफल कार्यक्रम भदौ ६ गते ख्वप कलेजमा सम्पन्न भयो ।



ख्वप कलेजको आयोजनामा सम्पन्न 'उच्च शिक्षामा पहुँच र दृष्टिकोण' विषयमा छलफल कार्यक्रम

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाद्वारा सञ्चालित कलेजहरू नाफामुखी नभई सेवामुखी भएको चर्चा गर्दै सर्वसाधारण जनतालाई शिक्षा र स्वास्थ्यको सुविधा दिलाउन नपाले शिक्षा र स्वास्थ्यमा लगानी गरिरहेको बताउनुभयो ।

असल गुरु बन्ने हो भने असल शिष्य बन्नु आवश्यक रहेको चर्चा गर्दै उहाँले आजको लापरबाहीले भविष्यमा खराब परिणाम भोग्नुपर्ने हुँदा विद्यार्थीहरूले अनुशासित भइ अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य रूपक जोशी, बी.ए. तथा एम.ए. अंग्रेजीका इन्चार्ज कमिनिका न्याइच्याई, विज्ञान इन्चार्ज मीरा प्रजापति, शिक्षक सुन्दर श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# भोलाछें पोखरी परिसरमा वृक्षारोपण कार्यक्रम

भक्तपुर नगरपालिका वडा नं. ६ को आयोजनामा भदौ ९ गते भोलाछें पोखरी परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले भोलाछें पोखरी परिसरमा बिरुवाहरू रोपी कार्यक्रमको उद्घाटन गर्नुभयो ।



सांसद सुवालले देशमा व्याप्त भ्रष्टाचारको विषयमा जानकारी दिंदै २४ अर्बको जहाज किन्दा ६ अर्ब भ्रष्टाचार भएको कुरा बाहिर आउनु देशको लागि नराम्रो संकेत भएको बताउनुभयो ।

कार्यक्रममा वडासदस्य गोबिन्द दुवालले बोट-बिरुवाहरू रोपी वातावरण राम्रो बनाउन नगरवासीहरूको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैया सुवालले हरियाली प्रवद्धन कार्यक्रमले वरिपरिको वातावरण स्वच्छ र सुन्दर हुने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवाल र वडासदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको भयो ।

# विभिन्न संघीय मन्त्रालयमा भक्तपुर नपाका प्रतिनिधिमण्डल



संघीय मामिला मन्त्री लालबाबु पण्डित र नगर प्रमुख सुनिल प्रजापतिबीच भएको भेट



मन्त्री पद्माकुमारी अर्याल र नगर प्रमुख सुनिल प्रजापतिबीच भएको भेटघाट

भक्तपुर नगरपालिकाले जग्गा धनी र मोहीबीच जग्गा बाँडफाँटको म्याद थप गर्न अनुरोध गर्दै भदौ ४ गते भूमि व्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्रालयमा पत्र बुझायो। नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको टोलीले मन्त्री पद्माकुमारी अर्याललाई भेटी उक्त पत्र बुझाएको हो।

मन्त्रालयको जग्गामाथि द्वैधस्वामित्व अन्त्य गर्ने उद्देश्यले भदौ ४ गतेसम्म अन्तिम म्याद दिई जग्गा धनी र मोहीबीच जग्गा बाँडफाँटको निवेदन दर्ता गर्न सूचना दिएकोमा अझै जग्गा बाँडफाँट गर्न धेरै बाँकी रहेको उल्लेख गर्दै नगरपालिकाले म्याद थप गरे वास्तविक किसानहरू लाभान्वित हुनेमा जोड दिएको हो।

प्रमुख प्रजापतिले भन्नुभयो– 'विभिन्न कारणले अझै पनि जग्गा बाँडफाँटको निवेदन दिन नसकेकाहरू धेरै सङ्ख्यामा छन्, पुर्खौंदेखि जग्गा जोतिरहेका किसानहरूले जग्गामाथिको स्वामित्व पाउनुपर्छ।'

जवाफमा मन्त्री अर्यालले किसानको पक्षमा नगरपालिकाले अगुवाइ गरेकोमा खुसी व्यक्त गर्दै म्याद थप सम्बन्धमा आफू सकारात्मक रहेको जानकारी गराउनुभयो।

भक्तपुर नगरपालिकाको टोलीले संघीय मामिला मन्त्री लालबाबु पण्डितसँग भेटेर नगरका समस्याबारे ध्यानाकर्षण गरायो।

टोलीले ख्वप विश्वविद्यालयको विधेयक प्रक्रियामा अघि बढाउन शिक्षा मन्त्रालयमा पत्र बुझाएको छ। त्यस्तै सो टोलीले रक्षा मन्त्रालय पुगेर भक्तपुरको टुँडीखेल २०५५ सालमा तत्कालीन प्रधानसेनापति प्रज्ज्वल शमशेर जबरासँग भएको सहमतिअनुसार सर्वसाधारण जनतालाई खेलको लागि खुला गर्न तथा भक्तपुर नगरभित्र सेनाको नियन्त्रणमा रहेको सार्वजनिक जग्गा जनताले उपयोग गर्न माग गरेको छ।

प्रमुख प्रजापतिको नेतृत्वमा गएको टोलीमा वडा अध्यक्षहरू

उकेश



भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबारस्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR



भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
DURBAR SQUARE, BHAKTAPUR



भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबारस्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR







भनपाले जग्गा धनी र मोहीबीच जग्गा बाँडफाँटको म्याद थप गर्न भूमि व्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्रालयमा बुझाएको पत्रको प्रतिलिपि

# पर्यटन विकासका लागि मौलिक संस्कृतिको जगेर्ना

पर्यटक प्रहरी इकाई भृकुटीमण्डपद्वारा आयोजित पर्यटक प्रहरी, स्थानीय प्रहरी तथा पर्यटनसँग सरोकारवाला निकायहरूबीच अन्तरक्रिया कार्यक्रमको उद्घाटन भनपाका




पर्यटक प्रहरी इकाई भृकुटीमण्डपद्वारा आयोजित अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रमुख सुनिल प्रजापति

प्रमुख सुनिल प्रजापतिले भदौ ३ गते एक समारोहबीच गर्नुभयो । कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरको दिगो पर्यटन विकासको लागि यहाँको मौलिक संस्कृति र सम्पदाहरूको संरक्षण गर्न आवश्यक भएको बताउनुभयो ।

अन्तरक्रियामा सहभागीहरूको जिज्ञासालाई स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरको पार्किङ र सवारी व्यवस्थापनको लागि गृहकार्य भइरहेको, नगरमा पर्यटकको बसाई लम्ब्याउन पर्यटकीय वातावरण तयार पारेको र आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न चिनियाँ भाषा र स्थानीय पथ प्रदर्शकलगायतको तालिम सञ्चालन भइरहेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले प्रहरीले पर्यटक र नागरिकहरूको जिउधन र पेशागत सुरक्षाको लागि सक्रियतापूर्वक कार्य गर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी, पत्रकारलगायत विभिन्न संस्थाका प्रतिनिधहरूको सहभागिता रहेको थियो ।

# सांस्कृतिक अतिक्रमणप्रति सजगता आवश्यक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाषा, संस्कृति र सीप नै हाम्रो पहिचान भएको हुँदा मौलिकतालाई सबै मिलेर बचाइराख्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग संघको आयोजनामा भदौ २ गते सम्पन्न बेहुली श्रृङ्गार तालिमको समापन कार्यक्रममा बोल्नुहुँदै उहाँले भेषभुषाको नाउँमा नेपालको मौलिकतामाथि सांस्कृतिक अतिक्रमणको सम्भावना भएकोले त्यसबारे सबै सचेत हुनुपर्छ भन्नुभयो । उहाँले प्रत्येक युवाहरूसँग शिक्षाको साथै सीप हुनु पनि जरुरी भएको उल्लेख गर्नुहुँदै भक्तपुर नगरपालिकाले युवाहरूलाई लक्षित गरी चिनियाँ भाषा, स्थानीय पथप्रदर्शक, शिल्पकला, रेडियो प्रस्तोतालगायतका थुप्रै तालिमहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग संघका पूर्वअध्यक्ष चन्दनकृष्ण श्रेष्ठले घरेलु तथा साना उद्योग संघ २०४६ सालमा स्थापना भई हालसम्म ५४ जिल्लामा फैलिसकेको उल्लेख गर्नुहुँदै भक्तपुरले एक नमुना संघको रूपमा कार्य गरिरहेको बताउनुभयो ।



भक्तपुर घरेलु तथा साना उद्योग संघको आयोजनामा बेहुली श्रृङ्गार तालिमको समापन कार्यक्रम

संघका अध्यक्ष विरेन्द्र जतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रशिक्षक शालिन शर्मा, सम्झना बोयजूलगायतले तालिमको उद्देश्य र औचित्यताबारे बोल्नुभएको थियो । तालिममा सहभागीहरूलाई प्रमुख अतिथि प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# डोरी तान्ने प्रतियोगिता सम्पन्न

भक्तपुर नगरपालिका १० नं. वडा खेलकुद समितिको आयोजनामा वडाव्यापी विद्यालयस्तरीय छात्र–छात्रा डोरी तान्ने प्रतियोगिता (टग अफ वार) भदौ १ र २ गते सम्पन्न भयो।

१० विद्यालयका ३५ समूहले भाग लिएको उक्त प्रतियोगिताको उद्घाटन भदौ १ गते भनपा १० वडाका वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले डोरी र सिटी अम्पायर राजेन्द्र प्रजापतिलाई हस्तान्तरण गरी उद्घाटन गर्नुभयो।



वडाव्यापी विद्यालयस्तरीय छात्र-छात्रा डोरी तान्ने प्रतियोगितामा सम्बोधन गर्नुहुँदै वडाअध्यक्ष श्यामकृष्ण खत्री

समापन तथा पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि भनपा वडा नं. १ का वडाअध्यक्ष तथा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले नगरपालिकाको आयोजनामा राष्ट्रपति कप रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन हुने जानकारी दिनुभयो।

प्रतियोगितामा पारागन एकेडेमी 'बी' प्रथम, क्रियटिभ सेकेण्डरी स्कूल द्वितीय र पारागन एकेडेमी 'ए' तृतीय हुन सफल भए। चार इभेन्टमा सञ्चालित खेलमा कक्षा ५ देखि ७ सम्मको छात्रतर्फ क्रियटिभ स्कूल प्रथम, पारागन एकेडेमी द्वितीय र जेन्युइन सेकेण्डरी स्कूल तृतीय भए। सोही इभेन्टको छात्रातर्फको प्रतियोगितामा माउण्ट भ्याली स्कूल प्रथम, मनकामना स्कूल द्वितीय र पारागन एकेडेमी तृतीय भए।

कक्षा ८ देखि १० को छात्रतर्फको प्रतियोगितामा परागन एकेडेमी प्रथम, क्रियटिभ सेकेण्डरी स्कूल द्वितीय र जेन्यूइन सेकेण्डरी स्कूल तृतीय भए। सोही इभेन्टको छात्रातर्फको खेलमा पारागन 'बी' प्रथम, मनकामना द्वितीय र पारागन 'ए' तृतीय भए। प्रतियोगितालगत्तै भएको पुरस्कार विरतण कार्यक्रममा भनपा वडा नं. १ का वडाअध्यक्ष एवं नगर खेलकु समितिका संयोजक श्यामकृष्ण खत्रीले यस वर्षदेखि राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगिता नगरपालिकाकै अगुवाइमा सञ्चालन हुने जानकारी दिनुभयो।

जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले भनपाले नगरवासीको स्वास्थ्यलाई ध्यान दिई विभिन्न थरीका खेलकुद सामग्रीहरू वडा–वडालाई वितरण गरिरहेको हुँदा नगरवासीले यसको सदुपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

आयोजक समितिका अध्यक्ष दिलिपनारायण श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा नं. १० का वडा सदस्य जितेन्द्र मुनंकर्मी, नेपाल तेक्वाण्डो सङ्घ भक्तपुरका जिल्ला अध्यक्ष इन्द्रभक्त चित्रकार, कार्यक्रम संयोजक लक्ष्मीप्रसाद चवाल र उद्धव कोण्डाले पनि बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाको
कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार बिहान ७:३० देखि ८:३०
शुक्रबार बेलुकी ६:३० देखि ७:३० सम्म

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं।
सफाइ गर्दा इज्जत घट्दैन
बरू सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ।

# हनुमन्ते खोला करिडोर व्यवस्थापनसम्बन्धी छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भनपाका जनप्रतिनिधिहरू र अधिकार सम्पन्न बागमती परियोजनाका पदाधिकारीहरूबीच हनुमन्ते खोला करिडोर व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रम साउन ३१ गते सम्पन्न भयो ।



भनपाद्वारा आयोजित हनुमन्ते खोला करिडोर व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रम

छलफलमा प्रमुख प्रजापतिले परियोजना कार्यान्वयन गर्न पूर्व जनप्रतिनिधिहरूलाई परियोजनासम्बन्धी प्रस्तुती गरी स्पष्ट पार्न सकिएमा कार्य क्षेत्रमा सम्भावित बाधा अड्चन कम हुने बताउनुभयो। परियोजनाको योजना तयार पार्दा हालको स्थलगत अवस्था र २०२१ सालको नापी नक्सालाई समेत मध्यनजर गरी मापदण्डबाट मर्का पर्ने जग्गाधनी किसानहरू पहिचान गरी उनीहरूका समस्या सम्बोधन हुने गरी तयार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले जग्गा उपयोगको योजनाहरू तयार पार्दा जग्गा कारोवारीहरूले व्यक्तिगत फाइदाको निम्ति विभिन्न चलखेल हुनसक्ने हुँदा सो विषयमा सचेत हुनुपर्नेमा जोड दिनुभयो । परियोजनासँग सम्बन्धित सबै संघ-संस्थाहरूबीच समन्वय गरी सहकार्य गर्न सकेमा योजना कार्यान्वयन सरल हुने विचार व्यक्त गर्नुभयो ।

छलफलमा उपप्रमुख रजनी जोशी, वडाअध्यक्षहरू उकेश कवां, रविन्द्र ज्याख्व, श्यामकृष्ण खत्री, राजकृष्ण गोरा, हरिप्रसाद बासुकला, प्रेमगोपाल कर्माचार्य, भनपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल, ई. रामगोविन्द श्रेष्ठ, ई. श्रीकृष्ण न्याईच्याई, परियोजनाका ई. रमेश प्रधानाङ्ग, योगन्द्र चित्रकार र रेशमबहादुर खत्रीको समेत उपस्थिति थियो ।

# नयाँ मुलुकी संहिताबारे अभिमुखीकरण

मुलुकी ऐन २०२० लाई प्रतिस्थापन गरी मिति २०७५ भाद्र १ गतेबाट लागू हुने मुलुकी संहिता (ऐन) २०७४ का मुख्य-मुख्य प्रावधानहरूका सम्बन्धमा भक्तपुर नगरपालिकाको आयोजनामा साउन ३१ गते अभिमुखीकरण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुनको अनभिज्ञता क्षम्य नहुने र कानुन थाहा भएन भन्दैमा कानुनी दायित्वबाट उन्मुक्ति नपाउने हुँदा जनप्रतिनिधि र कर्मचारीहरूले नयाँ संहितामा भएका प्रावधानहरू आफूले अध्ययन गरी सर्वसाधारण जनतालाई समेत जानकारी दिई दैनिक कार्य सम्पादनमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

श्रोतव्यक्तिका रूपमा भक्तपुर जिल्ला अदालतका स्रेस्तेदार कृतबहादुर बोहराले देवानी कानुनका सैद्धान्तिक पक्षहरू समेतकाबारेमा प्रकाश पार्नुभयो भने कानुन अध्ययन समाज नेपालका अध्यक्ष रामप्रसाद प्रजापतिले सो संहितामा समेतिएका पारिवारिक कानुनअन्तर्गत अंशबण्डा, विवाह, सम्बन्धविच्छेद, अपुताली, धर्मपुत्रसम्बन्धी व्यवस्थाहरूका सम्बन्धमा सहभागीहरूलाई जानकारी गराउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, शाखा प्रमुखहरू,



मुलुकी संहिता (ऐन) २०७४ का प्रावधानहरू सम्बन्धमा भएको अभिमुखीकरण कार्यक्रम

वडाका सचिवहरू र प्रशासन सहायकहरूको सहभागिता थियो । कार्यक्रममा सहभागीहरूलाई मुलुकी देवानी संहिता (ऐन) २०७४, मुलुकी अपराध संहिता ऐन २०७४ लगायतका पुस्तकसमेत वितरण गरिएको थियो ।

# नगरप्रमुख प्रजापतिसँग प्रमुख सेनानीको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर सैनिक आवासीय महाविद्यालयका प्रमुख सेनानी (सम्पर्क अधिकृत) देवबहादुर क्षेत्रीले साउन ३१ गते भेट गर्नुभयो।

भेटमा प्रमुख प्रजापतिले भक्तपुरको रानी पोखरीको




प्रमुख सुनिल प्रजापति र सेनानी देवबहादुर क्षेत्रीबीच भएको भेट

पुनःनिर्माण र व्यवस्थापनको लागि भक्तपुर नगरपालिकाले नक्सा डिजाइनको कामको तयारी गरिरहेको बताउनुभयो। उहाँले रानीपोखरी र त्यसको वरपर प्रजापति समुदाय र अन्य विभिन्न समुदायका जनताले वर्षेनि देवाली पूजा गर्दै आएको हुँदा रानीपोखरीको पुनःनिर्माणले सुन्दरता बढ्नेछ भन्नुभयो। नपाका प्राविधिकहरूलाई आवश्यक सहयोग गर्न उहाँले प्रमुख सेनानीलाई ध्यानाकर्षण गर्नुभयो। सिद्धपोखरी उत्तरको खेलमैदानलाई विगतमा जस्तै बिहान ६:०० बजे देखि ९:०० बजेसम्म फुटबल प्रशिक्षणको लागि खुला गर्ने २०५५ साल असार ४ गते वलाधिकृत रथी प्रज्वलशम्शेर राणासँग भएको सम्झौता कार्यान्वयनमा जोड दिनुभयो।

छलफलमा सैनिकको स्वामित्वमा रहेको च्वङ्गा गणेशदेखि भक्तपुर अस्पताल र भक्तपुर क्यान्सर अस्पतालको सीमासम्मको ५८४ रोपनी क्षेत्रका स्थानीय जनताहरूको आस्था र संस्कृतिसँग जोडिएका च्वङ्गा गणेश क्षेत्र रानीपोखरी क्षेत्रलगायतलाई सार्वजनिक कायम गर्नुपर्नेमा जोड दिनुभयो। मन्दिर र पोखरी क्षेत्रको सैनिकको स्वामित्वमा रहेको जग्गा सार्वजनिक कायम गर्न नीतिगत निर्णय गर्नुपर्ने भएकोले रक्षा मन्त्रालयसँग आवश्यक सल्लाह भइरहेको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो।

छलफलमा प्रमुख सेनानी क्षेत्रीले सम्पर्क अधिकृतको हैसियतले आफू प्रस्तावप्रति सकारात्मक रहेको र प्राप्त सुझाव र पत्रको व्यहोरालाई सम्बन्धित माथिल्लो निकायमा पुऱ्याएर खबर गर्ने बताउनु भयो।

# ख्वप अस्पताल भवन निर्माणको तयारीमा

भक्तपुर नगरपालिका वडा नं. ९ का पूर्वजनप्रतिनिधि, स्थानीय बुद्धिजीवीहरू, महिला, युवा तथा विद्यार्थीहरूको भेला साउन ३१ गते सम्पन्न भयो। स्थानीय जनताको उत्साहजनक सहभागिता रहेको उक्त भेलामा आ.व. २०७४/०७५ मा वडामा सञ्चालित योजना तथा कार्यक्रमहरूको समीक्षा तथा आ.व. २०७५/०७६ का लागि नयाँ योजना सञ्चालनको विषयमा छलफल गरिएको थियो।

भेलामा नगर प्रमुख सुनिल प्रजापतिले देशका अन्य नगरपालिकाहरू ऐन कानुनको अभावमा कार्य गर्न अलमलिइरहेको, जनप्रतिनिधिहरूबीच नै एकता नभएर काम गर्न नसकिरहेको अवस्थामा भक्तपुरमा विकास निर्माण र जनताको समस्या समाधान गर्ने कार्यमा तीव्रता दिइरहेको जानकारी दिनुभयो।

नगरवासीहरूको घर–घरबाट निस्कने फोहर पानी हनुमन्ते र खासाङखुसुङ खोलामा मिसाइरहेको सन्दर्भमा अब फोहर पानी ढलमार्फत अलग्ग सल्लाघारी र खँचास्थित उपचार पोखरीमा आधुनिक प्रविधिमार्फत उपचार गर्ने योजना अघि बढाइएको उहाँको कथन थियो। प्रमुख प्रजापतिले नगरका दुई खोलालाई पुनःजीवन दिने र देकोचामा अरनिको सभाभवन बनाउने तयारीका साथ नेपाल सरकारमा पत्राचार भई स्वीकृतिको चरणमा पुगेको समेत जानकारी दिनुभयो। यो वर्षको वर्षा रोकिएसँगै च्याम्हासिंहमा ख्वप अस्पताल भवन निर्माणको तयारीमा जुट्ने उहाँको भनाइ थियो।

वडाध्यक्ष रविन्द्र ज्याख्वले स्थानीय जनताको सक्रिय सहभागितामा गत आ.व.मा निर्धारण गरिएका प्रायः सबै योजनाहरू सञ्चालन भइरहेको र धेरै सम्पन्न समेत भएको उल्लेख गर्दै स्थानीय वडावासीहरूप्रति कृतज्ञता ज्ञापन गर्नुभयो। नगरपालिकामा जनप्रतिनिधि बहाली भएसँगै नगरपालिकाप्रति जनतामा विश्वास बढेको चर्चा गर्दै उहाँले जनताको समस्या समाधानमा लाग्दै गर्दा धेरै सिक्ने अवसर मिलेको बताउनुभयो।

जनप्रतिनिधिहरू छोरीमैयाँ सुजखू (प्रजापति), जगतलाल मानन्धर र इन्द्रबहादुर प्याथले वडावासीहरूसँग मिलेर उपभोक्ता समितिमार्फत् काम गर्दाको अनुभव, कृषकहरूलाई निःशुल्क बीउ वितरण तथा सरसफाइ र सामाजिक सुरक्षा वितरण गर्दाको अनुभव साट्नुभयो।

भेलामा तुमचो दुगुरे जग्गा एकीकरण आयोजनाको प्रगति विवरणको विषयमा ओभरसियर दयाप्रसाद न्याइच्याई, वडाको विकास निर्माण र नयाँ योजनाबारे ओभरसियर अर्हत बज्राचार्य तथा वडाको प्रशासनिक गतिविधिबारे वडासचिव पुण्यराम लाखाले जानकारी दिनुभयो।

# दैलेख चामुण्डाका जनप्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग दैलेखको चामुण्डा विन्द्रासैनी नगरपालिकाका प्रमुख सूर्यबहादुर शाहीको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले साउन ३० गते भेट गर्नुभयो ।



भनपा प्रमुख सुनिल प्रजापति र दैलेखको चामुण्डा विन्द्रासैनी नपाका प्रतिनिधिमण्डलबीचको सामूहिक तस्बिर

भेटमा प्रमुख प्रजापतिले सम्पदा संरक्षण कार्यमा पुरातत्त्व विभाग र नगरपालिकाले गर्ने कार्यमा दोहोरोपन नआउने गरी संरक्षणको सबै जिम्मा स्थानीय तहलाई दिनुपर्ने जोड दिँदै दरबार क्षेत्रको कला संग्रहालय भवन नगरपालिका आफैले पुन:निर्माण गर्न लागेको जानकारी दिनुभयो ।

चामुण्डा बिन्द्रासैनी नगरपालिकाका प्रमुख शाहीले चामुण्डा नगरपालिकाले पनि शिक्षालाई विशेष महत्त्व दिई स्थानीय पाठ्यक्रम तयारी गरीरहेको र भक्तपुर नगरपालिकाबाट शिक्षा स्वास्थ्य र सम्पदा संरक्षण रे सिक्न चाहेको विचार व्यक्त गर्नुभयो ।

भेटमा चामुण्डा नगरपालिकाका वडाअध्यक्ष निरकबहादुर साही, शेरबहादुर रावल, बजिरसिंह विक र जयप्रसाद तिमिल्सेनाको पनि उपस्थिति थियो । भेटपछि प्रतिनिधि मण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज र दरबार क्षेत्रमा निर्माणाधीन सम्पदाहरूको स्थलगत अवलोकन भ्रमणसमेत गर्नुभएको थियो ।

# टोखाका जनप्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग टोखा नगरपालिकाका उपप्रमुख ज्ञानमाया डंगोलको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले साउन ३० गते भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले स्थानीय इतिहास र पुरातत्त्वको अध्ययन अनुसन्धान गरी मौलिक स्वरूप र शैलीको संरक्षण गर्नुपर्ने र स्थानीय जनतालाई चेतना प्रदान गरी टोखाको प्राचीन मौलिकता जोगाउने कार्य गरेमा सफल हुने सुझाब दिनुभयो । टोखाजस्तो ऐतिहासिक सहरहरूको स्थानीय मौलिकता जोगाउन र पुनर्जीवित गर्न सकिएमा यो पर्यटन उद्योगको आधारको रूपमा विकास हुने सम्भावना रहेको विचार व्यक्त गर्नुभयो ।

भेटमा टोखा नगरपालिकाका उपप्रमुख डंगोलले भक्तपुरको ऐतिहासिक सम्पदा संरक्षणको अनुभवबाट सिक्न चाहेको र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र सदुपयोगबारे भक्तपुरको अभ्यास बुझ्न भेट गर्न आएको बताउनुभयो ।

भेटघाट कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडाअध्यक्षहरू हरिराम सुवाल,



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग टोखा नगरपालिकाका उपप्रमुख ज्ञानमाया डंगोलको नेतृत्वमा आएको प्रतिनिधिमण्डलबीचको सामूहिक तस्बिर

लक्ष्मीप्रसाद हयौंमिखा, टोखा नगरपालिकाका सुनिता महर्जन, मणिराज डंगोल, कुमार रंजित र विजय डंगोलको पनि उपस्थिति थियो ।

# नगर प्रमुख प्रजापतिसँग कीर्तिपुर नगरपालिकाका प्रतिनिधिमण्डलको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कीर्तिपुर नगरपालिकाका उपप्रमुख सरस्वती खड्काको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले साउन २९ भेट गऱ्यो ।

भेटमा प्रमुख प्रजपातिले भक्तपुरमा सम्पदा संरक्षण र विकास निर्माणको कार्य उपभोक्ता समितिमार्फत् जनसहभागितामा पारदर्शी ढंगले गर्दै आएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कीर्तिपुर नगरपालिकाका उपप्रमुख सरस्वती खड्काको नेतृत्वमा आएको प्रतिनिधिमण्डलबीच भएको भेट

भनपाका सबै आर्थिक गतिविधिहरू विभिन्न माध्यमबाट पारदर्शी गर्दै आएको विचार राख्दै विभिन्न निर्माण कार्यमा योगदान पुऱ्याउने उपभोक्ता समितिका पदाधिकारीहरूलाई उत्साहित गर्न विभिन्न कार्यक्रमहरूमा सम्मान गर्दै आएको बताउनुभयो । उहाँले भेटघाट र अनुभवहरूको आदानप्रदानले जनप्रतिनिधिहरूले काम गर्न सहज हुने बताउनुभयो ।

कीर्तिपुर नगरपालिकामा नयाँ आवास योजना सञ्चालन गर्न भक्तपुर नगरपालिकाले सम्पन्न गरिसकेका आवास योजनाहरूको अनुभवहरू बुझ्न भक्तपुर आएको बताउँदै कीर्तिपुर नगरपालिकाका उपप्रमुख सरस्वती खड्काले भक्तपुर नगरपालिकाको अनुभवले कीर्तिपुरमा आवास योजना सञ्चालन गर्न विशेष सहयोग पुग्ने बताउनुभयो । उहाँले कीर्तिपुरमा २९०० रोपनी जग्गामा हाल जग्गा एकीकरण आवास योजना सञ्चालन गर्न व्यवस्थापन उप–समिति समेत गठन भइसकेको अवस्थामा के कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा भक्तपुरबाट सिक्न चाहेको बताउनुभयो ।

भेटमा भक्तपुर नपाद्वारा सञ्चालित तुमचो दुगुरे आवास योजनाका प्रमुख ई. ओमहरि था र देको मिवा इतापाके आवास योजनाका प्रमुख ई. दिलभक्त जयनाले योजनासम्बन्धी प्रस्तुती गर्नुभएको थियो । भेटमा भनपाका उपप्रमुख रजनी जोशी, कीर्तिपुर नगरपालिकाका वडाअध्यक्ष राजेन्द्र महर्जन, राजेन्द्र बानियाँ, गंगाराम महर्जन र वरिष्ठ ई. बालकृष्ण महर्जनको पनि उपस्थिति थियो । भेटघाट पछि प्रतिनिधिमण्डलले तुमचो दुगुरे र लिवाली जग्गा एकीकरण आवास योजना, ख्वप ई.कलेजलगायतको स्थलगत अवलोकन गर्नुभएको थियो ।

# प्रमाणपत्र वितरण कार्यक्रम

भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा साउन २६ गते आ.व. २०७४।०७५ मा वडा नं. ६ क्षेत्रभित्र भएका विकास निर्माणका योजनाहरूमा उपभोक्ता समितिमा रहेर कार्य गरेकाहरूलाई धन्यवादपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका सांसद प्रेम सुवालले उपभोक्ता समितिमा बसेर काम गर्नु समाजसेवा हो र यो इतिहासमा लेखिने कुरा भएको बताउनुभयो । साथै उहाँले हरेक विकास निर्माणका कार्यहरू ठेक्कपट्टाबाट नभई उपभोक्ता समितिमार्फत् हुँदा नगरवासीहरूमा अपनत्व बढ्ने बताउनुभयो ।

कार्यक्रममा वडासदस्य गोबिन्द दुवालले उपभोक्ता समितिमा बसेर कार्य गर्नुहुने सर्म्पूणमा धन्यबाद दिँदै समाजको सेवा गर्ने काम सजिलो नभए पनि अत्यन्त महत्त्वपूर्ण रहेको कुरा बताउनुभयो ।



भनपा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवाल, स्थानिय शिक्षक गणेशराम थुसा र वडासदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको थियो ।

# सरकार भूकम्प पीडितप्रति संवेदनशील हुन सकेन

भक्तपुर नगरपालिका र ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको संयुक्त आयोजनामा साउन २८ गते भूकम्प पीडितहरूलाई राहत वितरणसम्बन्धी छलफल कार्यक्रम भयो ।

भक्तपुर नपाद्वारा आयोजित सो छलफल कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले सरकार भूकम्प पीडितप्रति संवेदनशील नभएको विचार व्यक्त गर्नुभयो । उहाँले आर्थिक समस्या र अनेक झन्झटिलो प्रक्रिया पुऱ्याउनुपर्ने कारण गरिब निमुखा जनताले समय बिते पनि घर पुनः निर्माणको लागि राहत पाउन नसकेको बताउनुभयो ।




भक्तपुर नगरपालिका र ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको संयुक्त आयोजनामा भूकम्प पीडितहरूलाई राहत वितरण सम्बन्धी छलफल कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

धेरैले धेरै लाभ लिन नसकून् भन्ने उद्देश्यले ल्याएको २ प्रतिशत ब्याजको सहुलियत ऋण पूँजीवादी विचारबाट ग्रसित रहेको विचार प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

विद्यालय भवन पुनः निर्माण विभागका प्रमुख दिलेश्वर प्रधानले क्षतिग्रस्त विद्यालय पुनः निर्माणमा भइरहेको सहयोगबारे जानकारी दिँदै आ.व. ०७५/०७६ को लागि पीडितहरू विद्यालयले विद्यालय पुनः निर्माणसम्बन्धी प्रस्ताव पेश गर्न अनुरोध गर्नुभयो ।

ट्रान्सपरेन्सी इन्टरनेसलनका कार्य समिति सदस्य एवं वरिष्ठ अधिवक्ता सविता भण्डारीले पुनःनिर्माणसम्बन्धी सरकारी नीति र कार्यक्रम पारदर्शी हुनुपर्ने विचार राख्दै ट्रान्सपरेन्सी जवाफदेही, सदाचार, ऐक्यद्धता, साहस, न्याय, प्रजातन्त्रजस्ता आधारभूत मूल्य र मान्यताको आधारमा काम गरिरहेको बताउनुभयो ।

राष्ट्रिय पुनः निर्माण प्राधिकरण कार्यान्वयन एकाइ प्रमुख ध्रुव गैडाले भूकम्प पीडितहरूलाई राहतमा गति दिने मनसाय नै छलफल कार्यक्रमको उद्देश्य रहेको विचार व्यक्त गर्दै राहत प्रक्रियालाई सहज बनाउन एकाइ प्रतिबद्ध रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पुरातात्त्विक सम्पदा पुनः निर्माणमा प्राधिकरणले सम्बोधन नगरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत रोहितराज पोखरेल, भोजराज भट्ट, जुनु ढकाल र रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

छलफल कार्यक्रममा भूकम्प पीडित जनताका समस्या र गुनासोबारे वडाध्यक्ष र वडा सचिवहरूले आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# भाज्या पोखरी पुनः निर्माण कार्यदल गठन

भक्तपुर नगरपालिकाले निर्माणाधीन भाज्या पोखरीस्थित मन्दिरबारे अध्ययन गर्न कार्यदल गठन गरेको छ ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०७५ साल साउन ३० गते बसेको बैठकले प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरेको हो । कार्यदलका अन्य सदस्यहरूमा दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालयका प्रमुख मोहनसिंह लामा, राष्ट्रिय कला संग्रहालय प्रमुख सरस्वती सिंह, इतिहासविद् विश्वमोहन जोशी, भनपा सम्पदा उपशाखाका ई. सूर्यभक्त खर्बुजा र सदस्यसचिव आ.ई. रामगोविन्द श्रेष्ठ रहनुभएको छ ।

बैठकले कार्यदललाई एक महिनाको समयावधि तोकेको छ र कार्यदलले आवश्यक कार्यविधि आफैं बनाउन सक्ने निर्णय गरेको छ ।

# ‘युवाको निम्ति सुरक्षित विश्व’ नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो

भक्तपुर नगरपालिकाको आयोजनामा ‘युवाको निम्ति सुरक्षित विश्व’ भन्ने नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवसको उपलक्ष्यमा साउन २७ गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आजका युवाले भोलिका देशका भविष्य निर्धारण गर्ने हुँदा युवाहरू राजनीतिक रूपमा सचेत, सङ्गठित र अनुशासित बन्नुपर्ने विचार राख्नुभयो ।




अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रमका अतिथिहरू

उहाँले राजनीतिक परिवर्तनको निम्ति युवाहरूको महत्त्वपूर्ण भूमिका हुने बताउँदै देश जोगाउन आवाज उठाउने युवाहरू आवश्यक भएको बताउनुभयो ।

एनजीओको पक्कड गाउँ–गाउँमा बढिरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले एनजीओ/आईएनजीओको स्वीकृतिलाई प्राथमिकतामा नराखेको प्रस्ट पार्नुभयो ।

भनपाका उपप्रमुख रजनी जोशीले युवाहरूले आफ्नो क्षमताअनुसार देश निर्माणमा सहयोग गर्नुपर्ने धारणा राख्दै भक्तपुर नगरलाई युवाहरूको लागि सुरक्षित ठाउँको रूपमा विकास गर्ने अभियानमा लागिपरेको बताउनुभयो ।

युवा तथा खेलकुद समितिका सदस्य तथा वडा अध्यक्ष उकेश कवांले सरकारले युवालाई स्वदेशमै रोजगारीको ग्यारेन्टी गर्नुपर्ने, युवाको अधिकार सुनिश्चित हुने युवा नीतिहरू अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा मजदुर दैनिक पत्रिकाका प्रधान सम्पादक नीरज लवजूले युवाहरू उमेरले भन्दा भावना र ऊर्जाले उत्प्रेरित हुने चर्चा गर्दै एनजीओ/आइएनजीओले युवाहरूभित्रको चाहनामा खिया लगाइरहेको बताउनुभयो ।

उहाँले रेमिट्यान्सको भरमा पर्ने देशको विकास कहिले पनि दिगो हुन नसक्ने बताउँदै साम्राज्यवादविरोधी युवाहरू देशको सुरक्षाको निम्ति आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, वडा अध्यक्ष हरिप्रसाद बासुकला र नगरपालिका सदस्य सुनिता अवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पाँचवटा वडाका खेलकुद समितिका अध्यक्षहरूलाई शारीरिक व्यायामको सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाद्वारा मासु पसल अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भदौ १८ गते कमलविनायकमा नौ वटा मासुपसलमा अनुगमन गरियो ।

अनुगमन टोलीले न्यू महालक्ष्मी कोल्ड स्टोरमा बधस्थल फोहर देखिएकोले सरसफाइमा विशेष ध्यान दिनुपर्ने र पसल दर्ता प्रमाणपत्र पसलमा राख्न, सिद्धि गणेश मिट सप पसलमा मासु शिशाभित्र राखेर जालीले छोप्न, र ामकृष्ण शाहीको राँगोको मासु पसलको भित्ता फोहर भएकोले सफा गर्न, महिमा कोल्ड स्टोरमा ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, कमलबिनायक माछा पसलमा मापदण्डमा परेको टहरा हटाई पसल नवीकरण गर्न सुझाव दियो ।

त्यस्तै सुभानी कोल्ड स्टोरमा तराजु डिजिटल प्रयोग गर्न, भक्तपुर कोल्ड स्टोरमा मुल्यसूचि राख्न, कार्यविनायक मिट सपमा पसलमा खिया लागेको औजार प्रयोग नगर्न, लक्ष्मी शाहीको राँगोको मासु पसल धुलो र झिंगाले नभन्किने गरी शिशाभित्र जालीले छोपेर राख्न निर्देशन दियो ।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्यसचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका मोहनदेवी व्याञ्जू, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे, महानगरीय प्रहरी प्ररिसरका रामशरण तामाङलगायतको सहभागिता रहेको थियो ।

# हनुमानघाटको उपचारपोखरी पुनः सञ्चालनबारे अन्तरक्रिया

'सिद्धान्त र व्यवहारमा मेल भएन भने जतिसुकै राम्रा-राम्रा योजनाहरू भए पनि असफल हुन सक्छन् । प्राविधिकहरूले प्राविधिक ज्ञानसँगै व्यवहारिक भएर पनि योजनाहरू निर्माण गर्नुपर्छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ७ को आयोजनामा साउन २७ गते




हनुमानघाटस्थित उपचारपोखरी पुनः सञ्चालन गर्ने सम्बन्धमा भएको अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

हनुमानघाटस्थित उपचारपोखरी पुनः सञ्चालन गर्ने सम्बन्धमा भएको अन्तरक्रिया कार्यक्रममा उक्त कुरा बताउनुभएको हो ।

उहाँले राज्यले अनुसन्धानमा बढी लगानी गर्नुपर्नेमा जोड दिँदै भन्नुभयो- 'हाम्रा विश्वविद्यालयहरूमा अनुसन्धान खासै हुँदैन । अनुसन्धानले नयाँ नयाँ तथ्यहरू पत्ता लाग्छन् । त्यसको आधारमा विकास निर्माण अघि बढ्छ । भनपाले ख्वप विश्वविद्यालय स्थापना गरी नयाँ पुस्तालाई अनुसन्धानमा केन्द्रित गर्ने सोच बनाएको छ ।

नयाँ प्रविधिको ज्ञान नयाँ पुस्तालाई दिँदै उपचारपोखरीको विषयमा नयाँ जनशक्ति तयार गर्नुपर्ने विचार उप-प्रमुख रजनी जोशीले उक्त कार्यक्रममा राख्नुभयो ।

उपचारपोखरीको प्राविधिक रिपोर्ट परियोजना कार्यान्वयन केन्द्रीय निर्देशनालय प्रमुख सुरजकुमार वनद्वारा प्रस्तुती दिनुभयो । त्यस्तै ई. किशोर पन्थीले यहाँ उठेका जिज्ञासा स्पाष्ट पार्नुभयो ।

हनुमन्ते खोला ऐतिहासिक महत्त्व भएकोले त्यसको संरक्षणमा लाग्नुपर्ने, हनुमन्ते करिडोर निर्माण, हनुमानघाट सुधारबारे जानकारी दिँदै परियोजना सञ्चालनपूर्व नै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नु राम्रो भएको कार्यक्रमका सभापति उकेश कवांले बोल्नुभयो । कार्यक्रममा ८ वडाका वडाअध्यक्ष महेन्द्र खायमली, वडावासी कृष्णगोविन्द लाखा र वडासदस्य हरिरत्न गोर्खालीले पनि बोल्नुभएको थियो ।

# प्रमुख प्रजापति र भूमिसुधार अधिकारीबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित भूमिसुधार कार्यालय भक्तपुरका भूमिसुधार अधिकारी चन्द्रमणि अर्यालले साउन २७ गते भेट गर्नुभयो ।

भेटमा मोही नामसारी र जग्गा बाँडफाँटमा देखिएका समस्याहरूबारे छलफल भयो । प्रमुख सुनिल प्रजापतिले मोही र जग्गाधनीबीच जग्गा बाँडफाँट गर्ने म्याद २०७५ भदौ ४ गतेसम्म मात्र भएकोमा सो म्याद थप गर्न भूमिसुधार कार्यालयको तर्फबाट सम्बन्धित कार्यालयमा पहल गर्नुपर्ने र हदम्यादको कारण देखाई अधिकांश मोहीहरूको जग्गा नामसारी, बाँडफाँटलगायतका काममा समस्या आइरहेको हँदा कानुनबमोजिम मिल्ने सबै कामहरू छिटो छरिटो गर्नुपर्नेतर्फ ध्यानाकर्षण गर्नुभयो ।

उहाँले जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट गर्दा सम्बन्धित जग्गाको स्थलगत निरीक्षण गरेरमात्रै गर्नुपर्ने तथा भूमि सुधार कार्यालयमा आर्थिक अनियमितताबारे पनि जनताबीच चर्चा भइरहेको हुँदा त्यसलाई रोक्न भूमिसुधार अधिकारीले ध्यान दिन जोड दिनुभयो ।

भूमिसुधार अधिकारी चन्द्रमणि अर्यालले हदबन्दीसम्बन्धी समस्या समाधानको लागि भूमिसम्बन्धी ऐन २०२१ को दफा ८ मा भएको प्रावधानमा संशोधन हुनुपर्ने र उक्त समस्याको विषयमा स्थानीय तहलगायत राष्ट्रिय तहमा राजनैतिकरूपमै पहल हुनुपर्ने विचार राख्दै छिटो छरिटो सेवा प्रवाह गर्ने बचतबद्धता प्रकट गर्नुभयो ।

उहाँले जग्गा बाँडफाँट गर्दा स्थलगत निरीक्षण गर्ने, म्यादभित्र जग्गा बाँडफाँड र अन्य विषयका निवेदनहरू दर्ता गर्ने गरेको पनि सो अवसरमा बताउनुभयो ।

भेटमा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भक्तपुरका भूमिसुधार अधिकारी चन्द्रमणि अर्यालबीच भएको भेट

नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र कानुन अधिकृत गणेशलाल फोंजुको पनि उपस्थिति थियो ।

# 'नेपाल-चीन सम्बन्ध नयाँ ढङ्गले अगाडि बढाउनुपर्छ'





जनवादी गणतन्त्र चीनको सिचुआन प्रान्तको सुई निङ सहरको जनप्रतिनिधिसभाका उपाध्यक्ष ताइ चियन मिङको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डललाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले साउन २६ गते भक्तपुरमा स्वागत गर्नुभयो ।

स्वागत भेटमा अध्यक्ष रोहितले नेपाल र चीनबीचको सम्बन्ध इतिहास जत्तिको पुरानो रहेको बताउँदै नयाँ पुस्ताले नयाँ परिस्थितमा नयाँ ढङ्गले नेपाल-चीन सम्बन्धलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

भेटमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरबारे छोटो परिचय दिंदै भक्तपुरले शिक्षा, स्वास्थ्य, खेलकुद क्षेत्रमा जोड दिइरहेको प्रस्ट पार्नुभयो ।

सिचुवान प्रान्तको सुइनिङ सहरका जनप्रतिनिधिसभाका उपप्रमुख ताइ चिय मिङले सुई निङ भक्तपुरजस्तै पुरानो सहर भएको बताउँदै उद्योग र पर्यटन क्षेत्रमा अगाडि बढिरहेको जानकारी दिनुभयो । एक-आपसमा सांस्कृतिक पर्यटनको अनुभव आदानप्रदानमा जोड दिंदै उहाँले सुई निङले भक्तपुरले जस्तै टोल-टोलमा स्वास्थ्य सेवा पुऱ्याइरहेको बताउनुभयो ।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको पनि उपस्थिति रहेको थियो ।

# मासु पसलमा अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा साउन ३० गते भनपा २ स्थित सानोव्यासी र कासङ्घाट क्षेत्रमा सञ्चालित कुखुरा, राँगो, खसीबोका गरी आठवटा मासुपसलमा अनुगमन गरियो ।

टोलीले इन्द्रायणी मीट शपमा अघिल्लो अनुगमन गरेको समयमा तराजुमा फलामको टुक्रा झुण्ड्याएकोले सुझाब दिएको तर पछिल्लोपटक अनुगमन गर्दा पनि तराजुमा कैफियत देखिएको हुँदा टोलीले तराजु थान १ नियन्त्रणमा लिई एक हप्ताभित्र साइनबोर्ड र भित्तामा कार्पेट राख्न सुझाव दिएको छ । सोही स्थानमा रहेको अर्को मासु पसललाई पनि भित्तामा कार्पेट लगाउन र साइनबोर्ड राख्न सुझाव दिइएको छ ।

जयकाली मीट शपमा ६ किलो राँगोको मासु गन्हाएको अवस्थामा रहेकोले टोलीले उक्त मासु नष्ट गर्न जफत गरेको छ र मासुलाई जालीले छोप्न र १ हप्ताभित्र साइनबोर्ड राख्न सुझाव दिएको छ ।

कालिका कोल्ड स्टोरमा मासु काट्ने खिया लागेका चुपीहरू प्रयोग गरेकोले चुपी २ थान जफत गरिएको छ । कासङ् सडकको न्यु सञ्जीव मीट शपमा ७ किलो ६ सय ग्राम राँगोको मासु गन्हाएको अवस्थामा भेटिएकोले नष्ट गर्न टोलीले जफत गरेको छ । जफत गरिएको १३ किलो ६ सय ग्राम मासु सरोकारवालाहरूको रोहबरमा मुचुल्का उठाई महेश्वरी स्थानमा पुर्न लगाई नष्ट गरिएको छ ।

अनुगमनमा वडाअध्यक्ष हरिराम सुवाल, नगर कार्यपालिका सदस्य रोशनमैंया सुवाल, नगर निरीक्षक दिलिपकुमार सुवाल, जिल्ला पशुसेवा कार्यालयका पशु चिकित्सक उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मनोज थापा, उद्योग वाणिज्य सङ्घका सञ्जय जोन्छें, जिल्ला जनस्वास्थ्य कार्यालयका धनञ्जय अर्याल महानगरीय प्रहरी प्रभागका राजबहादुर डगौराको सहभागिता रहेको छ ।

# सहकारी संस्थाबारे विद्यालय पाठ्यक्रममा समावेश हुनुपर्ने सुझाव

बचत तथा ऋण सहकारी संस्थाको गठन र सञ्चालन, उपभोक्ता समितिमार्फत विकास निर्माण गर्ने तथा अन्धविश्वासविरूद्धका विषयबारे स्थानीय तहको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरी नयाँ पुस्तालाई शिक्षित र दिक्षित गर्नु आवश्यक छ।




सहकारी समाज नेपालद्वारा साउन २६ गते आयोजित भ्रष्टाचारविरोधी आन्दोलन र सहकारी विषयक अन्तरक्रियामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले उक्त विचार राख्नुभएको हो।

उहाँले नेमकिपा स्थापनाको एउटा आधार भ्रष्टाचारविरोधी आन्दोलन पनि भएको चर्चा गर्दै विकास निर्माण ठेक्का-पट्टामा दिनुपर्ने कानुनी प्रावधानले भ्रष्टाचारलाई बढाएको उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले सहकारी ऐन आवश्यकताअनुसार संशोधन हुँदै जाने बताउनुभयो।

नेपाल क्रान्तिकारी युवा संघ भक्तपुरका अध्यक्ष मिनबहादुर बाटाले पार्टीका अग्रजहरूले नेतृत्व गर्नुभएको २०२५ साउन २ र २०२६ असार १९ गतेको भ्रष्टाचारविरोधी आन्दोलन र त्यसबाट नयाँ पुस्ताले लिनुपर्ने पाठबारे चर्चा गर्नुभयो।

समाजका उपाध्यक्ष कृष्णगोविन्द लाखाजूले सहकारी ऐन, २०७४ मा भएको कारोवार, रजिष्ट्रेशन, दृष्टिबन्धक, जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोषमा कर छुट, सुविधा र सहुलियत कार्यान्वयन नहुँदा सहकारी संस्थालाई हानी पुगेको बताउनुभयो।

आयोजक समाजका अध्यक्ष केदार खड्काको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव जगनाथ प्रजापतिले अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# न्यातापोल कर्नर टीमको पुरस्कार वितरण

न्यातापोल कर्नर टीमको पाँचौं स्थापना दिवसको अवसरमा आयोजित विधि कार्यक्रमको साउन २६ गते एक समारोहबीच पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले जनताको जीवनस्तर उकास्ने उद्देश्यले शिक्षा, स्वास्थ्य, पर्यटन विकास, खेलकुदको विकासमा प्राथमिकता दिएको चर्चा गर्दै पुर्खाले बनाएका कला र संस्कृति आजको पुस्ताको लागि सम्पत्ति भएको धारणा राख्नुभयो।

'भक्तपुर नगरपालिकालाई हरेक क्षेत्रमा पहिलो बनाउन भक्तपुर नपा मात्र लागेर सम्भव हुँदैन। त्यसको लागि स्थानीय टीम क्लबको पनि सहयोग आवश्यक हुन्छ' प्रमुख प्रजापतिले भन्नुभयो।

कार्यक्रममा वडा नं. ५ का वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्य, सिद्धिस्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष श्यामसुन्दर धौभडेल, कर्नर टीमका संस्थापक अध्यक्ष शिवनारायण गोथे, टीमका अध्यक्ष मुक्तिसुन्दर जधारी, सल्लाहकार राजाराम चवाल, न्हुछेरत्न खाइजु, शिवसुन्दर गोथे, रोशन धौभडेल, न्हुज किजुलगायतले बोल्नुभएको थियो।



न्यातापोल कर्नर टीमको पाँचौं स्थापना दिवसको अवसरमा आयोजित पुरस्कार वितरण कार्यक्रम

# 'गैसस उपभोक्ता समितिको विकल्प हुनसक्दैन'

भक्तपुर नपा वडा नं. १० ले साउन २५ गते आर्थिक वर्ष २०७४/७५ मा भक्तपुर नपामा भए/गरेका कार्यहरू वडावासीहरूमाझ जानकारी दिने उद्देश्यले छलफलको कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजका विकास निर्माणका कामहरू स्थानीय निकाय र उपभोक्ता समितिहरूले गरिरहेको हुँदा भक्तपुर नगरपालिकाले एनजीओ/आइएनजीओलाई प्राथमिकतामा राख्न आवश्यक नरहेको बताउनुभयो । यहाँको गोप्य सूचनाहरू विदेश जाने र विकृतिहरू भित्रिने सम्भावना रहेकोले भनपाले त्यसको स्वीकृतिलाई रोकिराखेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भनपाद्वारा सञ्चालित कलेजहरूले देशको लागि आवश्यक जनशक्तिहरू तयार गरिरहेको चर्चा गर्दै कलेज स्थापनाले नगरभित्र र देशभरिका विद्यार्थीहरूले गुणस्तरीय शिक्षा हासिल गरिरहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको र ख्वप विश्वविद्यालयको स्वीकृति पाएमा निजी कलेजको तुलनामा सस्तो र गुणस्तरीय शिक्षा दिने प्रतिबद्धता नगरवासीहरूसमक्ष गर्नुभयो ।

उहाँले भक्तपुर नगरका सरोकारका विषयजस्तै हनुमन्ते करिडोरको काम अगाडि बढेको, उपचार पोखरी सुचारु गर्ने, सरसफाइ तथा सम्पदा संरक्षणमा निरन्तर लागिरहेको बताउँदै भनपालाई पारदर्शी र उदाहरणीय नगरपालिकाको रूपमा पहिचान दिलाउने प्रयास भइरहेको बताउनुभयो ।

वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिका नगरवासीहरूको नजिकको सरकार र जनताका समस्या सम्बोधन गर्ने निकाय भएको बताउँदै जनताबाट उठेको करले देशभरिका जनताको सेवा गरिरहेको बताउनभयो । उहाँले नगर सफागर्ने दायित्व नगरपालिका र नगरवासी दुवैको हो र यसमा सहकार्य गरेर नपालाई सफा बनाउनुपर्ने बताउनुभयो ।

भनपा वडा नं.१० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले वडाको विभिन्न क्षेत्रमा सम्पन्न विकास निर्माणका कार्यहरू प्रस्तुत गर्नुभयो । उहाँले नगरकोट जाने सडकमा हुने जामलाई व्यवस्थित गर्न सरोकारवालाहरूसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा पूर्ववडाअध्यक्ष चन्द्रबहादुर उलकले ठूलो वडामा स्वाभाविक रूपले ठूला समस्याहरू हुने बताउँदै जनप्रतिनिधिहरूले समस्याहरू समाधान गर्न अग्रसर भएर लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडा सदस्य ज्ञानकुमार मगजु, वडा सचिव गोविन्दराम थुसाले पनि बोल्नुभएको थियो ।

# विद्यार्थीहरूलाई देशभक्तिको पाठ सिकाउनुपर्छ

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षकहरूले गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै हरेक विद्यार्थीलाई देशभक्त बनाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

सरस्वती विद्यागृह माध्यमिक विद्यालयबाट २०७४ सालमा एसईई उत्तीर्ण विद्यार्थीहरूलाई साउन २३ गते बधाई तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई सम्मान कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले देशमा धेरै पढेलेखेका व्यक्ति भए पनि देशभक्तहरूको अभाव छ भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्व, जिल्ला शिक्षा समन्वय एकाइ प्रमुख हरि दाहाल, विद्यालयका प्रअ पुण्यराम सुवालले विद्यालयबाट एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिमा बसेर निरन्तर सेवा गर्ने साविक वडा नं. ३ का पूर्व वडाअध्यक्ष विष्णुबहादुर मानन्धरलाई अतिथि प्रजापतिले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।




भनपा प्रमुख सुनिल प्रजापतिद्वारा पूर्व वडाअध्यक्ष विष्णुबहादुर मानन्धरलाई सम्मानपत्र प्रदान गर्नुहुँदै

# कृषि सामाग्री हस्तान्तरण

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले जनप्रतिनिधिहरू र स्थानीय जनता एकाकार भएर अगाडि बढे विकास सम्भव छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा साउन २२ गते नगरस्तरीय कृषक भेला तथा कृषि सामाग्री हस्तान्तरण कार्यक्रममा प्रमुख प्रजापतिले नगरपालिकाले निर्वाचन घोषणापत्रकै आधारमा शिक्षा, स्वास्थ्य, सर–सफाइ, सम्पदा संरक्षणलगायतका काम गरिरहेको बताउनुभयो ।

उहाँले जनप्रतिनिधिहरूले संविधान र कानून बमोजिम पारदर्शी र जनउत्तरदायी भएर काम गरिरहेको स्पष्ट पार्दै नेमकिपाको नीति र निर्देशनमा रहेरै विकास निर्माणको काम भएको बताउनुभयो ।



नगरपालिकाका जेष्ठ सदस्य एवं नगरसभासद गोविन्द दुवालले सबै जनताले किसान आन्दोलनलाई स्मरण गर्दै अघि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो । भक्तपुर नगरपालिका कृषि समितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा भ.न.पा.वडा नं. १० का अध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा, कार्यपालिका सदस्य सुनिता अवाल र वडासदस्य गोविन्द दुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले हरेक वडाको लागि एक–एक वटा थ्रेसर मेसिन हस्तान्तरण गर्नुभएको थियो ।

# फोहोर संकलन गर्न बाल्टिन वितरण

भक्तपुर नगरपालिका वडा नं. ४ मा कुहिने र नकुहिने फोहर छुट्टा छुट्टै संकलन गर्न वडावासीहरूलाई साउन २३ गते बाल्टिन वितरण कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकामा नेमकिपाबाहेक अन्य विचारका प्रतिनिधिहरू नभएको हुँदा अझ बढी जिम्मेवार र जनउत्तरदायी भएर काम गरिरहेको बताउनुभयो । प्रमुख सुनिल प्रजापतिले जनताको हितमा काम गर्नकै लागि जनप्रतिनिधिहरूको आवश्यकता रहेको बताउनुभयो ।



वडावासीहरुलाई बाल्टिन वितरण गर्नुहुँदै प्रमुख प्रजापति

भनपा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्यहरू कृष्णलक्ष्मी दुवाल, राजेन्द्र माक र पशुपति प्रजापति, किसान कार्यकर्ता पृथ्वीकुमार प्रजापति, पुरुषोत्तम तमखुलगायतले बोल्नुभएको थियो । वडावासीहरूलाई कुहिने र नकुहिने फोहर संकलनका लागि दुई–दुई वटा बाल्टिन वितरण गरिएको थियो ।

# तस्बिरमा केही गतिविधि



काठमाडौं उपत्यका खानेपानीको बोर्ड बैठकमा सहभागिता जनाउँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत। (२०७५/०५/१२)



भक्तपुर नगरपालिका ५ नं. वडा खेलकुद समितिको आयोजनामा भएको खुला नगरव्यापी टेबलटेनिस प्रतियोगिताको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत। (२०७५/०५/०७)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग अमरगढी नगरपालिकाका प्रमुख विशेश्वरप्रसाद ओझाबीच भएको भेट। (२०७५/०५/१९)



ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा ओभरसियर (सिभिल समूह)को नयाँ भर्नासम्बन्धी छलफल गर्न भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सीटीईभीटीका उपाध्यक्ष डा. कुलबहादुर बस्नेतसँग भेट। (२०७५/०५/१०)

# गाईजात्रा पर्व २०७५ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा आन्तरिक तथा विदेशी पर्यटकहरूका लागि दरबार क्षेत्रमा आयोजित साँस्कृतिक प्रदर्शनीका केही झलकहरू







"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"
गाईजात्रा पर्व २०७५ को उपलक्ष्यमा आयोजित
सांस्कृतिक प्रदर्शनी
CULTURAL PERFORMANCE
On the Occasion of Gai-Jatra Festival 2075
मिति: २०७५ भाद्र १३ गतेदेखि १७ गतेसम्म
Date : 29th August 2018 - 2nd September 2018
भक्तपुर नगरपालिका
Bhaktapur Municipality




NATIONAL ART MUSEUM

# तस्बिरमा केही गतिविधि



भनपाका नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न जिल्ला सामुदायिक आँखा केन्द्र भक्तपुरको व्यवस्थापन समितिको बैठक (२०७५/०५/१०)




जनस्वास्थ्य सेवा केन्द्रद्वारा आयोजित २६ औं विश्व स्तनपान सप्ताह २०१८ मा आफ्नो विचार राख्नुहुँदै भनपा प्रमुख सुनिल प्रजापति (२०७५।०४।२२)



ख्वप इन्जिनियरिङ कलेजमा अध्ययनरत आर्किटेक्ट विधार्थीहरूद्वारा आयोजित थेसिस प्रदर्शनी कार्यक्रम उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति (२०७५/०५/०६)



भनपा प्रमुख सुनिल प्रजापतिसँग नेपाल भाषा लिपि गुठीका अध्यक्ष निरञ्जन ताम्राकारको नेतृत्वमा आएको प्रतिनिधिमण्डलको भेटघाट (२०७५/०५/१०)

# ३०० वर्ष पुरानो पोखरी ब्युँतायो भक्तपुरले




तीन दशकदेखि सुकेको यो पोखरी हालै भक्तपुर नगरपालिकाले ब्युँताएको छ। पोखरी बीचको थुम्कोमा मन्दिर बनाउने तयारी हुँदैछ।

• सबिना श्रेष्ठ

काठमाडौंको रानीपोखरी देख्दादेख्दै सुक्यो। जानाजानी सुकाइयो। पुन:निर्माणको नाममा पोखरी स्विमिङ पुलजस्तै बनाउन खोजियो। विवाद अझै सकिएको छैन। भत्केको साढे दुई वर्ष भइसक्यो, रानीपोखरी बन्ने छाँट छैन।

**कहिले बन्ला ?**

निर्माण जिम्मा पाएका काठमाडौं महानगरपालिका र पुरातत्त्व विभाग दुवैसँग यसको जवाफ छैन।

यही रानीपोखरीबाट प्रभावित भएर भक्तपुरले तीन सय वर्षअघि 'भाजु पोखरी' बनाएको थियो। यो पोखरी तीन दशकअघि सुक्यो। भक्तपुर नगरपालिकाले यसलाई ब्युँताउँदैछ। कंक्रिट हालेर होइन, परम्परागत शैलीमै।

सिद्धपोखरीबाट करिब १५ मिटर दक्षिणतर्फ छ भाजु पोखरी। यो करिब तीन सय वर्षअघि भागीराम प्रधानाङ्ग अर्थात् 'भाजुकस' ले निर्माण गरेको संस्कृतिविद् ओम धौभडेल बताउँछन्।

उनका अनुसार भाजुकस राजा जितामित्र मल्लका प्रमुख व्यक्तिमध्ये एक थिए। उनैले आफ्नो कीर्ति राख्न पोखरी बनाएका हुन्।

सुरुआतमा पोखरीको नाम 'भाजुया पुखु' थियो। अपभ्रंस हुँदै भाज्या पुखु र भाजु पोखरी भएको हो।

'त्यो बेला काठमाडौं उपत्यकामा सम्पदा बनाउने प्रतिस्पर्धा हुन्थ्यो। राजा प्रताप मल्लले बनाएको रानीपोखरीबाट प्रभावित भई भाजुकसले त्यस्तै शैलीमा भाज्या पुखु बनाउन लगाएको देखिन्छ,' धौभडेलले भने, 'मध्य भागसम्म जान मिल्ने शैलीका पोखरी उपत्यकाका तीनै सहरमा छन्। काठमाडौंको रानीपोखरी, ललितपुरको पिम्बहाल र भक्तपुरको भाज्या पुखु।'

भाजु पोखरी ३० रोपनीमा फैलिएको छ। यो सिद्धपोखरीजस्तो 'सिरान पोखरी' होइन। सहरको बाहिरी भागमा हुने पोखरीलाई सिरान पोखरी भनिन्छ। यसले जमिनको पानी रिचार्ज गर्छ। ढुंगेधारा र इनार रसाउँछन्।

सिरान पोखरीभन्दा तल बस्तीभित्र स-साना पोखरी हामी देख्छौं। यी पोखरी सामुदायिक काममा बढी प्रयोग हुन्छन्। बर्खाको पानीमा निर्भर हुने यस्ता पोखरीले बस्तीमा पानी जम्न दिंदैनन्। भिरालो भागमा भएको भाजु पोखरी त्यस्तै थियो।

पानी नअडिने र बर्खामा निर्भर हुँदा पोखरी करिब तीस वर्षअघि सुक्यो। त्यो बेला सिद्धपोखरीको हालत उस्तै थियो। दुवै पोखरीलाई घाँसले ढाक्दै गयो। फोहोर फाल्ने 'डम्पिङसाइट' बन्दै गए।

२०४८ सालतिर सिद्धपोखरी जीर्णोद्धारको पहल भयो। वर्षदिन लगाएर स्थानीयले आफ्नै बलबुत्तामा पोखरी ब्युँताए। त्यही बेला भाजु पोखरी पनि ब्युँताउन खोजिएको थियो। सफल हुन सकेन।

'त्यो बेला बनाउन खोज्दा पोखरी बीचमा पुलजस्तो देखियो। पुरातत्त्व विभागले अनुसन्धान गर्नुपर्छ, त्यसै बनाउन मिल्दैन भन्यो। अनि काम पूरा भएन,' सिद्धपोखरी निर्माण

उपभोक्ता समितिका अध्यक्ष रहेका कृष्णबहादुर दुगुजुले भने।

सिद्धपोखरी जीर्णोद्धार गरेको यही समितिको सहयोगमा भाजु पोखरी ब्यूँतिदैछ।

दुगुजुका अनुसार त्यो बेला विश्व बैंकले सभ्यता अध्ययन क्रममा सिद्धपोखरी अध्ययन गरेको थियो। त्यसमा ३ लाख रूपैयाँ छुट्ट्याएको थियो। अध्ययन अनुसन्धानबाट २० हजार बच्यो। उपभोक्ता समितिले यही पैसा लिएर पोखरी वरिपरि इँट्टा छाप्यो। पाटी जीर्णोद्धार गर्यो। घाँसे मैदान सफा गर्न थप ३० हजार नगरपालिकाले दियो।

'दुबोको चपरीजस्तो थियो। काट्दै, डोरी लगाउँदै, फाल्यौं। डेढ महिनामा सबै सफा भयो,' दुगुजुले भने, 'त्यसपछि खासाङखुसुङ खोलाबाट ५९ दिन लगाएर पोखरीमा पानी भर्यौं। पोखरी बनेपछि थरीथरीका माछा राख्यौं।'

अहिले बेलाबेला पोखरी मर्मतसम्भार हुन्छ। उनीहरूको राम्रो कामले भाजु पोखरी जीर्णोद्धार पनि समितिले नै पाएको दुगुजु बताउँछन्।

भाजु पोखरी जीर्णोद्धार गत तिहारपछि सुरु भएको हो। त्यसअघि पोखरी भुईँचालो पीडितको आश्रयस्थल थियो। नगरपालिकाले अन्य सम्पदासँगै पोखरी ब्यूँताउने निर्णय गर्यो। काम थाल्यो। करिब ९ महिनापछि यसले पोखरीको स्वरूप पाएको छ।

जीर्णोद्धारमा परम्परागत शैली अपनाइएको छ। पिँध र डिलमा कालो माटो भरिएको छ। कालो माटो भर्दा पानी आवागमन हुन पाउँछ। पोखरीको पानी चुहिन दिँदैन। आवश्यकताअनुसार पानी रसाएर जाने बाटो पनि दिन्छ।

पानी नअडिने यो पोखरीमा कालो माटो हालेसँगै बर्खाको पानी भरिभराउ देखिन्छ।

भाजुपोखरी भक्तपुर नगरपालिका वडा नम्बर १ मा पर्छ। यो वडाको विशेषता नै पोखरी भएको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति बताउँछन्।

उनका अनुसार यहाँ तःपुखु (सिद्धपोखरी), नःपुखु, भाज्या पुखु र रानीपोखरी गरी चार पोखरी छन्। यीमध्ये नःपुखु सुकेको छैन। रानीपोखरी भने सेनाले कब्जा लिएको ५४५ रोपनी जग्गाभित्र छ। यो रानीपोखरी ४ सय वर्षअघि जगज्योतिर्य मल्लले बनाएका हुन्।

यी पोखरी संरक्षणबारे पनि छलफल भइरहेको प्रमुख प्रजापतिले जानकारी दिए।

दुई साताअघि नगरपालिकाले भाजु पोखरीबीचको मन्दिरबारे अध्ययन गर्ने कार्यदल गठन गरेको थियो। इतिहासका प्राध्यापक पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा बनेको कार्यदलले एक महिनामा प्रतिवेदन बुझाउनुपर्छ।

संयोजक श्रेष्ठका अनुसार पोखरी बीचमा थुम्कोजस्तो छ। त्यही थुम्कोमा मन्दिर भएको पुष्टि भएको छ। त्यहाँ टेराकोटा मूर्ति, कलश, तोरणहरू फेला परेका थिए। यो पनि काठमाडौंको रानीपोखरी बीचको बालगोपालेश्वर मन्दिरबाटै अभिप्रेरित भएको श्रेष्ठ बताउँछन्।

स्थानीय बुढापाकासँग सोधपुछ र अवशेषका अध्ययनबाट मन्दिरको नक्सा बनाइएको उनले जानकारी दिए।

'मन्दिर ग्रन्थकुट अर्थात शिखर शैलीको भएको पुष्टि भएको छ,' श्रेष्ठले भने, 'नक्सा बनाएका छौं। केही दिनमा सार्वजनिक गरेर बनाउने तयारी हुन्छ।'

यहाँ फेला परेको मूर्ति भने लक्ष्मीनारायणको भएको श्रेष्ठले बताए। भाजु पोखरी तीन तहमा बनेको छ। लम्बाइ १३५ मिटर र चौडाइ ११५ मिटर। बीचको तहमा पोखरी घुम्ने ठाउँ छ। दक्षिण दिशामा इँट्टाको जग भेटिएको थियो जसमा पक्की पुल भएको प्रष्टिन्छ। विज्ञहरूका अनुसार नजिकैको भक्तपुर क्याम्पसको ढोका भएर पोखरी मार्ग गएको देखिन्छ। त्यही दिशामा मन्दिर पुग्ने नयाँ पुल बन्नेछ।

पोखरी सफा गर्ने पहिलो चरणको काम सकिएको छ। अब पोखरीको मन्दिर, पेटी र पाटी बनाउने योजना रहेको प्रमुख प्रजापतिले बताए।

'वरिपरि ढुंगा वा इँट्टा छाप्ने, रुख विरुवा रोप्ने योजना छ। यसरी पोखरीलाई आकर्षण बनाएर आन्तरिक र बाह्य पर्यटन विस्तार गर्न सकिन्छ,' उनले भने, 'पुनःनिर्माण गर्दा पुराना कुरा नमासिऊन् भनेर होसियार छौं। कस्तो संरचना बनाउँदा उपयुक्त होला भनेर अध्ययन चलिरहेको छ।'

उनका अनुसार भाजु पोखरी निर्माणमा स्थानीयले श्रमदान गरेका छन्। कामदार पनि धेरैजसो महिला छन्। भक्तपुरका कुनै पनि संरचना निर्माण प्रमुख प्रजापतिले ठेक्कामा दिएका छैनन्। विदेशी सहयोग पनि छैन। सिद्धपोखरी पनि स्थानीयकै पहलमा जीर्णोद्धार भएको थियो।

भक्तपुर नगपालिकाले धमाधम आफ्ना पोखरी ब्यूँताउँदै गर्दा काठमाडौंले भने एउटा रानीपोखरी पनि बनाउन सकेको छैन।

ललितपुरका पनि धेरै पोखरीको नामनिशान छैन। १४ रोपनीको सप्तपाताल मासिएको छ। बोझे पोखरी सुकाएर पानी ट्यांकी बनाइएको छ। कुमारीपाटी जाने बाटोमा रहेको पूर्णचण्डी पोखरी सुकेर चौरमा परिणत भएको वर्षदिन भयो।

*साभार : सेतो पाटी अनलाइनबाट*

*प्रकाशित मितिः आइतबार, भदौ १७, २०७५*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ श्रावण १० गते बिहीबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### भैरवनाथ मन्दिर जीर्णोद्धार समिति गठन

भक्तपुर नगरपालिका ५ नं. वडा टौमढीस्थित प्रसिद्ध भैरवनाथ मन्दिर जीर्णोद्धार कार्यलाई आवश्यक निर्देशन दिन तथा सुरक्षा प्रबन्ध गर्न नगर प्रमुख श्री सुनिल प्रजापतिको संयोजकत्वमा देहाय बमोजिम पदाधिकारीहरू रहने गरी एक निर्देशक समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. सुनिल प्रजापति – संयोजक – प्रमुख भक्तपुर नगरपालिका
२. रजनी जोशी – सदस्य, उपप्रमुख भक्तपुर नगरपालिका
३. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत – सदस्य
४. उकेश कवां – सदस्य, संयोजक निर्माण समिति, भनपा
५. प्रेमगोपाल कर्माचार्य – सदस्य, वडाध्यक्ष, भनपा ५
६. कुमार चवाल – सदस्य, वडाध्यक्ष, भनपा ४
७. पुरातत्त्व विभागका प्रमुख वा प्रतिनिधि – सदस्य
८. गुठी संस्थान भक्तपुरका प्रमुख वा प्रतिनिधि – सदस्य
९. भैरवनाथ मन्दिरको मूल नाइके – सदस्य
१० भैरवनाथ मन्दिरको पुजारी – सदस्य
११. भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष – सदस्य
१२. भनपा सम्पदा उपशाखा प्रमुख – सदस्य सचिव

### सिंहध्वाका दरबार पुनः निर्माण सम्बन्धमा

भ.न.पा. वडा नं. ३ दरबार स्क्वायरस्थित सिंहध्वाका दरबार पुनः निर्माण सम्बन्धमा प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा मिति २०७५।४।८ गते भक्तपुर नगरपालिकाका पदाधिकारीहरू र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री कृष्णप्रसाद देवकोटाज्यू, महानिर्देशक भेषनारायण दाहालज्यू समेतको उपस्थितिमा बसेको बैठकबाट भक्तपुर नगरपालिका वडा नं. ३ स्थित दरबार स्क्वायरमा रहेको पचपन्न झ्यालसँगै जोडिएको सिंहध्वाका दरबार हाल कला सँग्रहालय रहेको भवन लाल बैठकसहितको पुनः निर्माण कार्य गर्न प्राप्त पुराना प्रमाणहरूको आधारमा मल्लकालीन शैलीमा नै पुनः निर्माण कार्य गर्न युनेस्कोको प्रधान कार्यालय पेरिसमा अनुमतिको लागि पुरातत्त्व विभागमार्फत पठाउने भनी निर्णय भएको हुँदा सो अनुसार उक्त दरबार मल्लकालीन शैलीमा नै पुनः निर्माण गर्न अनुमतिको लागि युनेस्कोको प्रधान कार्यालय पेरिसमा भवनको ड्इङ्ग डिजाइनसम्बन्धी फोटोहरू र लेखहरू समेत संलग्न गरी अनुरोध गरी पठाउने निर्णय गरियो।

### गाईजात्रा पर्व

यस वर्षको गाईजात्रा पर्वको समयमा प्रस्तुत गरिने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको विगतमा झैं प्रतियोगिता सञ्चालन गरी पुरस्कृत गर्ने र त्यसको लागि सूचना प्रकाशित गर्ने तथा प्रक्रिया अघि बढाउने निर्णय गरियो।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## पेश्की फछ्र्यौट

**ख) पेश्की फछ्र्यौट सम्बन्धमा**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिवाली ई. कलेज जाने बाटोमा पेटी सुधार कार्य | ८ | ११,८८,२७३।३१ | | १३,३१,०३८।५५ | १०,७८,०२५।४५ | ८,५०,०००।०० | २,२८,०२५।४५ | वडा | कार्य सम्पन्न |
| २ | गपली ढुङ्गेधारादेखि ढोका फल्चासम्मको बाटो ढुङ्गा छपाई (उ.स.अध्यक्ष कृष्णभक्त अवाल) | ४ | ३६,५४,९०७।७१ | | ३४,१७,१०४।४५ | ३,०६७,९०९।९२ | १,८००,०००।०० | ६१३,४८८।५७ | नपा | कार्य सम्पन्न |
| ३ | मंगलाछें वडा भवन छाना मर्मत कार्य (उ.स.अध्यक्ष रामकृष्ण मुलगुठी) | ४ | ६,२४,१३७।९५ | | २,७७,५२४।९४ | २,६७,६७४।४० | २,००,०००।०० | ६७,६७४।४० | मर्मत | क्रमागत आंशिक पे.फ गरी थप पेश्की रू.२,००,०००।०० |
| ४ | काल्हाचा चम्पकेश्वर (उ.स. अध्यक्ष कृष्णगोपाल छुस्याकी) | ४ | ६६,८१,०४९।२४ | | २७,३२,१९८।७६ | १३,०१,२६२।९५ | १२,००,०००।०० | १,०१,२६२।९५ | नपा | क्रमागत आंशिक पे.फ गरी थप पेश्की रू.२५,००,०००।०० |

**५. ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नपली हनुमन्ते खोला पुल मुनि दायाँ-बायाँ माटो कटिéगर्ने कार्य | १ | १,७०९,८०२।४७ | | | | | | हनुमन्ते खोला सुधार | |
| २ | नपली सृजना नगरमा बाटो ग्राभेलिé कार्य | १ | ५४४,३८५।०० | | | | | | विपद् व्यवस्थापन | |

**६. उपभोक्ता समितिको म्याद थप सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महेश्वरी घाट सुधार कार्य (तुल्सीराम खायमली) | ८ | २,१५२,४४०।०० | उपभोक्ता समिति सम्झौताको म्याद थप | मिति २०७५ असार मसान्तसम्म म्याद थप | | क्रमागत योजना |
| | जेंला इनार पुनः निर्माण कार्य (सिताराम बोहजू) | ८ | ५८७,१८२।७८ | उपभोक्ता समिति सम्झौताको म्याद थप | मिति २०७५ चैत्र मसान्तसम्म म्याद थप | | क्रमागत योजना |
| | वडा कार्यालय देखि दरबार स्क्वायर जाने उकालो बाटो दायाँ–बायाँ पटी निर्माण कार्य (हरिप्रसाद सुवाल) | २ | २,८७८,८३५।७० | उपभोक्ता समिति सम्झौताको म्याद थप | मिति २०७५ पुससान्तसम्म म्याद थप | | क्रमागत योजना |
The Asia Pacific region is already the most populated on the planet, and with projected growth, pressure on natural resources and environmental systems will increase. Cities in the region have a key role to play in charting a sustainable course for the future. Urbanized cities are usually more energy and resource efficient than sprawling cities with more dispersed human settlement. Therefore, cities in the region have a key role to play in addressing some of the world's most important environmental challenges. Part of these challenges are due to stages of growth - cities transitioning from low to middle incomes have not yet had the






chance or resources to focus on sustainability. However, with the opportunity to adopt leading sustainability technologies and approaches, and also infrastructure investments by the both public and private sector, all cities have the potential to contribute to sustainability across the region. Cities also offer a platform to implement cost-effective practical action with significant pay-offs for the environment, for example progressive urban planning, water treatment, power consumption reduction programs or waste reduction, re-use and recycling initiatives. This practical action has the potential to drive sustainability across the region.

**Revitalizing cities through vibrant business activities**

Many cities in the Asia Pacific underwent an initial wave of industrialization from the 1960s onwards. As industrial mass production today moves towards South East and South Asia to reap new competitive advantages, many formerly industrial cities have to re-invent themselves to find new roles in the global economy. This means that some areas are being re-organised to accommodate new economic sectors, notably in high-value manufacturing, services, the creative and cultural industries, and high-tech life sciences. The economic prospects of many cities throughout the region are increasingly linked. Developing cities are becoming the beneficiaries of outsourcing and are providing elements of the value chains of advanced industries in leading cities. While industries are always evolving and economies are in constant change, the physical environment and urban infrastructure in cities also needs constant attention and revitalisation. Urban regeneration has become an important feature of the urban policy landscape in the region. These rapid changes in both the economic structure of cities and the need for physical revitalisation require large capital inflows from both the public and private sectors, making cities the centre of economic opportunity for national economies and investments in them critical to national economic prospects.

All these themes given were of great importance for the developing countries like Nepal to learn from the experiences from the developed countries and their effort on implementing these






themes into practices. Although the cities or towns of Kathmandu valley region were developed with the alignment of these themes in the medieval era till 18th century.

Yet the sharing was of great value to move further in the 21st century with the use of Information Technology as the world is moving ahead with high speed using IT and Nepal should not be left behind. Hence Nepal can be utilize Asia Pacific Cities Summit-2017 and Mayors' Forum (2017 APCS) organized in Daejeon, Republic of Korea wherever necessary. For example:

**Cities of 21st century in context of Nepal**



The 2017 APCS Mayors' Accord, in Daejeon organized for the harmonious opinions of participants & delegates to overcome the theme of Summit: 'Shaping the Future of the Asia Pacific' to further prosperity with the collective wisdom to create solutions in four specific areas: innovation and technology; art and culture; sustainability; and revitalizing cities through vibrant business activities.

**The 2017APCS Mayors' Accord, Daejeon**

As Mayors, civic leaders and heads of delegation to the 11th Asia Pacific Cities Summit, we have shared our knowledge and experience with each other and have learned from our engaging guest speakers. We have built connections across our region which will benefit our cities for years to come. We have also drawn inspiration from the large Young Professionals contingents who have presented their ideas for addressing the challenges and realizing the opportunities in our cities. Collectively the undersigned Mayors and civic leaders make this joint statement of common endeavour in order to ensure our cities continue to be prosperous, sustainable and vibrant places of opportunity for our citizens.

**Innovating cities through science and technology**

The Fourth Industrial Revolution is occurring and no matter where a city might be on the development journey, innovation science and technology provides us with prospects for growth and higher levels of productivity. We recognise that innovation, science and technology have the potential to create economic opportunities for leading and developing cities alike. We also recognise that innovation, science and technology developed in our leading cities has the potential to create cost effective solutions in less developed cities across the region. We will continue to work with other cities in the region to ensure that the benefits of innovation, science and technology are shared. We also recognise that innovation, science and technology is a current and future economic driver and we will prepare for its adoption and diffusion. We will continue to assess cost effective technology in our cities to improve the delivery of our services to our citizens, improve productivity and contribute to enhanced lifestyles.

**Recreating cities through art and culture**

We recognise the importance of the arts and culture in creating the identity of our cities, for engaging with residents, for fostering a strong sense of belonging and enriching the lives of our people. It provides a platform for young people in our cities to connect and it brings happiness to our






residents. It enables people to celebrate what is important in their lives, their history and their future. The arts and culture can also be a key contributor to our economies and a source of competitive advantage. The arts and culture has the potential to attract the best and brightest minds to our cities and provides a compelling reason for visitors to enjoy our cities and to stay with us. We will promote art and culture and use it as a key feature of place making, developing the identity of our cities, and providing rich experiences for residents and visitors alike.

**Achieving sustainable city solutions**

As city leaders, we recognise that cities are key participants in global sustainability efforts. Our land use planning can drive efficient urban form and deliver growth effectively and sustainably. Our infrastructure delivery can ensure that we make the best use of our scare resources and that goods, services and people are moved within and between our cities efficiently and at lower costs. We will continue our focus on these vital city making activities.

We also acknowledge that the adoption of cost effective innovation and new technologies offers opportunities for rapid improvements in sustainability and also new business opportunities. Embracing green technologies and smart city systems can enhance the efficient use of resources and deliver better outcomes for our residents. We will continue to look for and adopt smart, cost effective technologies, processes and services to address sustainability issues and also implement practical initiatives to enhance environmental outcomes.

**Revitalizing cities through vibrant business activities**

We recognise and value the vital contribution that business makes to the development of our cities and the lives of our residents. We recognise that business is a major source of innovation in our cities and can hold many of the solutions to the challenges that we face. We also recognise that each city is unique and that approaches to engaging business and industry in city development needs to be tailored accordingly. We will continue to work with business and industries as a key partner in the success of our cities taking into account the unique circumstances and characteristics of our cities. Business investment can also be essential to the revitalisation of our cities, including urban regeneration and the delivery of infrastructure. We will encourage business leaders in our cities to work together in partnership with us to develop and regenerate our cities, and to meet the challenges that we face. We also recognise that new ideas and approaches to city management and future planning can occur in any city, and we will continue to promote knowledge sharing for our mutual benefit and shared prosperity.





*The 2017APCS Mayors' Accord, Daejeon*

द्विशताब्दीऔं जन्म दिवस

# पेरिस कम्युन : कामदार जनताको स्वर्ग



सुजन माक




यो वर्ष विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको २०० औं जन्म दिवस संसारभरिका कामदार जनताले निक्कै उत्साहका साथ मनाइरहेका छन्। विभिन्न सभा, समारोह, गोष्ठी आदि कार्यक्रमहरूको आयोजना गरी मार्क्सले गरिब जनताको निम्ति गर्नुभएको योगदानको स्मरण गर्दैछन्। मार्क्स जन्मनुभएको दुई शताब्दीपछि पनि मार्क्सवादको सिद्धान्त र मार्क्सका रचनाहरूबारे विश्वका कुना-कुनामा चर्चा परिचर्चा भइरहेका छन्। पूँजीवादको उत्थान, विकास र पटनको सिद्धान्तका रचयिता मार्क्सका दर्जनौं पुस्तकहरूले आजको २१ औं शताब्दीका कामदार जनताको संघर्षहरूको मार्गनिर्देशन गर्दैछन्। युवाहरूको मनमा मार्क्सको सिद्धान्त लिएर शोसक पूँजीवादी व्यवस्थाविरुद्ध बलियो मुठ्ठी कस्दैछन्।

अहिले विश्व पूँजीवाद झन्-झन् गहिरो संकटमा फस्दैछ। पूँजीवाद आफ्नो अन्तिम सास बडो गाह्रोसँग फेर्दैछ। युद्ध, अमानवीय नाकाबन्दी, व्यापार युद्ध आदि हतियार प्रयोग गर्दै साम्राज्यवादी देशहरू समाजवादविरुद्ध आफ्ना अन्तिम प्रहार गर्दैछन्। साम्राज्यवादी देश संरा अमेरिका आफ्नै कारण एक्लिंदैछ। बहुसंख्यक अमेरिकी नागरिक आफ्नै देशमा असुरक्षित महसुस गर्दैछन्। सरकारप्रति विश्वास गर्दैनन्। आफ्नो भविष्य सम्झी निराश छन्।

आज सर्वहारा वर्ग संसारकै पहिलो शक्तिको रूपमा विकसित हुँदैछ। पूँजीवादी देशहरूले २००-३०० वर्षमा गरेका उपलब्धिहरू समाजवादी देशहरूले २०-३० वर्षमा विकास गर्न सफल भएका छन्। समाजवादी देश चीन आज संसारको पहिलो अर्थतन्त्र बन्ने दिशामा छ। करिब आधा शताब्दी लामो अमानवीय नाकाबन्दी सहेका उत्तर कोरिया, क्युवाजस्ता समाजवादी देशहरूले स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधार विकासमा गरेका उपलब्धी संसारकै निम्ति उदाहरण बनेका छन्। हाल ल्याटिन अमेरिका, अफ्रिका र एसिया महादेशमा समाजवादी आन्दोलन अगाडि बढिरहेको छ। संसारका करोडौं समाजवादका सिपाहीहरू साम्यवाद स्थापनाको महान यात्रामा अगाडी बढिरहेका छन्।

संसारका मजदुरहरूको साझा गन्तव्य साम्यवादसम्म पुग्ने यो यात्राको बाटो संधै यति चौडा थिएन। इतिहासका साना-ठूला आन्दोलन क्रान्तिको अनुभव र लाखौं क्रान्तिनायकहरूको बलिदान र समाजवादका सिपाहीहरूको योगदानले त्यो गोरेटो आज फराकिलो राजमार्ग बनेको छ। इतिहासको यस्तै एउटा महत्त्वपूर्ण घटना हो – पेरिस कम्युन। सर्वहाराको पहिलो राज्य। कामदार जनताको स्वर्ग। समाजवादी व्यवस्था स्थापना र क्रान्तिकारी परिवर्तनका अग्रदुत।

१८ मार्चको दिन "कम्युन जिन्दावाद !" को गगनभेदी नारासहित पेरिस बिउँझ्यो। केन्द्रीय समितिले १८ मार्चको आफ्नो घोषणापत्रमा बुर्जुवा वर्गको मस्तिक खल्बल्याउने गरी भनेको थियो "सरकारी सत्ता कब्जा गरेर आफै आफ्नो भाग्य विधाता बन्नु आफ्नो कर्तव्य तथा अधिकार हो भन्ने कुरा उनीहरूले बुझिसकेका छन्।" २६ मार्चको दिन पेरिस कम्युनको चुनाव भयो र २८ मार्चको दिन यसको घोषणा भयो। मानव जातिको इतिहासमै पहिलो सर्वहारा सत्ताको स्थापना भयो।




पेरिस कम्युनमात्र ७२ दिन टिक्न सफल भयो। तर यस दौरान उसले समाजवादी राज्यको एउटा अनुपम नमुना प्रस्तुत गर्‍यो। कसरी शोषण, उत्पीडन, भेदभाव असमानताबाट मुक्त समाज व्यवस्था स्थापना गर्नु कोरा कल्पना होइन भन्ने प्रमाण बन्यो–पेरिस कम्युन। कम्युनले प्रतिनिधिसभाका सदस्यहरू र मन्त्रीहरू साथै कर्मचारीहरूको तलब पनि साधारण ज्यामीको सरह गरिदियो। शिक्षण संस्थाहरूलाई चर्चबाट अलग गरिदियो। चर्चलाई राज्यबाट अलग गरिदियो। चर्च र मठहरू जनताको सभाभवन बनाइदियो। जनतामा निःशुल्क र अनिवार्य शिक्षा लागू गर्‍यो। युगौंदेखिको धार्मिक शोषणको सिक्रीलाई चुँडाइदियो। बद्नाम आफ्ना पुराना पुलिस र सेनालाई भङ्ग गरिदियो। नगरपालिका र अड्डा–अदालतका सबै काम कम्युनले आफ्नो हात मालियो। पेरिसबाट भागेका मालिकहरूको कारखाना मजदुरहरूलाई नै जिम्मा दिइयो। कारखाना मालिकले मजदुरहरूलाई सजाय




गर्न नपाउने आदेश दियो। कामदार जनताले ठूलो उत्साहपूर्वक कम्युनलाई सहयोग समर्थन गर्न लागे। कम्युनमा विदेशी मजदुर पनि निर्वाचित हुनसक्ने ऐन बनायो। विदेशी क्रान्तिकारीहरूलाई महान उद्देश्यको निम्ति मुख्य–मुख्य पदमा बसेर सेवा गर्ने मौका दियो। कम्युनको झण्डामा लेखियो– “कम्यूनको झण्डा संसारको प्रजातन्त्रको प्रतिक हो।” एंगेल्स भन्नुहुन्छ, “सर्वहारा अधिनायकवाद कस्तो हुन्छ, थाहा पाउन चाहनुहुन्छ ? पेरिस कम्युनतिर हेर्नुहोस् – यही हो सर्वहारा अधिनायकवाद।”

पेरिस कम्यूनमा त्यसबेला मार्क्सवादीहरू अल्पमतमा थिए। मजदुर वर्गको एक सिंगो राजनैतिक पार्टी थिएन। नेतृत्वसँग क्रान्तिकारी सिद्धान्त थिएन। नेतृत्वबाट एक पछि अर्को गम्भीर राजनैतिक एवं रणनीतिक भूलहरू भए। दैलोमा उभिएको शत्रुविरुद्ध समयमै कठोर कदम चालिएन। शत्रुलाई शक्ति सञ्चय गर्ने र आक्रमणको लागि तयारी गर्ने समय र मौका उपलब्ध भयो। प्रत्याक्रमण भयो। कम्युनार्डहरू अन्तिम गोली बाँकी भएसम्म बहादुरीका साथ लड्दै गए। २८ मई १८७१ को दिन पेरिस कम्यूनको अन्तिम मोर्चा पनि हार्‍यो।

कम्युनको अस्तित्वको लागि अन्तिम दिनहरूमा जब भर्साई सेनासँग रक्तपातमय युद्ध चल्दै थियो, मार्क्सले अन्तर्राष्ट्रियको महापरिषद्को आह्वानको रूपमा “फ्रान्समा गृहयुद्ध” लेख्नुभयो। धेरै वर्षपछि एंगेल्सले सम्झना गर्नुभएको छ, “२८ मेको दिन संख्यात्मक रूपमा आफू भन्दा धेरै ठूलो शत्रु सेनासँगको संघर्षमा बेलभिल पाखोमा कम्युनका अन्तिम योद्धाहरूको मृत्यु भयो र दुई दिनपछि नै, ३० मेको दिन मार्क्सले महापरिषद्लाई त्यो कृति पढेर सुनाउनुभयो, जसमा पेरिस कम्युनको ऐतिहासिक महत्त्व संक्षिप्त रूपमा र सशक्त शब्दमा व्यक्त गरिएको छ।” लेनिन यस पुस्तकलाई पेरिसका कम्यूनकाशिक्षाहरूको उत्कृष्ट सारांसका रूपमा लिनुहुन्छ।

# भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ साउन महिनाको प्रतिवेदन

| क्र.सं. | वडा नं. | नाम र थर | विवरण |
|---|---|---|---|
| १ | १ | सुमि खर्बुजा | परिवार सङ्ख्या–२२९, उच्च रक्तचाप–८९, सुगर–५०, दम–१३, हाडजोर्नी–१५, ग्याष्ट्रिक–८ थाइराइड–१७, मुटुरोग–१६, नसा–८, मानसिक रोग–३, सुस्त मनस्थिति–१, क्यान्सर–१, मृत्यु–१, अन्य–७ |
| २ | २ | रजनी सुवाल जरेजु | परिवार सङ्ख्या–२०९, उच्च रक्तचाप–७१, सुगर–२३, दम–८, हाडजोर्नी–२, ग्याष्ट्रिक–५ थाइराइड–३, मुटुरोग–५, मानसिक रोग–५, क्षयरोग–२, क्यान्सर–१, अन्य–३ |
| ३ | ३ | अनु गोसाईं | परिवार सङ्ख्या–६१४, मृत्यु–५, अन्य–४ |
| ४ | ४ | बिमला कुम्पाख | परिवार सङ्ख्या–८४५, मृत्यु–४, अन्य–१० |
| ५ | ५ | मञ्जु छुकां | परिवार सङ्ख्या–९१, उच्च रक्तचाप–६२, सुगर–२०, दम–५, थाइराइड–६, मुटुरोग–७, नसा–३, कोलेस्टोरल–२, मृत्यु–१, अन्य–१ |
| ६ | ६ | सृजना बोहजु | परिवार सङ्ख्या–२१०, उच्च रक्तचाप–४५, सुगर–१५, दम–१०, थाइराइड–१०, क्षयरोग–२, मृगौला रोग–१, क्यान्सर–३, मृत्यु–१, अन्य–१२ |
| ७ | ७ | सुमित्रा राजचल | परिवार सङ्ख्या–१९६, उच्च रक्तचाप–४५, सुगर–६, हाडजोर्नी–१४, ग्याष्ट्रिक–७ थाइराइड–२, मुटुरोग–५, नसा–१०, मानसिक रोग–५, क्षयरोग–२, प्यारालाइसिस–२, क्यान्सर–१, मृत्यु–१, अन्य–५५ |
| ८ | ८ | सरिता गोसाईं | परिवार सङ्ख्या–८६, उच्च रक्तचाप–४३, सुगर–१६, दम–२, हाडजोर्नी–१०, ग्याष्ट्रिक–१ मुटुरोग–२, मानसिक रोग–२, मृत्यु–२, अन्य–२ |
| ९ | ९ | सविना दुवाल | परिवार सङ्ख्या–३०५, उच्च रक्तचाप–५३, सुगर–२५, दम–८, हाडजोर्नी–१०, ग्याष्ट्रिक–५ थाइराइड–७, मुटुरोग–६, नसा–५, मानसिक रोग–४, क्षयरोग–२, पथरी–२ कोलेस्टोरल–१, क्यान्सर–१, मृत्यु–१, अन्य–९ |
| १० | १० | मोनिका पहि | परिवार सङ्ख्या–२५७, उच्च रक्तचाप–७८, सुगर–२४, दम–२, हाडजोर्नी–१०, थाइराइड–१०, मुटुरोग–२, नसा–६, मानसिक रोग–४, क्यान्सर–२, मृत्यु–१, अन्य–१४ |

यस कृतिमा मार्क्सले पेरिस कम्युनको अनुभवको आधारमा अधिनायकवादसम्बन्धी शिक्षाको विकास पनि गर्नुभएको छ । कम्युनको अनुभवहरूको निचोड निकाल्दै मार्क्स र एंगेल्सले लेख्नुभयो – "बनीबनाउ राज्ययन्त्रमाथि कब्जा गरी मजदुर वर्गले आफ्नो उद्देश्यहरू पूरा गर्न सक्दैन । उनीहरूले पुरानो राज्ययन्त्र ध्वस्त गरेर आफ्नो नयाँ ढाँचा बनाउनुपर्छ ।"

पेरिस कम्युनको अस्थायी हारले पनि विश्व सर्वहारा आन्दोलनमा अमूल्य पाठहरू सिकायो । लेनिनले भन्नुभएको छ – "पेरिसमा पड्केका प्रत्येक गोलाहरूले गहिरो निद्रामा परेका युरोपेलीहरूलाई ब्युँझाएको छ ।" लेनिन थप्नुहुन्छ, "पुरानो राज्ययन्त्र ध्वस्त गर्ने बाटोमा पेरिस कम्युनले पहिलो ऐतिहासिक कदम चाल्यो ... र सोभियत सरकारले दोस्रो ।"

मजदुर वर्गको रगतले लेखिएको पेरिस कम्युनको अमर कथालाई मार्क्सले आफ्नो पुस्तक "फ्रान्समा गृहयुद्ध"मा लिपिबद्ध गर्नुभयो । पेरिसमा घटेका क्रान्तिकारी घटनाहरूको गम्भीर अध्ययन तथा बृहत तथ्य सामाग्रीको आधारमा मार्क्सले यस पुस्तकको रचना गर्नुभएको हो । आगामी दिनमा पनि विश्व सर्वहारा क्रान्तिको नयाँ चक्रमा, नयाँ मजदुर क्रान्तिको बाटोमा पेरिस कम्युनको मसालले उज्यालो फैलाइ राख्न मार्क्सको यस कृतिको महत्त्वपूर्ण योगदान रहनेछ ।

**चिनियाँ नीतिकथा**

## प्रधानमन्त्रीको नाति र मन्त्रीको नाति

एकजना प्रधानमन्त्रीको नाति ऐस आराममा डुबेर कंगाल भयो । दुई छाक खान पनि दुःख भयो । उधारो लिँदै खान थाल्यो । एकदिन उसले कसैसँग एक बोरा चामल उधारो लियो । चामल बोकाउने पैसा नभएकोले उसले आफैले बोकेर घर लैजान थाल्यो । तर केही पाइला हिँडेपछि ऊ थाक्यो ।

त्यसैबेला उसले एकजना झुत्रो लुगा लगाएको मानिस आउँदै गरेको देख्यो । उसले त्यो मानिसलाई अलिकति चामल ज्याला दिएर चामलको बोरा बोक्न लगायो । तर केही पर पुगेपछि त्यो मानिस पनि हिँड्न सकेन । यो देखेर प्रधानमन्त्रीको नातिले भन्यो, 'म त प्रधानमन्त्रीको नाति भएकोले यो बोरा बोक्न सकिनँ । तर तिमी त गरिब मजदुर देखिन्छौ । तैपनि तिमी भारी बोक्न सक्ने रहेनछौ । कस्तो बेकामको मानिस रहेछौ !'

उसको कुरा सुनेर झुत्रो लुगा लगाएको मानिसले जवाफ दियो, 'यसमा मेरो केही दोष छैन । म पनि त मन्त्रीको नाति हुँ ।'

# eQmk'/ sf]oGofF klGx tyf OGb|hfqf



ओम धौभडेल

काठमाडौं उपत्यकालगायतका नेवार बस्तीहरूमा वर्षभरि विभिन्न जात्रा, चाडपर्व, पूजाआजाहरू देख्न सकिन्छ। प्रत्येक १५ दिनको अन्तरमा यहाँ गाथामोग चऱ्हे, नाग पञ्चमी, सापारु, पञ्चदान, चोथा, यन्याँ पुन्हि, बिजया दसमी, तिहार, सकिमना पुन्हि, योम्हरी पुन्हि, फागु पुन्हि, शिवरात्री, पसाचऱ्हे, बिस्केट जात्रा, आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने, सिथी नखाः (चाँडपर्व) जस्ता असंख्या जात्रा–चाडपर्वहरू मनाएको हुन्छ। जसमा जेष्ठ शुक्ल षष्ठीको दिन मनाइने सिथी वर्षको अन्तिम चाँड हो भने साउन कृष्ण चतुर्दशीको दिन मनाइने घण्टाकर्ण पर्व अर्थात् गाथामोग चऱ्हे वर्षको पहिलो चाँड मानिन्छ। श्रावण कृष्ण चर्तुदशी अर्थात् गाथामोग चऱ्हेको दिनदेखि भक्तपुरलगायत नेपाल मण्डलमा जात्रा र चाडपर्वहरू सुरु हुन्छ।

जेष्ठ शुक्ल षष्ठी अर्थात् सिथी वर्षको अन्तिम चाँड मनाई पछि भलभल अष्टमीको दिन नवदुर्गा भवानीको अवसानपश्चात् यहाँ कुनै पनि जात्रा चाँडपर्व नभईरहेको अवस्थामा पुनः श्रावण कृष्ण चर्तुदर्शीबाट चाँडपर्व सुरु हुने हुँदा यसलाई वर्षको पहिलो चाँड भन्ने चलन छ। नाग पञ्चमी, गुँला पर्व, सापारुजस्ता पर्वहरू धुमधामसँग मनाइसके पश्चात् यही भाद्रशुक्ल द्वादशीदेखि आठदिन सम्म यहाँ इन्द्रजात्रा अर्थात् यन्याँ पुन्हि मनाउँछ।

नेपालमण्डलका ठाउँ–ठाउँमा एक पछि अर्को जात्रा मनाउने क्रममा प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चौंथीसम्म आठ दिन मनाउने जात्रा हो इन्द्रजात्रा। राष्ट्रिय पर्वको रूपमा यो जात्रालाई इन्द्रजात्रा भनिए तापनि काठमाडौं उपत्यकामा यन्यको सम्मानमा आठ दिनसम्म मनाउने यन्याँपुन्हिको रूपमा लिइन्छ। जुन प्रत्यक्ष रूपमा इन्द्रसित सम्बन्धित छ। जात्राको दौरान यम द्यचा, याँ मता, याँकीदह, आदि पनि यसैसित सम्बन्धित छ। यन्याँ जात्रासित सम्बन्धित कहावत्‌बाट यसको थप पुष्टि हुन्छ। जुन यसप्रकारको छ –

एकपटक स्वर्गका राजा इन्द्रकी आमालाई गणेश चौंथीको ब्रत बस्न पारिजातको फूल र बिमिरो आवश्यक परेछ। स्वर्गभरि खोज्दा पनि कहींकतैं ती सामाग्रीहरू नपाएपछि इन्द्रले आफ्ना छोरा जयन्तलाई ती सामाग्री लिन मर्त्यलोकमा पठाएछ। मर्त्यलोकको एउटा बगैंचामा पारिजातको फूल टिपिरहेको समयमा चोरको आरोपमा उनी पक्रिन्छन्। मर्त्यलोकको राजा दैत्यराजले जयन्तलाई बाँधेर उनको दुवै हात काट्न आदेश दिएछ। यता फूल टिप्न गएको छोरा नर्फके पछि इन्द्रले आफ्ना बाहन ऐरावत हात्तीलाई खोज्न पठाएछ। दैत्यराजले जयन्तलाई बाँधिराखेको थाहा पाएपछि सुरुमा त इन्द्रले आफ्नो छोरालाई रिहा गर्न भनेछ। तर चोरीको प्रमाणसहित समातेको हुँदा जयन्तलाई सजाय नै दिने दैत्यराजको अडान पछि देवता र दैत्यहरूबीच घमासान युद्ध भयो। जसमा स्वयम् इन्द्रको पराजय भयो। त्यसपछि महाकाली, महालक्ष्मी र कुमारी भक्तपुरमा सँला गणेश, छुम्ह गणेश र मसान भैरवले दैत्यहरूलाई पराजित गरी जयन्तलाई मुक्त गरे।

यही लोककथाको आधारमा प्रत्येक वर्ष भाद्रकृष्ण द्वितीयदेखि आश्विन कृष्ण चौंथीसम्म यन्याँ पर्व चलिआएको हो। तत्कालीन कान्तिपुर, ललितपुर, भक्तपुरलगायत नेपालमण्डलका प्राय सानाठूला बस्तिहरूमा यही लोककथालाई आधार बनाएर मनाउने भए तापनि भक्तपुरको यन्याँ धेरै हदसम्म नजिक भएको देख्न सकिन्छ। यन्याँ पर्व वा जात्राको पहिलो दिन टोल–टोलमा उठाउने यमद्यः उही इन्द्रका छोरा जयन्त हुन्। जात्राको दोस्रो दिन खास केही गर्दैन। शुन्य वा दिकु भनिने चलन छ। भाद्र शुक्ल चर्तुदशी इन्द्रजात्राको तेस्रो दिन हो। खौमा टोलमा रहेको इन्द्रायणी देवीलाई रथमा राखी आधा नगर घुमाइ सिद्धपोखरीको पश्चिमपट्टि राखिन्छ। यसदिन सिद्धपोखरीमा चारैतिर दियो बत्ती बाल्ने चलन छ जुन निकै मनमोहक हुन्छ।

भोलिपल्ट पूर्णिमाको दिन बिहान सबेरै पोखरीमा मुख धुनुका साथै इन्द्रायणी देवीको दर्शन गर्न दर्शनार्थीहरूको भिड हुन्छ। बेलुका इन्द्रायणीलाई पुनः खटमा राखी आधा नगर घुमाइ खौमास्थित देवगृह ल्याइन्छ। आश्विन कृष्ण प्रतिपदा जात्राको पाँचौ दिन हो। यसदिन आराम लिने दिन हो। यमद्यः कहाँ नित्य पूजा र आरती दिने काम हुन्छ। भक्तपुरमा इन्द्रजात्राको रौनकता छैठौं दिनदेखि सुरु हुन्छ। छैठौं, सातौं र आठौं दिनमा यहाँ भव्य जात्रा हुन्छ ।

छैठौं दिनको जात्रा भक्तपुरको तचपालबाट सुरु हुन्छ। यस दिन तचपालस्थित सँला गणेशको जात्रा हुन्छ। साथमा साकोलानका मानन्धर समुदायले सोही स्थानबाट त्रिशुल आकारको एउटा बत्ती जसलाई 'या मता' भनिन्छ, या मतालाई नगर परिक्रमा गराइन्छ। सोही दिन तचपालस्थित नारायण मन्दिरको पछाडिबाट मुपात्रको पनि जात्रा नगरभरि हुन्छ। सातौं दिन आश्विन कृष्ण तृतीयाको दिन हो। यस दिन भक्तपुर गोल्मढीका मानन्धर समुदायले चोछेंस्थित छुम्ह गणेशबाट या मता बालेर नगर परिक्रमा गराउँछ। चोछेंको छुम्ह गणेशको जात्रा पनि नगरभरि हुन्छ। भक्तपुर दरबार क्षेत्रको जगन्नाथ मन्दिर परिसरबाट मुपात्रको पनि जात्रा हुन्छ। त्यसको भोलिपल्ट अर्थात् आश्विन कृष्ण चौथीको दिन भक्तपुरको यन्याँपुणीको अन्तिम दिन हो, साथै विशेष दिन पनि हो। यसदिन अन्य दिनमाझैं या मता, मुपात्र र देवताको जात्रा हुन्छ। टौमढीस्थित भैरवनाथ मन्दिरको अग्रभागमा रहेको मान्द्रोमा लेखिएको भैरवनाथलाई नगर परिक्रमा गर्ने क्रममा बोलाछेंस्थित अखुंबाहाको नजिकबाट या मता बालेर नगर घुमाइन्छ। यता भैरवनाथ मन्दिर परिसरबाट मुपात्र र धिचाहरूको जात्रा नगरभरि हुन्छ। यस दिनको महत्त्वपूर्ण विशेषता भनेको 'पुलुकिसी' हो। 'पुलुसिकी' अर्थात 'मान्द्रोले बनेको हात्ती' लाकुलाछें टोलबाट नगर परिक्रमा गराइन्छ।

**यम द्यः**

विशेषगरी भक्तपुरमा भाद्र शुक्ल द्वादशीको बिहानीपख टोल-टोलको दोबाटो र चौबाटोमा काठको लिंगो जसको उचाइ एकरूपता हुँदैन। यम द्यः विधिवत् रूपमा सम्बन्धित ब्यक्तिहरूबाट पूजा-आजा गरी ठड्याइन्छ। जसमा प्राकृतिक काठको लिंगो अलि अग्लो करिब १४/१५ फिटको हुन्छ। तर काठको लिंगोलाई सम्याएर गरिने हाथु द्यः दलिनझैं बनाएको लिंगो भने ८/१० फिटको मात्र हुन्छ। जहाँ यम द्यः सिंगारिएको आसनमा देख्न सकिन्छ। छत्रले सजिएको यम द्यःको मुखाकृतिको हात फैलिएको अवस्थामा हुन्छ। यम द्यःको शिरमा भुस्वाँ नामको फूलले सिंगारिएको हुन्छ। फैलिएको हातमा बिमिरो राखिने चलन छ। यसरी विधिवत् रूपमा उठाएको यम द्यःको लिंगोमा मानिसहरू जनैपूर्णेको दिन लगाएको हातको डोरी फुकाली बाध्ने गर्छ। भक्तपुरको मल्लकालीन २४ वटै टोलमा लिंगो उठाउदैं आएकोमा अचेल १७ ठाउँमा मात्र उठाइन्छ। यम द्यः उठाउने क्रममा वरपर हाथु द्यः, कुमार गणेशको मूर्तिसमेत प्रर्दशन गर्ने चलन थियो। यो चलन अचेल तेखाचो एक ठाउँमा मात्र चालु छ। केही समय अगाडिसम्म थालाछेंस्थित नागपोखरीमा पनि यम द्यः सँगै प्रर्दशन हाथ द्यः ल्याएको एक व्यक्तिको घरमा त्यत्तिकै छ। यता पश्चिमाभिमुख हुने गरी यम द्यः उठाइसकेपश्चात् यम द्यः सँगै अवस्थित पाटी वा सार्वजनिक ठाउँमा डल्लु खायेगु भनी देवा झुण्ड्याउने काम सम्बन्धित गुथियारहरूले गर्छन्। हरेक साँझ त्यहाँ आरती दिनुपर्ने हुन्छ।

सूर्यमढी, जैँला, इनाचो, गोल्मढी, टिबुक्छें, गःहिटी, बोलाछें, तालाक्व, मुलाखु, तेखाचो, तेखापुखु, इँटाछें, खौमा, तुछिमला, महालक्ष्मीस्थान, नागपुखु आदि ठाउँहरूमा उक्त दिन यम द्यः उठाउने गर्छन्। यसमा अहिले तुलाछेंस्थित त्रिपुरासुन्दरी नजिक उठाउने यम द्यः उठाउने चलन बन्द भइसकेको छ। यता सूर्यमढी चोकभन्दा केही पर ब्रम्हायणी द्यःछें नजिकको यम द्यः पनि उठाउने नगरेको धेरै वर्ष भयो। केही समय अगाडिसम्म खौमा ढोका अगाडि दुईवटा यम द्यः उठाउँदै आएको अचेल एउटैमात्र बाँकी छ। यहाँनेर तचपाल, टौमढी, लायकु, चोछेंजस्ता महत्त्वपूर्ण ठाउँहरूमा यम द्यः उठाउने नगरेको वा बन्द भएको यसबारे गहन अध्ययन भएको पाइँदैन।

**याँ मता**

भक्तपुरको यन्याँ पुन्हिको एक महत्त्वपूर्ण भाग 'याँ मता' हो। जहा 'याँ' को अर्थ इन्द्र र 'मता' को अर्थ बत्ती हो।



पुलुकिसी (ऐरावत हाती)

तसर्थ 'याँमता' भनेको इन्द्ररूपी बत्ती भन्ने बुझिन्छ। भक्तपुरको इन्द्रजात्राको क्रममा आश्विन कृष्ण द्वितियादेखि चतुर्थीसम्म तीन दिन भक्तपुरको फरक-फरक तीनवटा ठाउँहरूबाट 'याँमता' को जात्रा हुन्छ। आफ्ना छोरा जयन्तको खोजी गर्न 'याँमता' को प्रयोग भएको कहावत् छ। एउटा लामो बाँसमाथि त्रिशुल आकारको तीनवटा बत्ती हुन्छ। यसलाई आश्विन कृष्ण द्वितीयाको दिन भक्तपुर तचपालस्थित सकोलानका मानन्धर समुदायले भैरवको सामुन्ने पूजाआजा गरी तचपालको भिमसेन मन्दिर अगाडिको डबलीमा दुईटा 'याँमता' बालेर नगर परिक्रमा गराउछ। 'याँमता' को दर्शन गर्न बाटोमा स्थानीयको भिड बसेको हुन्छ। 'याँमता' को दर्शन गरेमा आँखाको ज्योति बढ्छ भन्ने भनाइले 'याँमता' हेर्न मानिसहरू बसेका हुन्छन्। 'याँमता' लाई नगर परिक्रमा गराउने क्रममा ठाउँ-ठाउँमा रोकेर तेल थप्ने काम हुन्छ। विशेषगरी नगर परिक्रमा गराउने समयमा 'याँमता' निभ्न पुगेमा ठूलो अनिष्ट हुने मानिन्छ। जसको घरको सामुन्ने 'याँमता' निभ्छ, त्यस घरको सदस्यको मृत्यु हुन्छ भन्ने चलन छ। त्यसैले यस्तो नहोओस् भन्नाको खातिर ठाउँठाउँमा तेल थप्ने गरिन्छ। तर जहाँपायो त्यहीं रोकेर तेल थपिदैन। बरु दोबाटो, चौबाटो वा खुल्ला चोक तथा डबली, मन्दिर वा सम्पदानजिक रोकी तेल थपिन्छ। यस दिनको 'याँमता' को सम्पूर्ण जिम्मा थथुसाका मानन्धर समुदायको हो। विगतका दिनहरूदेखि नै मानन्धर समुदायको गुठीले यो कार्य गर्दै आएको हो। नगर परिक्रमापश्चात् 'याँ मता' लाई बारे पुखु (कमल बिनायक) पोखरी घुमाइन्छ। 'याँ मता'को बत्ती तेलशाला (सा) को देवतालाई चढाउँछ।

त्यस्तै त्यसको भोलिपल्ट तृतीयाको दिन पनि 'याँमता'को जात्रा हुन्छ। यस दिनको 'याँमता' को सम्पूर्ण कार्य गोल्मढीका मानन्धर समुदायले गर्छ। गोल्मढीस्थित सा (तेलशाला) भित्रको देवता सामुन्ने 'याँ मता' राखी पुजाआजा गरिसकेपछि चोछेंको छुम्ह गणेशको अगाडि 'याँमता' बाल्ने परम्परा छ। साथमा छुम्ह गणेशको पनि जात्रा भएको हुन्छ। नगर परिक्रमापश्चात् 'याँ मता' लाई छुम्ह ताँ ब्यासी हुँदै भ्रौखेलस्थित मुथली पोखरी परिक्रमा गराएपछि त्यस दिनको 'याँमता' जात्राको समापन हुन्छ। आश्विन कृष्ण चतुर्थी भक्तपुरको इन्द्रजात्राको अन्तिम दिन हो। यस दिनको याँ मताको जिम्मा भक्तपुर तपालाछीका मानन्धर समुदायको हो। भक्तपुर टौमढीस्थित मान्द्रोको भैरवको जात्राको लागि तपालाछिका मानन्धरहरूले बोलाछेंस्थित अखुंबाहा परिसर बाहिर दुईवटा 'याँमता' बाली नगर परिक्रमा गराउँछ। परिक्रमा पछि दुईटै 'याँमता' तः पुखु (सिद्धपोखरी) घुमाइ आफ्ना तेलशालाको देवतालाई बत्ती चढाएपछि 'याँमता' को जात्रा सम्पन्न हुन्छ।

## पुलुकिसी (ऐरावत हात्ती)

यन्याँ पुन्हि पर्वको आर्कषण पुलुकिसी अर्थात् ऐरावत हात्ती पनि हो। किम्बदन्तीअनुसार मर्त्यलोकमा कैद परेका आफना छोरा जयन्तको खोजीमा इन्द्रले आफ्ना बाहन ऐरावत हात्तीलाई खोज्न पठाएको भावले यहाँ ऐरावत हात्ती अर्थात् पुलुकिसीको जात्रा सुरु भएको मान्न सकिन्छ। भक्तपुरको पुलुकिसीको जात्रा आश्विन कृष्ण चौंथी अर्थात् इन्द्रजात्राको अन्तिम दिनमा हुन्छ। भक्तपुर लाकुलाछेंस्थित किसी छेःमा रहेको मान्द्रोको टाउको र जीउ बनाइन्छ। सुँडसहितको टाउकोलाई आर्कषक रङ्रोगन गर्ने काम तलेजुसँग सम्बन्धित चित्रकारले गर्छ। हात्तीको जिउलाई निलो कपडाले बेरेर चारजना मानिसले बोक्ने र पाँचौ व्यक्तिले पुलुकिसीभित्र रहेको घण्टा बजाउने काम गर्छ। लाकुलाछेंबाट तयार गरी जात्रा गर्ने क्रममा गःहिटी हुँदै टौमढी पुऱ्याइ तीनपल्ट घुमाइन्छ। आफ्ना लुगाभित्र यता-उता गर्छ। हात्ती अगाडि बढ्दा त्यसभित्रको घण्टा बजाउँछ। तर हात्ती पछाडि गर्दा घण्टा बजाउनुहुँदैन भन्ने मान्यता छ। पुलुकिसी जात्राभरि कहींकतैको घण्टा बजाउनुहुदैन भन्ने पनि मान्यता छ।

टौमढीको भैरवनाथ मन्दिर सामुन्नेको डबलीमा राखी आगो ताप्न दिन्छ। त्यहाँबाट अगाडि-पछाडि हात्ती प्रदक्षिणा मार्ग हुँदै जब बंशगोपाल पुग्छ , देगमनातर्फ मुख पार्दै धान खुवाएको अभिनय गर्छ। त्यसबेला त्यो दिशातिर खेत भएकाहरूले हात्तीलाई धान पुऱ्याइ पुनः नगरको पश्चिमतर्फ हेरी धान खुवाइन्छ। त्यसपश्चात् हात्ती भक्तपुरको दरबार क्षेत्र पुग्छ। त्यहाँ तीन चक्कर घुमाई पुनः अगाडि-पछाडि गर्दै भोलाछें पुगेपछि त्यहाँबाट उत्तरतिर हेरी धान खुवाउने चलन छ। हात्ती यसरी सूर्यमढी पुगेपछि त्यहाँबाट पूर्व हेरी धान खुवाइन्छ र सुर्यमढीबाट जब तलातुंथी पुगेपछि हात्तीलाई पुनः पानी खुवाएको अभिनय गर्छ। जब हात्ती दत्तात्रय चोक पुग्छ हात्तीलाई भिमसेन डबलीमा राखी आगो ताप्न दिइन्छ। यसरी हात्ती नगर परिक्रमा गरी पुनः टौमढी हुँदै लाकुलाछें पुगेपछि पुलुकिसी जात्रा सम्पन्न हुन्छ।

पुलुकिसी जात्राको क्रममा बज्ने घण्टा अत्यन्त आर्कषक र कर्णप्रिय हुन्छ। साथै हात्तीलाई यता-उता गर्दा हात्तीको सुँडले अरुलाई छुने डर हुन्थ्यो। सुँडले छोयो भने अनिष्ट हुन्छ भन्ने मान्यता छ। तर अचेल यसमा कमैमात्र विश्वास गर्दा जोसुकै हात्तीको नजिक जाने प्रयास गर्दा जात्रामा हुलमुल भएको देखिन्छ जसबाट हात्ती बोक्नेहरूलाई सकस भएको पाइन्छ।

## मुपात्र

यन्याँ पुन्हि जात्राको अर्को महत्त्वपूर्ण पात्र भएर होला यसको नामाकरण नै मुपात्र भएको छ। जसको अर्थ मूलपात्र हो। किम्बदन्तीअनुसार उनी मर्त्यलोकका राजा हुन् जो राक्षस थिए। उनका दुईजना सहायकहरूलाई धिचा भनिन्छ, जो सदैव दायाँबायाँ रहन्छ। मुपात्रले रातो जामा तथा भोटो लगाई हातमा एउटा खड्ग बोकेको हुन्छ। भक्तपुरको इन्द्रजात्राको क्रममा छैठौं दिन तचपालस्थित नारायण मन्दिरबाट, सातौं दिन दरबार लायकूको जगन्नाथ मन्दिरबाट र अन्तिम दिन टौमढीस्थित भैरब मन्दिरबाट यही पहिरनमा हातमा खड्ग, टाउकोमा मुकुट र दायाँबायाँ दुईजना धिचा राखेर नगर परिक्रमा गर्ने चलन छ। यसबेला दोबाटो र चौबाटो तथा टोल-बस्तिबीच ठड्याएको यम द्यःलाई मुपात्रले तीनपल्ट घुमेर खड्गले प्रहार गर्छ। जात्रा हेरिबसेकाहरूले 'हाँयचा यगु कपः - मुपात्र' , 'गेडाम्येस्या ला' भनी जिस्क्याउने गर्छन्। जात्राको क्रममा मुपात्रले खड्गले प्रहार गर्नेलाई चोरीको आरोप  लागेको हुँदा सजाय दिएको अर्थले लिने चलन छ। इन्द्रजात्राको तीनदिन जात्रा गर्ने भएर मुपात्रलाई तीन दिनको राजा पनि मान्ने चलन छ।

## अन्तमा

प्राचिनकालमा नेपालमण्डल एउटा विशाल राज्य छँद तत्कालीन राजधानीमा यन्याँ पुन्हि मनाउने चलनअनुसार सर्वप्रथम यो चलन लिच्छवीराजा गुणकामदेवले कान्तिपुरस्थित गुनपो दरवारसँगै इन्द्र गृह भवन अगाडि इन्द्र ध्वजारोहण अर्थात् योसिं उठाउने चलन ल्याएको इतिहासमा उल्लेख छ। लिच्छवीपछि मल्लहरूको पालामा नेपालमण्डलको राजधानी भक्तपुर छँदा इन्द्रकुट बनाई इन्द्रध्वजोत्सव पर्व मनाएको गोपाल राजवंशावलीमा उल्लेख छ। जुन नेपाल सम्वत् ४१४ को घटना हो। यता विशाल नेपालमण्डलको पछिल्ला राजा यक्ष मल्लको समयमा भक्तपुर राजधानी रहेको हुँदा यहाँ भव्य रूपले इन्द्रजात्रा मनाएको प्रसङ्ग ने.स. ५६१ को भक्तपुर टौमढीस्थित शिलापत्रमा उल्लेख छ। ने.सं. ६०३ मा यक्ष मल्लको मृत्युपश्चात् कान्तिपुरलगायतका अनेकौं राज्यहरू केन्द्र भक्तपुरबाट स्वतन्त्र हुँदै जाने क्रममा हरेक स-साना राज्यहरूमा समेत इन्द्रजात्रा मनाउने चलन बन्यो। लिच्छवी राजा आनन्ददेवदेखि यक्ष मल्लसम्म करिब ३६७ वर्षसम्म भक्तपुर नेपालमण्डलको राजधानी भएका कारण यहाँको इन्द्रजात्रा अन्य ठाउँको भन्दा विशेष रहयो। अझ अन्तिम मल्ल राजा रणजित मल्लको समयसम्म यहाँको कला-संस्कृति उच्च रहेको हुँदा यहाँको इन्द्रजात्रा अन्य ठाउँको भन्दा विशेष रहेको पाइन्छ। यता ने.सं. ८९० मा मल्लकालीन भक्तपुर पतन भएपश्चात् कान्तिपुर नै नेपालको राजधानी बन्न पुगेपछि काठमाडौंको इन्द्रजात्रा अन्य ठाउँको भन्दा भव्य र आकर्षक बन्न पुग्यो। त्यही भएर इन्द्रजात्रा भन्नासाथ अचेल काठमाडौं हनुमानढोका दरबार सँगैको कागेश्वरी मन्दिर नजिक योसिं उठाउने, हप्ता दिनसम्म विभिन्न नाच तथा देव-देवीहरूको जात्रा गर्ने, अन्तिम दिन कुमारी देवीको जात्रा गर्नुका साथै योसिं ढालेपछि जात्रा सम्पन्न हुनेलाई बढी महत्त्व दिएको पाइन्छ। त्यहाँ राष्ट्र प्रमुखको समेत उपस्थिति हुने र कुमारी देवीको हातबाट फूल र प्रसाद वितरण हुनेजस्ता मौलिक संस्कृतिले काठमाडौंको इन्द्रजात्रा महत्त्वपूर्ण मानिन्छ। तर यता मल्ल वंशको पतनको दुई सय पचास वर्ष पछि पनि भक्तपुरमा मौलिक ढंगले यन्याँ पुन्हि जात्रा अझ धेरै महत्त्वको विषय हो।



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

### तँगु पाँ

गुगूँ काले छम्ह गुँसुदा खुसिसिथे बुया चोंगु सिमा छमा पा वन। संयोगं वयागु पा खुसि कुटुवन। थअगु पाँ मरुगुलिं दुख ताया व गरिवम्ह मनु फेतुना खोयाचोन। छम्ह देवँ व दुःखँ खोगु सहयाए मफया वइत मदत ब्यू वल। व देवँ व मनुइगु खँ नेने धुँका व खुसि लुकुंबिना लुं यागु पां हयाबिल। व मनुष्यं व पां थगु मखु अकिं वं काए मखु धका धाल। हाकनं व देवं लखे लुकुं बिना वह यागु पां कया बिल। एनं व मनुं थगु मखु धका व पाँ मका। अकिं व देवं हाकनं छको लखे लुकुंविना वयागु कुटु वंगूहे पाँ कयाहया बिल। व बिचाराम्ह मनुं पाँ लएताया काल। देवं व मनु सोझा व इमान्दार जुगु खना खुसि जुया व लुंयागु व वहयागु पां नं व मनुइत बिया छोत। व मनु थगु भाग्य खना लए ताया छें ल्याहां वन। वया पासा छम्ह सित वं थो खंकन। वया पासा इमान्दार मखुम्ह जुया चोन। वया थें हे याना धनि जुइ धका मती तया व पासाम्ह नं अन वना सिमा पावना थअथे थमनं थगु पाँ कुटुका खोया चोन। अले न्हापाइथें तुं द्यो वया वइत मदत याएत बिज्यात। देवं लुं यागु पाँ थत हया केनेव व इमान्दार मखुम्ह मनुं फस् खं ल्हाना व पाँ वयागु तंगुहे ख धका धाल। थो फसखँ ल्हागुलिं द्यो तंचाया व मनुइत वइगु कुटु वंगु पाँ नापं कया मविसें लित छोयाहल। अकिं इमान्दार जुम्ह मनु हे सुखि जुइ धका सीकि।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

## कमजोरी लुकाउन सेना गुहार्नु बेठीक

# रानीपोखरी पुनःनिर्माण जिम्मा भक्तपुरलाई दिऊँ



गौरीबहादुर कार्की, पूर्व प्रधानन्यायाधीश

भक्तपुरमा रानीपोखरी बनेको ४० वर्षपछि कान्तिपुरमा राजा प्रताप मल्लले वि.सं. १७२७ मा रानीपोखरी निर्माण गराएका थिए । यो आजभन्दा ३४८ वर्ष पहिले हो ।

उनले छोरा चक्रवर्तेन्द्र मल्लको मृत्यशोकमा डुबेकी रानीलाई सान्त्वना दिन र मन बहलाउन रानीपोखरी निर्माण गराएका थिए भनिन्छ ।

२०७२ वैशाख १२ को भुइँचालोले रानीपोखरी बीचको बालगोपालेश्वर मन्दिर भत्कियो । यो भाइटीकाको दिनमात्र खुला हुन्थ्यो । यसको पुनःनिर्माण टुङ्गो लाग्न सकेको छैन । पुनःनिर्माणमा विवाद आइरहेका छन् ।

### बालगोपालेश्वर मन्दिर कस्तो बनाउने ?

मन्दिर र रानीपोखरी पुनःनिर्माण सम्बन्धमा पुरातत्त्व विभागका पूर्वमहानिर्देशक विष्णुराज कार्कीको संयोजकत्वमा काठमाडौं महानगरपालिका, पुनःनिर्माण प्राधिकरण र पुरातत्त्व विभागसमेतका ११ सदस्यीय विज्ञ टोली गठन भएको थियो । टोलीले बीचको मन्दिर प्रताप मल्लकै पालाको स्वरूपमा ग्रन्थकुट (शिखर) शैलीमा निर्माण गर्नुपर्ने सुझाव दियो । विभागका विज्ञले भने सहमति जनाएनन् ।

जङ्गबहादुरको पालामा नयाँ स्वरूपमा बनेको यो मन्दिर १९९० सालको भुइँचालोमा भत्केपछि जुद्धशमशेरले अहिलेको गुम्बज शैलीमा पुनःनिर्माण गराएका थिए । यसमा प्यागोडा वा छत्रे शैलीमा छानाको तहतह बनाएर लगिन्छ । शिखर शैलीमा भने तलबाट माथितिर क्रमशः सानो हुँदै चुच्चो पारेर बनाइन्छ । दुवैको टुप्पामा गजुर हालेर टुङ्ग्याइन्छ ।

अहिले सबभन्दा पुरानो प्रताप मल्ल पालामा बनेको शिखर शैलीको रानीपोखरीको मन्दिरसहित चित्र देखिन आयो । सन् १८४५ (बिसं १९०२) फेब्रुअरीमा तत्कालीन प्रुसियाका राजकुमार वाल्डमार तिब्बत भई नेपाल घुम्न आएका थिए । उनका साथ आएका कलाकारले बनाएको चित्रमा शिखर शैली देखिन्छ । उक्त चित्रमा रानीपोखरीको स्वरूप र मन्दिर मात्र होइन, पृष्ठभूमिमा स्वयम्भु र नागार्जुन डाँडोसमेत हालकै अवस्थाको देखिन्छ ।

यो चित्रलाई उनीभन्दा १ सय २४ वर्षअगाडि नेपाल आएका इटालीका जेस्विट्इपोलिटो डेसिडेरीले तिब्बतबाट भारत फर्कने क्रममा गरेको यात्रा विवरणले पनि पुष्टि गर्छ भन्ने उनै विभागका पूर्वमहानिर्देशक कार्कीले भनेका छन् ।

भारतपछि नेपालको बेलायती रेसिडेन्सीमा सर्जन भएर हेनरी एम्ब्रोस ओल्डफिल्ड आएका थिए । उनी सन्



हेनरी एम्ब्रोस ओल्डफिल्डले सन् १९०० मा बनाएको चित्र जसमा लाल बैठक बन्नुपूर्व परम्परागत शैलीको भवन देखिन्छ ।



पोखरीको भाग, पूर्वबाट हेर्दा। र, सैनिक महाविद्यालयका भवन भक्तपुर टुँडिखेल अतिक्रमण (दायाँ)। तस्बिरहरू:नारायण महर्जन

१८५० देखि १८६३ सम्म १४ वर्ष नेपाल बसे। सर्जन भए पनि उनलाई भारत आउनुअघि नै चित्रकलामा पारंगत पारेर पठाइएको रहेछ। त्यतिबेला क्यामरा आविष्कार भइनसकेकाले उनले नेपालका सम्पदाहरूको धेरै चित्र आफैले बनाए। अन्य कलाकारलाई पनि बनाउन लगाए।

नेपालका सम्पदा बिगार्नमा उनले टिप्पणी गरेको पाइन्छ। काठमाडौंको रानीपोखरीबीचको त्यो अत्यन्तै सुरम्य वस्तुलाई जंगबहादुरले सन् १८५१ मा भत्काई ईंटा र सिमेन्टको कुरूप संरचना बनाए। जंगबहादुरले बनाएको मन्दिरको तस्बिर वा चित्र पाइएको छैन। तर डा. डिल्लीरमण रेग्मीले तीनतले छाने शैलीको भनेका छन् भने मेरी स्लसरले पनि परम्परागत छाने शैलीको मन्दिर भनेकी छन्। ९० सालको भुइँचालो अगाडिको एउटा तस्बिर फेला परेको छ। डा. रेग्मीले भनेजस्तो छत्रे शैलीको चित्र भने फेला परेको छैन।

काठमाडौंको रानीपोखरीजस्तै भक्तपुर दरबार परिसरको सिंहधाख्वा वा सिंह ढोका पूर्वको लाल बैठक भवन पनि कुन शैलीमा बनाउने भन्नेमा विवाद छ।

वि.सं. १९१३ मा तत्कालीन गभर्नर धीरशमशेरले भक्तपुर दरबार परिसर मूल चोकको परम्परागत शैलीको आधा भाग भत्काएर बेलायती शैलीमा लाल बैठक भवन बनाए। दरबार परिसरमै त्यो भवन अमिल्दो छ। तर यो बेलायती शैली १०० वर्ष पुरानो भएकाले सोही शैलीमा बनाइनुपर्छ भन्ने पुरातत्व विभागको भनाइ छ। भक्तपुर नगरपालिका भने पुराना भेटिएका तस्बिरका आधारमा नेपाली शैलीमै बनाइनुपर्छ भन्ने अडानमा छ।

नयाँ रूपमा बनाउनुपूर्व यिनै ओल्डफिल्डले बनाएका सन् १९१० र ११ को चित्र हेर्नु उपयुक्त हुन्छ, जसमा परम्परागत शैलीको ईँटाको गारो र बुट्टे झ्याल देखिन्छन्। यी अन्य पुराना चित्रमा पनि देखिन्छन्।

हेनरी एम्ब्रोस ओल्डफिल्डले सन् १९०० मा बनाएको चित्र जसमा लालबैठक बन्नु पूर्व परम्परागत शैलीको भवन देखिन्छ।

यसरी जंगबहादुरको बेलायत यात्रापछि नेपाली परम्परागत शैलीका मन्दिर, भवन आदि भत्काएर बेलायती शैलीमा निर्माण गरियो।

अहिले आएर रानीपोखरीमा धरहराभैंm कफी सपलगायत व्यापारिक प्रयोजनमा प्रयोग गर्न खोजिँदैछ। पहिले धरहरामा व्यापारिक काम दिइयो, जसबाट धरहराको सौन्दर्य बढाउने, सुन्धारा संरक्षण गर्ने काम भएन। व्यापारिक रूपमा दुहुने काम मात्र भयो। त्यस्तै उद्देश्य रानीपोखरीमा पनि देखिन्छ। निर्माण कार्यमा परम्परागत विधि, शैली, निर्माण सामग्री प्रयोग गर्नेतिर हाम्रा महानगरपालिका र पुरातत्त्व विभागले ध्यान दिन सकेनन्।

पुरातत्त्व विभाग स्वयं पोखरीबीचको मन्दिर जुद्धशमशेर पालाको गुम्बज शैलीमा निर्माण गर्न तम्सिएको छ। जंगबहादुरले बनाएकोलाई १०० वर्ष पुरानो भनी पुरातात्विक महत्त्व दिने हो भने पनि १९९० सालपछिको गुम्बज शैली पुरातात्विक होइन। पुरातात्विक महत्त्वको हुन सय वर्ष पुगेको छैन।

पुरातात्विक महत्त्वका मन्दिर र सम्पदा पुनःनिर्माण भनेको संस्थापक निर्माताले जस्तो रूपमा बनाएको हो त्यस्तै रूपमा बनाउने हो। मूल रूपमा निर्माण गर्नमा कुनै कठिनाइ भए मात्र नयाँ स्वरूपमा बनाइनुपर्छ। त्यो पनि विज्ञहरूको सर्वसम्मतिबाट विवाद नआउने गरी परम्परागत शैलीमै निर्माण गर्नुपर्छ। रानीपोखरी बीचको मन्दिर स्वरूप भनेको सबभन्दा

पहिलो पुरानो चित्र नै हो। अहिले त्यो चित्र सार्वजनिक भइसकेको अवस्थामा पुनःनिर्माणमा दसथरि विचार ल्याउनु उचित छैन।

नयाँ राजनीतिक परिवर्तनपछि युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको काठमाडौंको रानीपोखरी निर्माणमा विवादै विवाद आएको छ भन्छन्। यो कुरा डेभिड एन गेलनरले आफ्नो लेख 'अ हेरिटेज फ्लासपोइन्ट' मा उल्लेख गरेका छन्। उनी बेलायतको अक्फोर्ड विश्वविद्यालय, समाज तथा मानवशास्त्र विभागका प्राध्यापक हुन्।

रानीपोखरीमा विभिन्न ५१ तीर्थस्थलको जल ल्याएको ठ्यासफूमा उल्लेख छ। राजा प्रतापमल्लले पोखरीमा पानी खन्याउनु अगाडि तीर्थयात्रा गरेका थिए। उनको तीर्थयात्रा ई.सं. १६६९ मा भन्ने ठ्यासफू भक्तपुरको राष्ट्रिय कला संग्रहालयमा फेला परेको छ।

पोखरी बीचको विमलेश्वर वा बालगोपालेश्वरको मन्दिर पुरातत्त्व विभागले बनाउने र अरु काम महानगरपालिकाले बनाउन थालेका थिए। दुवै काममा विवाद आयो। विभागले मन्दिर सिमेन्टको पिलरमा बनाउन थालेको थियो भने महानगरले पोखरी किनाराबाट १५ फिटमा आरसीसी ढलान गरेर पर्खाल लगाउन थालेका थिए।

दुवै काम पुरातात्विक हिसाबले गलत थिए। पानी चुहिन नदिन कंक्रिट प्रयोग गरेको भन्ने महानगरको भनाइ छ।

३४८ वर्षभन्दा अगाडि प्रताप मल्लको पालामा जुन विधि प्रयोग गरेर पोखरी निर्माण गरियो, त्यो विधिमा पानी अडिरहेकै थियो। त्यही विधिमा अहिले पनि पुनःनिर्माण गरिनुपर्ने संस्कृतिविद्हरूको भनाइ छ। भुइँचालोपछि पुनःनिर्माण सुरु नगर्दासम्म पनि पोखरीमा पानी थियो। मौसमअनुसार पानी घटबढ हुनु स्वाभाविक हो।

मल्लकालीन प्रविधिबाट पानीको मुहान कहाँ थियो ? पानी के कारणले अडिइरहेको थियो ? किन चुहावट भएन भन्नेतिर कसैको ध्यान गएन। महानगरले त स्विमिङ पुलजस्तो बनाउन लागेको थियो।

पोखरीमा सबभन्दामाथि कालो माटोको सतह बनाइन्छ। त्यहाँमुनि बालुवा हुन्छ। पोखरीमा पानी आउने र पानी जाने फरकफरक इनार हुन्छन्। पुरातत्त्वविद् सुदर्शनराज तिवारीका अनुसार पोखरीमा विभिन्न सातवटा इनार छन्। पानी आउने इनार पनि छन्। पोखरी सफा गर्ने इनार पनि छन्। पोखरीबाट पानी वितरण गर्ने पनि इनार छन्। तीनधारा संस्कृत छात्रावास, सुनधारा र भोटाहिटीमा यहाँबाट पानी जान्थ्यो।

कालोमाटो थलथले हुन्छ। थलथले माटो पानी परेपछि ढाडिन्छ। ढाडिएपछि पानी कतै जाँदैन। रोकिन्छ।

'पानी भएन भने पटपटी फुट्छ,' पुल्चोक इञ्जिनियरिङ कलेजमा ऐतिहासिक आर्किटेक्टका प्राध्यापक समेत रहेका तिवारी भन्छन् 'पानी हाल्यो भने फुल्छ। यही बुझेर ढुंगेधारा, पोखरी, इनार बनाउँदा कालोमाटो प्रयोग गरिएको हो।'

यो कुरा नबुझेर वा बुझ्न नचाहेर रानीपोखरीमा आधुनिक प्रविधि प्रयोग गरियो। आधुनिक निर्माण सामग्री राखियो। अब संरक्षणको नियमअनुसार जानुपर्छ। संरक्षणको नियम भनेको प्राचीन प्रविधि भए त्यही प्रयोग गर्नुपर्छ। प्राचीन निर्माण सामग्री प्रयोग भएको छ भने त्यही प्रयोग गर्नुपर्छ र, आकार पनि प्राचीन नै हुनुपर्छ।

वरिष्ठ योजनाविद् हार्वार्ड विज्ञ प्रा.डा. भरत शर्मा रानीपोखरी पुनःनिर्माण विवादलाई सम्पदामाथिको उपहास



पूर्वबाट हेर्दा देखिएको पोखरीको भाग। परतिर देखिएको सेनाको उच्च माविको कार्यालय भवन। र रानीपोखरीको पूर्वपट्टि टुँडिखेलमा रहेको सेनाको पौडी पोखरी (दायाँ)।



धीर शमशेरले १९१३ सालमा पुरानो भत्काएर नयाँ बनाएको सेतो भवन।

भएको बताउँछन्। नेपाली ज्ञान, सीप र क्षमता प्रयोग गरेरै सम्पदा निर्माण गर्न सकिने बताउँछन्।

भक्तपुरको सिद्धपोखरी जमिन वा सडक सतहभन्दा १२-१५ फिट उचाइमा छ। दुई दशकअगाडि त्यो पोखरी सुकेपछि भक्तपुर नगरपालिकाले मर्मत गरेको थियो। अहिले पानीले भरिएको छ। माछा पालिएको छ। अति सुन्दर छ।

त्यहाँ कंक्रिट ढलान नगरीकनै जमिन सतहभन्दा माथिको पोखरीमा पानी अडेको छ भने रानीपोखरीमा किन अडाउन सकिँदैन ?

रानीपोखरी निर्माणकै सन्दर्भमा मूल ढोका ताल्चा लगाउने र ताल्चा फुटाउने काम समेत भए। विवाद ल्याउने, गर्ने दुवैथरिको उद्देश्य त रानीपोखरीलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने नै होला। तर राजनीतिक र अन्य आर्थिक स्वार्थले यस्ता विवाद प्रकाशमा आएर छताछुल्ल हुन्छन्। सरसल्लाह, सहमतिबाट विवाद अन्त्य गर्न सकिनेतिर कमै लागिन्छ।

## बालगोपालेश्वर मन्दिरबाहेक रानीपोखरीको अन्य निर्माण

हाल रानीपोखरी जुन रूपमा बचेको छ त्यो रूपमा नै पुनःनिर्माण गरिनुपर्छ। हात्तीपाटी र पोखरीको चारैतिरको सरकारी र सार्वजनिक परिवेशलाई पोखरीकै गुरुयोजनामा चरणबद्ध रूपमा काम गर्नुपर्छ। रानीपोखरीको पानी श्रोत विभिन्न कारणले सुकेकाले अब पुरानै स्रोत फेला पार्न सकिँदैन। पानी राखेपछि चुहिन नदिन परम्परागत शैली र विधि अपनाउनुपर्छ।

पोखरीमा आकासे पानी र सतहको सफा पानी जम्मा गर्ने प्रवन्ध गरिनुपर्छ। २०३३ सालतिर वर्षामा रानीपोखरीको पानीको सतह बढेकाले निकास फेला पार्न सकिएन। त्यसपछि त्यतिबेलाको नगर विकास समितिले बढी भएको पानी बाहिर पठाउन दक्षिण पश्चिमा कुना अर्थात् सोह्र हाते गणेशको पूर्वपट्टिबाट ह्युम पाइपको ढलबाट रत्नपार्कको हालको भूमिगत मार्गको पूर्वपट्टि पुरानो ढलमा जोडेको छ।

त्यो समय ढल निर्माणमा संलग्नहरू इन्जिनियर हेमन्त अर्ज्याललगायत हुनुहुन्छ। मुख्यतः पानी जमीनुमनि चुहिएर पनि नजाने, चारैतिरबाट पनि नचुहिने प्रविधि अपनाइनुपर्छ। कति तहमा कालो माटोलगायत कस्तो माटो प्रयोग भएको थियो भन्ने अझै पनि हेर्न सकिन्छ। रानीपोखरी एउटा संरचनामात्र होइन, यो पोखरीसँग मल्लकालीन पोखरी निर्माण शैली र काठमाडौंको पानी वितरण प्रणालीको पहिचान जोडिएको छ।

रानीपोखरीको अन्य भाग निर्माण गर्दा कफी सप र व्यापारिक पसल बनाउनेतिर सम्बन्धितको ध्यान केन्द्रित भएको देखिन्छ। उनीहरूले बुझ्नुपर्यो, पुनःनिर्माणपछि प्रवेश टिकट लगाए आम्दानी भइहाल्छ। आम्दानी नाममा सम्पदालाई भद्दा व्यापारिक प्रयोग गरेर मौलिकता नष्ट गर्नु उचित हुँदैन।

## रानीपोखरी निर्माण सेनालाई दिने विवाद

सम्पदा निर्माण सेनालाई दिने भनी महानगरका प्रमुख, मन्त्रीहरूसमेतको बैठकबाट सुझाएको देखिन आयो। भुइँचालोको तीन वर्षपछि पनि रानीपोखरी, धरहरालगायत सम्पदा पुनःनिर्माण गर्न नसकेपछि लाज पचाउन यस्तो सोचाइ आएको हो। ९० सालको भुइँचालोपछि राणाकालमा २ वर्षमै धरहरा खडा गरिएको थियो। गणतन्त्रमा भने झगडा गर्दैमा समय बितिरहेको छ। यही झगडाले सेनालाई सुम्पने विचार प्रवाह भयो।

रानीपोखरी निर्माणमा ३ करोड दस लाख

रूपैयाँभन्दा बढी खर्च भैसकेको छ। सम्पदा पुनःनिर्माणमा हानथापमै ३ वर्ष बितिसकेको छ। यो विवादै विवादबीच सेनालाई जिम्मा लगाउन पाए रानीपोखरी समयमै निर्माण गर्न सकिने र विवादबाट बचिने भन्ने पदाधिकारीहरूको सोच छ ।

## के सेनाले रानीपोखरी जोगाउला ?

बाढी, पहिरो, भुइँचालो लगायत दैवी प्रकोप वा संकट पर्दा, सामान्य रूपमा सरकारी यन्त्र प्रयोग हुन नसक्दा सेना र सशस्त्र प्रहरीलाई प्रयोग गर्ने हो। त्यसका लागि ती संस्थालाई डोजर, एक्स्काभेटर आदि हेभी इक्विपमेन्ट र जनशक्तिका लागि देशका विभिन्न स्थानमा केन्द्र राख्न पर्याप्त बजेट सरकारले दिनुपर्छ। ०७२ को भुइँचालो र जुरेको पहिरोपछि कोदारी राजमार्ग खोल्न नसकिएकोतर्फ सरकारको ध्यान जानुपर्ने हो। यी निकाय दैवीप्रकोप उद्धार गर्न सक्षम हुन सरकारकै पूर्ण सहयोग र संलग्नता हुनुपर्छ। सेनालाई रानीपोखरी निर्माणमा सहभागिता गराउने सम्बन्धमा केही विवाद सतहमा आइसकेको छ। अझ त्योभन्दा पनि महत्त्वको प्रश्न राजधानीकै भक्तपुरमा पुरातात्विक महत्त्वको रानीपोखरी नै सेनाको कब्जामा छ। त्यतातिर न सरकार, न स्थानीय सरकारकै ध्यान गएको छ।

भक्तपुरका राजा जगज्योर्ति मल्लले ने.सं.७५० अर्थात् १६८७ सालमा (३८८ वर्ष पहिले) भक्तपुर टुँडिखेलको पश्चिममा न्हु पुखः अर्थात् रानीपोखरी तयार पारेका थिए। सिद्धपोखरीभन्दा पश्चिमपट्टि ठूलो फराकिलो टुँडिखेल रहे पनि पुछारमा यो पोखरी बनाइयो। खुला ठाउँ टुडिखेल अतिक्रमण नगरिकन मल्ल राजाले कति बुद्धि पुर्याएर यो पोखरी बनाएछन्।

जबकि अहिले पोखरीको पूर्वपट्टि टुँडिखेलमै सेनाले स्वीमिङ पुल, बास्केट बल, भलिबल आदि कोर्ट बनाएको छ। सैनिक महाविद्यालयका भवनले सार्वजनिक खुला ठाउँ



२०७२ सालको भूकम्प अगाडिको बालगोपालेश्वर मन्दिर

भरिएका छन्। ०७ सालपछि सैनिक ब्यारेक र हाल सेनाको उच्च माध्यमिक विद्यालय भवन, कार्यालय, विद्यार्थी र शिक्षक आवास भवन, खेलमैदान, पौडी पोखरी आदिमा परिणत गरी यो पुरातात्विक पोखरीसमेत कब्जामा छ। हामीले केटाकेटीमा खेल्ने गरेको भक्तपुरको टुँडिखेलमा नागरिक प्रवेश निषेध छ।

काठमाडौंभन्दा ४० वर्ष जेठो भक्तपुरको पुरातात्विक रानीपोखरीकै बिजोग पार्ने सेनालाई काठमाडौंको रानीपोखरी निर्माण गर्न दिनु कहाँसम्म उचित होला विचारणीय छ। सम्पदा निर्माणमा सेनाको कुनै अनुभव छैन, ठेकेदारबाट नै बनाउन लगाउने हो। आफ्नो कमजोरी लुकाउन सेना गुहार्नु उचित होइन।

## भक्तपुर नगरपालिका सम्पदा निर्माणमा सक्षम

उपत्यकाका नगरपालिकामध्ये सम्पदा पुनःनिर्माणमा भक्तपुर नगरपालिका उम्दा छ। यो कुरा काठमाडौंका प्रमुख विद्यासुन्दर शाक्यले नै स्वीकार्नु भएको छ।

भक्तपुरले उपभोक्ता समितिबाट पहिले नै पाँचतले मन्दिर, भैरव मन्दिर र ५५ झ्याले दरबार अमानतमा निर्माण गराइसकेको छ। जुन अनुमानभन्दा धेरै कम लागतमा सकियो।

परम्परागत शैली र निर्माण सामग्री प्रयोग र उच्चकोटीको कामका कारण काठमाडौंको पशुपतिनाथ, महिन्द्रमल्लको पालामा बनेको तलेजु भवानी, वसन्तपुरको श्रीखण्ड तरमुल विहार, पञ्चदानबाट जीर्णोद्धार गरिएको बज्रश्री महाविहार, भक्तपुरको पाँचतले, दत्तात्रय र पशुपति मन्दिरका साथै ५५ झ्याले दरबार २०७२ को भुइँचालोमा पनि बचे। अहिले पनि सिद्धीलक्ष्मीको ढुंगे मन्दिर, बत्सला, केदारनाथ आदि पुरानै शैली र परम्परागत निर्माण सामग्री प्रयोग गरेर भक्तपुर नगरपालिकाले पुनःनिर्माण गरिरहेको छ।

काठमाडौं महानगर र पुरातत्त्व विभागले रानीपोखरी र बालगोपालेश्वर मन्दिर परम्परागत शैली र निर्माण सामग्री प्रयोग गरेर बनाउन नसक्ने हो भने भक्तपुर नगरपालिकालाई जिम्मा लगाइदिए हुन्छ। निर्धारित समयमा काम पनि सकिनेछ।

नभए काठमाडौंको सम्पदा रानीपोखरी र बालगोपालेश्वर मन्दिर परम्परागत शैली र तरिकामा छिटो निर्माण सक्न सबै एकजुट हुने बेला आएको छ।

*स्रोत- सेतोपाटी अनलाइनबाट*

*मिति : २०७५ साउन १६ बुधबार*

# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण

भक्तपुर नगरपञ्चायतबाट २०३१ सालमा संकलन गरिएको भक्तपुर नगरभित्रको पाटी विवरण यस अङ्कदेखि पुनः प्रकाशन गरिएको छ। यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपाको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ - 'भक्तपुर')

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| | | | | **वडा नं. ५ (हाल वडा नं. ६)** | | | | |
| १०५ | ग्राछेँ गणेशको घर अगाडि | बाटो | बाटो | बाटो | घर | सार्वजनिक | उत्तरतर्फ दलान कवल ५, पूर्वपश्चिम १-१ | वर्ष ३, २०४१ अंक १ |
| १०६ | ग्राछेँ अम्बिकाको घर अगाडि | बाटो | घर | पातान | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ १ | वर्ष ३, २०४१ अंक १ |
| १०७ | ग्राछेँ गणेशको बायाँ | बाटो, घर | बाटो | चोक | बाटो | सार्वजनिक | दक्षिण दलान कवल ७, पूर्व पश्चिम १-१, २ तले २ तले | वर्ष ३, २०४१ अंक १ |
| १०८ | ग्राछेँ गणेशको बायाँतर्फ | बाटो | बाटो | बाटो | पातान | सार्वजनिक | उत्तर दलान कवल ३, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक १ |
| १०९ | ग्राछेँ बाजेको घर अगाडि | बाटो | बाटो र घर | बगैंचा,घर | बाटो | सार्वजनिक | दक्षिण दलान कवल ५, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११० | बाजेको घरदेखि दक्षिणतर्फ | बाटो | घर | घर | बाटो | सार्वजनिक | दक्षिण दलान कवल ५, पूर्व १ | वर्ष ३, २०४१ अंक १ |
| १११ | गणेशको अगाडिको | बाटो | बगैंचा | घर,बगैंचा | बगैंचा | सार्वजनिक | पूर्व दलान कवल ३ | वर्ष ३, २०४१ अंक १ |
| ११२ | भोलाछेँ जयनारांको घर मुनिको | घर | बाटो | घर | बाटो | सार्वजनिक | पश्चिम दलान कवल ५, उत्तर दक्षिण १-१ माथि कौसी | वर्ष ३, २०४१ अंक १ |
| ११३ | आसकाजी, बुद्धबाजेको घर मुनिको | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११४ | भोलाछेँ | बाटो | पोखरी | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११५ | भोलाछेँ | बाटो | बाटो,पोखरी | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११६ | भोलाछेँ बासुदेवको घर मुनि | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ भत्किरहेको | वर्ष ३, २०४१ अंक १ |
| ११७ | बंती | बाटो | खेत | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११८ | देको | बाटो | खेत | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ५, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| ११९ | देको | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | पूर्व दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक १ |
| १२० | माहाकाली | बाटो | जंगल | बाटो | सत्तल | सार्वजनिक | उत्तर दलान कवल ३ | वर्ष ३, २०४१ अंक १ |
| १२१ | माहाकाली | बाटो | सत्तल | बाटो | चोक | सार्वजनिक | उत्तर दलान कवल ५, पूर्वतर्फ १ | वर्ष ३, २०४१ अंक १ |
| १२२ | माहाकाली | जंगल | बाटो | बाटो | बाटो | सार्वजनिक | पश्चिम दलान कवल ३, दक्षिण १, उत्तर १ माथि भजनघर | वर्ष ३, २०४१ अंक २ |
| १२३ | महाकाली जाने ४ दोबाटो | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलान कवल ३, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक २ |
| १२४ | महाकाली जाने ४ दोबाटो | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलान कवल ३, पूर्व १ | वर्ष ३, २०४१ अंक २ |

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| | | | | **वडा नं. ९ (हाल वडा नं. ६)** | | | | |
| १५९ | चोछेँ (आसलाल साहुको घर अगाडि) | घर | बाटो | बाटो | बाटो | सार्वजनिक | पश्चिमतर्फ किलासमेत दलान कवल ४, उत्तरतर्फ २ | वर्ष ३, २०४१ अंक ४ |
| १६० | चोछेँ (आसलाल साहुको घर अगाडि) | बाटो | बाटो | बाटो | ढुंगेधारा र बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल २, उत्तरतर्फ ३, दक्षिणतर्फ १ | वर्ष ३, २०४१ अंक ४ |
| १६१ | चोछेँ (आसलाल साहुको घर अगाडि) | बाटो | बाटो | बाटो | घर | सार्वजनिक | उत्तरर्फ दलान कवल ७, पूर्व पश्चिम १-१ माथि कौसी | वर्ष ३, २०४१ अंक ४ |
| १६२ | छुमागणेश पछाडि | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल २, पश्चिमतर्फ २, दक्षिणतर्फ ३ | वर्ष ३, २०४१ अंक ४ |
| १६३ | छुमागणेश तांको | बाटो | बाटो | ढुंगेधारा | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ५, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक ४ |
| १६४ | तुछिमला | बाटो | घर | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ १ माथि घर | वर्ष ३, २०४१ अंक ४ |
| १६५ | तुछिमला | बाटो | घर | इनार | घर | सार्वजनिक | पूर्वतर्फ दलान कवल २, उत्तरतर्फ १ | वर्ष ३, २०४१ अंक ४ |
| १६६ | तुछिमला | घर | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पश्चिमतर्फ १ | वर्ष ३, २०४१ अंक ४ |
| १६७ | तुछिमला | घर | बाटो | बाटो | घर | सार्वजनिक | उत्तरतर्फ दलान कवल ६, पश्चिमतर्फ १ | वर्ष ३, २०४१ अंक ४ |
| १६८ | मुलाछेँ | बाटो | बगैंचा | बाटो | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक ४ |
| १६९ | मुलाछेँ | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | उत्तरतर्फ दलान कवल ३ पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक ४ |

# g]jf/ ;dfhdf k|rlnt k/Dk/fut uxgfsf] dxŒj M Ps cWoog



सह प्रा.डा. बलराम कायस्थ

## पृष्ठभूमी

काठमाडौं उपत्यकाको स्थानीय नेवार समाजमा गरगहनाको प्रचलन अर्थात् आभूषण लगाउने चलन प्राचीनकालदेखि नै चल्दै आएको पाइन्छ । त्यसबखत यहाँका मानिसहरूले विभिन्न प्रकारका गहनाहरू लगाउने गर्दथे भन्ने कुरा लिच्छवीकालीन अभिलेखहरूको अध्ययनबाट थाहा हुन्छ । गरगहनाहरू सुनचाँदी जस्ता बहुमूल्य धातुबाटै बनाइन्थ्यो । यसमा मोति, मुगा, माणिक, अम्बरजस्ता अनमोल रत्नजडित हुन्थ्यो । लिच्छवी राजा नरेन्द्रदेव आफ्नो दरबारमा आउँदा मोति, मुगा, अम्बर आदिका कुण्डल गहना लगाएर आउने गर्दथे भनिएबाट पनि यो कुरा पुष्टि हुन्छ । साथै समाजका उच्च वर्ग विशेष गरेर शासक वर्गले पर्व विशेषका अवसरमा देव-देवतालाई चढाउन, आफ्नो सौख पूरा गर्न, आर्थिक वैभवता प्रदर्शन गर्न आदि प्रयोजनका निम्ति गरगहना बनाउने वा लगाउने गरिएको देखिन्छ । तर त्यसबेला स्थानीयवासी प्रजालाई भने सबै प्रकारका गहनाहरू लगाउने पूर्ण छुट उपलब्ध थिएन । जस्तो भीमार्जुन देव र विष्णु गुप्तको यँगालहिटी अभिलेखमा के कुरा उल्लेख छ भने भुइँजसी नारान्द्यः(बुढानीलकण्ठ नारायण) को मूर्ति बनाउन दक्षिणी कोलीग्राम भेगका बासिन्दाले ठूलो ढुङ्गा तानेर ल्याउन सकेकोमा त्यसदेखि प्रसन्न भएर विष्णु गुप्तले तिनलाई कल्ली, बाजु, पाउजेबलाई छोडेर अरु गहना लाउन पाउने स्वतन्त्रता दिइयो । यताबाट शासक वर्गले लाउने केयूर, नूपुर, पदक आदि केही गहना लाउने अधिकार जनतालाई थिएन भन्ने देखिन्छ ।

मल्लकालमा पनि केही पानी नचल्ने अछुट जातिलाई सुनका गहना लगाउन बन्देज थियो । यो परम्परा राणाकालसम्म पनि चलेको थियो । जे होस् माथिका दृष्टान्तहरूबाट यहाँका बासिन्दामा गरगहनाको प्रचलन प्राचीनकालदेखि नै थियो भन्ने तथ्य पुष्टि हुन्छ । यताबाट आज आएर हाम्रा शाक्य, बज्राचार्य आदि जातिसँग रहेको सुनचाँदीका गरगहनालगायत मूर्ति बनाउने जुन कला छ, त्यसको विकास त्यतिखेरै भएको अनुमान गर्न सकिन्छ । तर सातौं शताब्दीमा नेपाल भ्रमणमा आएका चिनियाँ तीर्थयात्री हु यङ साङको यात्रा विवरणमा परेको वर्णन भने अलि अपत्यारिलो वा विष्मयकारी लाग्दछ । जस्तो, उनको वर्णनअनुसार यहाँका बासिन्दाले बाँसका रिङ र गाईवस्तुका सिङबाट बनेका गहनाहरू लगाउने गर्दथे । यसबाट उनी सम्भवतः त्यतिखेर नेपाल उपत्यका आएका थिएनन् कि भन्ने शंका गर्न सकिन्छ । वास्तवमा यो ठाउँ प्राचीनकालदेखि नै आर्थिक रूपमा सम्पन्न र समृद्ध थियो ।

एकातिर यहाँको उब्जाउ भूमि र अर्कोतिर उत्तर र दक्षिणसँगको व्यापार आदि कारणले गर्दा यहाँका बासिन्दाले कहिले पनि के खाउँ के लाउँको समस्या भोग्नुपरेन । यस किसिमको समृद्ध आर्थिक स्थितिको पृष्ठभूमिमा नै यहाँका बासिन्दाले अनेक प्रकारका भव्य दरबार, मठ-मन्दिरहरू बनाउन सके, विभिन्न चाडपर्व, जात्रा-उत्सव, नाचगान, भोजभतेर आयोजना गरेर आनन्द लिन्थे । अतः यहाँका बासिन्दाले सुनचाँदीका गहना लगाउने भन्ने कुरा सामान्य नै देखिन्छ । जंगली अवस्थाका मानिसले लगाउने गहनाहरू यहाँका स्थानीयवासी नेवारहरूले कहिले लगाउनुपरेन । यसैले डा. डिल्लीरमण रेग्मीले भन्नुभए जस्तै चिनियाँ यात्री हु यङ साङ त्यतिखेर या त नेपाल उपत्यका आएकै थिएनन् या त उनको वर्णन यहाँका स्थानीयवासी नेवारहरूका सन्दर्भमा नभएर अरु नै कुनै जंगली जातिका सन्दर्भमा गरिएको हुनुपर्दछ भन्ने लाग्दछ ।

संसारका विभिन्न देशहरूमा गहना लगाउने आफ्नै चलन छ । नेपालमा पनि प्रत्येक जातिका आफ्नै परम्परागत गहना लगाउने चलन पाइन्छन् । नेपालमा गर-गहनालाई बढ्ता महत्त्व दिने जातिमा नेवारहरू नै अगाडि पर्दछन् । गहना लगाउने इच्छा कसलाई नहुँदो हो ? अन्य समाजमा जस्तै नेवार समाजमा पनि गर-गहनाको बढी प्रयोग पुरुषले भन्दा महिलाले गर्छन् । प्रस्तुत लेखमा गर-गहना केवल श्रृङ्‌गार प्रशाधनका साधन, विलासिताका वस्तु र वैभवता प्रदर्शन गर्ने माध्यममात्र नभई धार्मिक, सांस्कृतिक, आयुर्वेदिक उपचार, ज्योतिषशास्त्रीय विश्वासका प्रतिक हुन् भनी देखाउन खोजिएको छ । यहाँका परम्परागत गहनाहरू पनि यसै आधारमा बनेका हुन्छन् ।

## गरगहनाको महत्त्व

नेवार समाजमा गर-गहनाको बहुप्रचलन

प्राचिनकालदेखि नै हुँदै आएको छ। आफ्ना प्रत्येक चाडपर्व, जात्रा, उत्सव, सामाजिक संस्कार, धार्मिक समारोह, भोजभतेरजस्ता विशेष अवसरहरूमा परम्परागत गहना लगाएर सजधज हुनु नेवार महिलाहरूको परम्परागत विशेषता नै मानिन्छ। यसबाहेक अघिपछि अर्थात् सामान्य दिनहरूमा पनि गहना लगाउने गर्छन्। तर बढी तौलका अर्थात् महँगा आभूषणहरू भने विशेष अवसरहरूमै लगाउने गरिन्छ। नाक छेडेर वा नाकको बीचमा प्वाल पारेर गहना लाउने चलन भने नेवार महिलाहरूमा पाइँदैन। यस समाजमा गहनाको प्रचलन सामाजिक आडम्बर र आर्थिक वैभव भन्दा पनि धार्मिक, सांस्कृतिक विश्वासका साथै आयुर्वेद र ज्योतिषशास्त्रका आधारमा भएको देखिन्छ। आफ्नो आरोग्य, सुस्वास्थ्य, दीर्घायु जीवन, उत्तरोत्तर प्रगति, घरपरिवारमा सुखशान्ति, सुमंगल कायम होस् भन्नाका लागि आभूषण लगाउने गरिन्छ।

सुन, चाँदी, तामा वा महँगा रत्न वा हिराले बनेका आभूषणले मानिसलाई कि त सकारात्मक प्रभाव पार्ने गर्दछ कि त नकारात्मक असर पुऱ्याउँछ। त्यसैले आफ्नो राशीअनुसार शुभ, अशुभ हेरेर मात्र आभूषण धारण गर्नुपर्ने मान्यता रहेको पाइन्छ। ज्योतिषशास्त्रका अनुसार प्रत्येक धातुले मानिसमाथि प्रभाव पार्ने गर्दछ किनभने यो सबै सौर्यमण्डलमा रहेका ग्रहको खेल हो। हरेक धातुको एक विशेष ग्रहसँग सम्बन्ध हुन्छ । ती ग्रहले यी धातुलाई आफू अनुकुल प्रभावित गर्ने गर्दछ।

सुन विश्वको जुनै बजारमा पनि चल्ने एउटा अन्तर्राष्ट्रिय मुद्रा हो भन्दा फरक पर्दैन। यो धातुहरूमध्ये सबभन्दा महङ्गो धातु हो। साथै यो पवित्र धातुमा गनिन्छ। यसैले कम्मरभन्दा मुनिको भागमा सुनका गहनाहरू लगाइँदैन। पाउजु, कल्ली आदि चाँदीकै बनाइन्छ। खुट्टामा सुन लगाउँदा दाम्पत्य जीवनमा समस्या आउने, स्वास्थ्य खराब हुने विश्वास गरिन्छ। सुतक, नछुने हुँदा, मसानघाट गएर फर्कंदा आदि अपवित्र अवस्थालाई पवित्र पार्न सुनपानी छर्कने चलन यहाँ आज पनि छ। यदि परिवारमा सन्तान छैनन् भने देब्रे हातको साहिंली औंला (रिङ्ग फिंगर) मा सुनको औंठी लगाउँदा त्यस सुनले विस्तारै आफ्नो असर देखाउन थाल्छ। सन्तान योगलाई रोक्ने ग्रहलाई टाढा भगाउँछ। त्यस्तै दाम्पत्य जीवनलाई सुखी र आनन्दमय बनाउनका निम्ति घाँटीमा सुनको सिक्री र हातको चोर औंलामा सुनकै औंठी लगाइन्छ। साथै सुनले ऊर्जा र गर्मी दुवै पैदा गर्दछ। यसैले आयुर्वेदमा सुवर्णभष्मबाट एउटा शक्तिबर्द्धक औषधि नै बनाइन्छ, जसले दुब्लोपातलो व्यक्तिलाई पनि हृष्टपुष्ट तुल्याउँछ। सुनको पानी पिउँदा शरीरमा इम्युनिटी पावर वृद्धि गर्दछ। यदि रुघाखोकी वा श्वासप्रश्वाससम्बन्धी समस्या छ भने हातको कान्छी औंलामा सुन धारण गर्नु राम्रो मानिन्छ। तर पेट वा मोटोपनाको समस्या भएकालाई र त्यस्तै गरेर अत्यधिक रिस उठ्ने मानिसहरूलाई सुनका गहना लगाउनु राम्रो मानिंदैन।

उपर्युक्त तथ्यहरूबाट नेवार समाजमा गहनाको प्रचलन धार्मिक, सांस्कृतिक परम्पराका साथै आयुर्वेद र ज्योतिषशास्त्रका आधारमा भएको देखिन्छ। यसैले नेवारहरू गहनालाई केवल श्रृङ्गार प्रशाधन र विलासिताको वस्तुको रूपमा मात्र नहेरी आत्मरक्षा गर्ने, आत्मबल बढाउने एवम् आफ्नो वंश, धर्म, तथा सामाजिक, आर्थिक र पारिवारिक स्थितिको सूचना दिने माध्यमको रूपमा पनि प्रयोग गर्छन्। नेवारहरूले गहनाद्वारा सजाउने शारीरिक अङ्गको छनौट विना आधार त्यसै गरेका छैनन्। गहना विशेषको महत्त्व र प्रयोगको उद्देश्यअनुसार त्यसलाई शरीरको कुन अंगमा पहिरिने हो, त्यो निश्चित् गरिएको छ। प्रायः तिनीहरू शरीरका खुल्ला र झ्वाट्ट हेर्दा देखिने अङ्गमा नै आभूषण पहिरिने गर्छन्।

आर्थिक वैभव अथवा तडकभडक प्रदर्शन गर्ने अभिप्रायले यसो गरिएको हो कि भन्ने भान परे तापनि वास्तवमा यसको अर्थ त्यो होइन। यस विषयमा तिनको विश्वासलाई केलाएर हेर्दा के भेटिन्छ भने गहनालाई कमजोर अङ्गको रक्षा कबचका रूपमा प्रयोग गरिने रहेछ भन्ने थाहा हुन्छ। यस्तो गहना कबचमा ठोकिएर वरिपरी घुमिरहने दूषित वायु वा कुदृष्टिको आक्रमण समेत निष्फल हुन पुग्छ भन्ने जनविस्वास रहेको पाइन्छ। अर्कातर्फ केही गहनाहरूले जीवनमा शक्ति सञ्चार गर्छ भन्ने जनविश्वास पनि रहेको पाइन्छ। जस्तो जन्तर लगाउँदा मुटुको हाराहारीसम्म पुग्ने गरी लगाइन्छ। यसबाट रक्तसञ्चार सुचारु हुन्छ। त्यसैगरी नाडीमा पञ्चरङ्गी बाला लगाउँदा रक्त शुद्धतामा राम्रो गर्दछ। नवजात शिशुका कमजोर अङ्गहरूलाई निलो वा कालो धागोले बेरेर सुरक्षा प्रदान गर्ने परम्परा पनि प्रचलित छ।

त्यसै गरेर आफ्नो जन्मको जुन राशी हो, त्यही राशीअनुसारको रत्न र धातु मिलाएर निर्धारित हातको औंठीमा लगाउनाले विभिन्न किसिमका रोगव्याधिबाट मुक्त भइन्छ, बाधा-व्यवधान हट्छ भन्ने ज्योतिषशास्त्रीय मान्यता रहेको छ।

कतिपय गहना वा गहनाको संयोजन आकर्षक हुने भएर पनि विरोधाभाषयुक्त प्रयोग भने स्थानीय नेवारहरू गर्न चाहँदैनन्। जस्तो कतिपय दृष्टिकोणबाट फलाम एक शक्तिशाली धातु हो र त्यसको सानो अंशमात्र पनि अन्य धातुमा मिसाएर प्रयोग गर्दा शनिग्रहको दशाबाट मुक्त होइन्छ भन्ने विश्वास ब्याप्त छ। तर नेल अर्थात् हथकडी बनाउन

प्रयोग गरिने धातु भएको हुनाले फलामको चुरा वा कल्लीको प्रयोगलाई ती ठीक मान्दैनन् ।

नेवार समाजमा ग्रह, धातु, रत्न एवं शारीरिक अङ्गबीच समन्वय गरी गहना लगाउने चलन पाइन्छ । जस्तो, नीर, फलाम, माझी औंला र प्रत्येक शनिबारलाई शनिग्रहको प्रतिक अथवा उपचार मानिन्छ । यसैले शनिको दोष निवारणार्थ नीरलाई फलामको औंठीमा जडेर देब्रे हातको माझी औंलामा शनिबारका दिन लगाउने गरिन्छ । तायो, न्यासिता, तिका एवं औंठीहरूले दैवीय शक्ति र मानवबीच राम्रो समन्वय गर्छ भन्ने जनविश्वास अहिले पनि यस समाजमा व्याप्त छ । यी गहनाहरू पारिवारिक सम्बन्धका प्रतिक पनि बनेका छन् । यसरी गरगहनाको प्रयोग सामाजिक तडकभडक र आर्थिक सम्पन्नता प्रस्तुत गर्ने माध्यममात्र नभएर यसभित्र अनेक प्रकारका मौलिक सांस्कृतिक परम्परा र धार्मिक विश्वासहरू पनि रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

## उपसंहार

इतिहास, कला, संस्कृति भनेको मानिसको आफ्नो मौलिक पहिचान हो । तसर्थ यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनु जरुरी देखिन्छ । तर मुलुकमा प्रजातन्त्र आएपछि बाह्य जगतसँगको सम्पर्क र मानिसमा आधुनिक बन्ने रहरले गर्दा नेवार सभ्यता र संस्कृति क्रमशः अतिक्रमित हुँदै गएको छ । यसको प्रत्यक्ष असर तिनले लगाउने आभूषण वा गरगहनामा पनि परेको छ । फलस्वरूप परम्परागत गहनाको परित्याग गरी तिनका सांस्कृतिक मूल्य, मान्यता र महत्त्व बिर्सिँदै जान थालेको छ । परम्परागत विश्वासलाई वास्ता नगरी केवल श्रृङ्गारको प्रशाधनका रूपमा मात्रै गर–गहनालाई प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ । पुराना गहनाहरू कुनै कर्मकाण्ड वा संस्कार विशेषमा मात्र आक्कल–झुक्कल रूपमा देखा परिरहेका छन् । पुराना गहनाका ढाँचा एवं लगानीलाई भारतीय ढाँचाको र कम लगानीका गहनाले विस्थापित गर्दै लगेको देखिन्छ । जस्तो, मल्लकालीन गहना तायोको सट्टा हिजोआज भारतीय मंगलसुत्रको चलन ज्यादा बढेको छ । त्यतिमात्र होइन, अंशबण्डाको बेला परिवारका सबै सदस्यहरूलाई समभाग बाँड्नुपर्ने निहुँमा लुँ स्वाँ, तायो, तिखः, न्यापुसिखः जस्ता पुराना ढाँचाका मौलिक गहनाहरू गालेर मसिना र कम तौलका गहना बनाउने प्रवृति बढ्दै गइरहेको छ । अस्तु !

ऐतिहासिक स्रोतसामग्रीका आधारमा नेवार समाजका परम्परागत गहनाहरू निम्नप्रकारका रहेका छन् ।–

(क) हातमा लगाउने गहना– सुनको औंठी, चेन अंगु, लुं प्राण अंगु, प्याख अंगु, धुर्ति अंगु, गुलपान अंगु, अंजा, हिरा जडेको औंठी, चुल्या, सुनको बाला, चाँदीको बाला, चाँदीको औंठी, बाही, कंकण आदि ।

(ख) घाँटीमा लगाउने गहना– तोल, गुल्यामाला, दोविनमाला, मोहनमाला, खाङ्मखुर, रुद्राक कव चका, जन्तर सिखः, नागपास(श), भिंसिखः, ति भाभा, मुगाको माला, तायो, जन्तर, मोतीको माला, सुनको सिक्री, तिखः, चन्द्रहार आदि ।

(ग) टाउकोमा लगाउने गहना– लुँ स्वाँ, लुँ केतकी स्वाँ, न्हसकोत यात च्वय क्वय, चापरी टप, कुण्डल आदि ।

(घ) खुट्टामा लगाउने गहना– कल्ली, तुतीताल, तुतीवाकी आदि ।

(ङ) गहना बनाउँदा प्रयोग गरिने वस्तुहरू– पद्मराग, पुष्पराग, चन्द्रकान्ति, सूर्यकान्ति, हिरा, मोती, पोते आदि ।

## सन्दर्भग्रन्थ सूची


- रेग्मी, डी.आर., एनसिएन्ट नेपाल, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६५ ।
- ..............., मेडियभल नेपाल, भाग २, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६ ।
- बज्राचार्य, चुन्दा, मल्लकालका ऐतिहासिक सामग्री धर पौः –अप्रकाशित शोध प्रबन्ध, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. कीर्तिपुर ।
- बज्राचार्य, धनबज्र, लिच्छवीकालका अभिलेख, काठमाडौ नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०३० ।
- वैद्य, टि.आर. र अन्य, सोसल हिस्ट्री अफ नेपाल, न्यु दिल्लीः अनमोल पब्लिकेसन प्रा.लि., ई.सं. १९९३ ।
- पासुका (पत्रिका), वर्ष ३, अंक ७ ।



'पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति'

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

व्यासी, भक्तपुर

**सम्पूर्ण नगरवासीहरुमा सूचना**

भक्तपुर नगरपालिकाको सन्तुलित विकास निर्माण तथा जनभावनाअनुसार कार्य गर्न सहज र सरल बनाउने हेतुले नगरपालिकाको तर्फबाट यही २०७५ भाद्र २५ गतेदेखि घरदैलो तथ्याङ्क सङ्कलन गर्ने व्यहोरा अवगत गराउँदै सहयोगको लागि नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक अनुरोध गर्दछ ।

नागरिक भावना

# ‘ho eQmk'/’



हरिगोविन्द भोमी

ऊ भक्तपुरका बासिन्दा हो । ऊ भक्तपुरमा विकास होओस् भनी चाहन्छ। हुन त आफ्नो जन्मस्थलको विकास भएको कसलाई मन पर्दैनथ्यो र।

तर भक्तपुरमा के-कस्ता गतिविधिहरु भइरहेका छन् भन्नेबारेमा उसलाई केही वास्ता थिएन। उसलाई यतिमात्र थाहा थियो कि भक्तपुरमा केही विकास भएकै छैन र विकास हुने पनि छैन। किनकि उसको मस्तिस्कभरि उसका दौंतरीहरुले भनेका भावनाहरुमात्र छचल्किरहेका थिए। भक्तपुरमा केही विकास भएन र यस्तै पाराले कहिल्यै पनि विकास हुन सक्दैन पनि !

एकदिन यस्तो कुरा उसले आफ्ना एकजना नयाँ मित्रसामु अभिव्यक्त गरे। नवमित्रलाई उसको अभिव्यक्ति चित्त बुझ्नेनछ। त्यसैले ऊ सित सोधे ‘भक्तपुरमा के विकास भएन हजुर ? भक्तपुरमा कस्तो विकास भएको हेर्न चाहनुहुन्छ ? अनि तपाईंलाई थाहा छ, विकाश भनेको के हो ?’

नवमित्रले विकासको बारेमा अप्रत्यासित रुपमा सोधेको प्रश्नले ऊ वाल्ल र अकमक्क पर्छ। भक्तपुरमा के नराम्रो भइरहेको छ भन्ने बारेमा सोचेर पनि उसले कुनै भेउ पाउन सकेनन्। आफूले सोच विचारै नगरी अरुको लहैलहैमा लागेर बोलेकोमा लाज र पछुतो पनि लाग्यो उसलाई। ऊ मौन बसेको देखेर नवमित्रले अनुरोध गरे ‘भन्नुहोस मित्र, तपाईंको परिभाषामा विकास कस्तो हुनुपर्छ ?’

उसले हत्तपत्त एउटा त्यान्द्रो समाते। ‘हेर्नुस्, सबैलाई नभई नहुने आवश्यक वस्तु पानीको पनि उचित मात्रामा आपूर्ति गर्न सकेन भक्तपुर नपाले। अरु के विकास गर्न सकथ्यो र ! ’

तपाईंले तथ्य कुरा बुझ्नु भएन मित्र। नवमित्रले उसलाई स्पष्टसँग बुझाउन लागे। पानीको समस्या भक्तपुरको मात्र होइन। यो सबै नेपाली जनताको गुनासो हो। खानेपानी आवश्यकताअनुसार आपूर्ति नहुँदा नेपाली जनताहरु प्रभावित भएका छन्। भक्तपुर नगरमा यसको समस्या समाधानको लागि बेलाबखत प्रयासहरु भइरहेका छन्। विगतमा कमलविनायक आवासक्षेत्रमा डीप बोरिङ गरिसके तर त्यहाँबाट स्वच्छ पानी निष्काशन नहुँदा त्यो योजना सफल हुन सकेन। भनपा क्षेत्रमा सिपाडोलबाट पनि पानी ल्याउने पहल गरेको थियो। त्यहाँ पनि अवरोधहरु सिर्जना हुँदा त्यो पनि सफल हुन सकेन। त्यस्तै अन्यत्र स्थानबाट पनि पानी ल्याउने प्रयत्नहरु नगरेको होइन। पहिलेदेखि एउटै मुहानबाट नगरमा पानी वितरण गर्नुपर्दा हाल भक्तपुर नगरमा वृद्धि भएको बस्ती र जनसंख्यालाई पर्याप्त मात्रामा पानी आपूर्ति हुन नसकेको समस्यालाई दृष्टिगत गरी भनपाले आवश्यकताअनुसार नगरको टोल-टोलमा ट्याङ्करबाट पानी वितरण गर्दै आएका छन्।

नवमित्रले फेरि भने – हेर्नुस् मित्र, ‘हामी भक्तपुरकै बासिन्दा हौं। हामीले नै भक्तपुरमा विकस भएको छैन भन्दै हिंड्नु त लाजमर्दो कुरा हो। भक्तपुर विगतमा कस्तो थियो र अहिले कस्तो भएको छ, त्यो हामीलाई थाहा नभएको कुरो होइन। हाम्रो भक्तपुरलाई बाहिर जिल्लाका मान्छेहरु र विदेशी पर्यटकहरुले समेत स्वच्छ र सफा नगरको रुपमा नाम लिन्छन् र चिन्छन्। यो हाम्रो लागि गौरवकै कुरा हो। भनपाले नगरलाई सफा सुग्घर राख्न प्रत्येक दिन सफाइ मजदुरहरुलाई परिचालन गर्नुको साथै महिनाको दुईपटक प्रत्येक महिनाको १ गते र १५ गते पाक्षिक रुपमा नगरको मुख्य-मुख्य सम्पदा स्थलहरुमा सफाइ गर्ने अभियान सञ्चालन गरेकोले पनि हाम्रो नगर थप सफा र स्वच्छ भएका छन्।

‘मैले यहाँ फोहर भयो भनेकै छैन नि। नगर सफा सुग्घर भएकोलाई त नकार्नै हुन्न’ । उसले सफाइमा समर्थन जनाएको सुनेर नवमित्र मुसुक्क हाँसेर भने ‘यसलाई पनि एउटा विकासकै रुपमा लिन मिल्छ नि होइन र मित्र ?’

‘हाम्रो भक्तपुर विश्व सम्पदा सुचीमा सुचिकृत नगर हो। यहाँका कला संस्कृति झल्कने मठ-मन्दिर, चैत्य, विहार, सत्तल, पाटी, पौवा, ईनार, ढुङ्गेधारा र पोखरीजस्ता सम्पदाहरु जोगाउने र संरक्षण गर्ने महत्त्वपूर्ण कार्यहरु पनि भनपाले गरिरहेका छन्। साथै शिक्षा क्षेत्रमा पनि विकास गर्न भनपाले उचित शुल्कमा शिशुस्याहार देखि कलेजसम्म सञ्चालन गरेको सर्वविदित्तै छ। जहाँ स्थानीय विद्यार्थीहरु र अन्य जिल्लाहरुबाट आएका विद्यार्थीहरु पनि अध्ययन गरेर गुणस्तरीय शिक्षा हासिल गरिरहेका छन्।

हुन त मेरी छोरी पनि ख्वप कलेजमा अध्ययनरत छिन्। ऊ एकदम उत्साहित भएर बोले – ‘उनको पढाइ पनि राम्रै छ। हामी (परिवार) लाई गर्व लागेको छ उनको राम्रो पढाइमा।’ ऊ अझै मुसुमुसु हाँसिरहेको थियो।

नगरपालिकाले भक्तपुरमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने प्रक्रियामा लागेको पनि नवमित्रले उसलाई

जानकारी गरायो। त्यसले अगाडि भने 'नगरवासीहरुको स्वास्थ्यलाई ध्यानमा राखेर नगरपालिकाले घर-घरमा नर्सिङ सेवा पनि सुरु गरेको छ। च्यामासिंहमा सञ्चालन भइरहेको जनस्वास्थ्य केन्द्रमा ख्वप अस्पतालको रुपमा सञ्चालन गर्न तयारी भइरहेका छन्।

भक्तपुर वडा नं. १ मा मानव अङ्ग प्रत्यारोपण केन्द्र र भक्तपुर क्यानसर जस्ता ठूलो महत्त्वका अस्पतालहरु छन्। साथै नगरमा रेबिज रोग मुक्त गर्न छाडा कुकुरहरुलाई बन्ध्याकरण तथा रेबिजविरुद्धको खोप अभियान थालेको छ। खलकुद क्षेत्रमा पनि विकास गर्न सकदो पहल भइरहेकै छ।

'ए ! हो, हो,' ऊ पुनः प्रसन्न हुँदै बोले – 'अस्ति मेरो छोराले पनि खेलकुदमा भाग लिएर विजयी हुँदा पुरस्कार पाएको थियो। नगरपालिकाले खेलकुद आयोजना गरेको भन्दै थिए। अनि हिजो बिहान नपाको टेम्पोले भुस्याहा कुकुरहरु ओसार्दै गरेको मैले पनि देखेको थिएँ। अहिले छाडा कुकुरहरुको बिगबिगि नियन्त्रण भएका छन्। त्यसैले होला उसले लामो सुस्केरा हाले। र नवमित्रको मुखबाट अरु कुरा सुन्न व्यग्र भए।

'हेर्नुहोस मित्र' नवमित्रले पुनः भन्न सुरु गरे – भूकम्पले भत्केका पाटीहरु पुनःनिर्माण भइरहेका छन्। सांस्कृतिक सम्पदाहरु पनि ठडिँदै छन्। सडक बाटोको कुरा गर्ने हो भने धमाधम ढुङ्गा छपाइको कार्यहरु पनि भइरहेका छन्। यस्ता निर्माणका कार्यहरु नगरपालिकाकै आयोजनामा सम्पन्न भइरहेका छन्। यी बाहेक अरु पनि थुप्रै विकास निर्माणका योजनाहरु होलान्, एक पछि अर्को सम्पन्न गर्दै जाने होला हैन र ?'

'हो रहेछ ! यी सबै आफ्नै आँखाले देखेर पनि बुझ्नै नसकेको रहेछु' ऊ खुसी भएर बोले 'बल्ल बुझें !' अब त भक्तपुर विकास भएको छैन भनेर भन्दै भन्दिनँ बरु भन्छु 'जय भक्तपुर !'

## बासिबियाँलो



गुँडुल्किएको (Spiral) चित्र भन्नुहोला, होइन नि !

१४६ - गोलो छ ।

---

बाटोमा आइरहेका केटा र केटीलाई अर्को व्यक्तिले सोधेछ– तपाइँहरूबीच के सम्बन्ध छ ? केटीले जवाफ दिइन्– मेरी छोरी र यिनकी छोरी आमा–छोरी हुन्। उक्त केटा र केटीबीच के साइनो होला ?

१४६ - सासु र ज्वाइँ

**तपाईंको भान्छा**

## यूरीक एसिड बढेकाहरूका लागि आहार

**क) खान नहुने**

- रातो मासु (खसी, राँगो), भित्री मासु (कलेजो, मुटु, मिर्गौला, गिदी)
- माछाहरू, प्राउन, लोवस्टर
- जाँड, रक्सी

**ख) कम मात्रामा खान हुने**

- दूध र दूधबाट बनेका परिकारहरू
- सेतो मासु (कुखुरा, हाँस तथा अन्य चराचुरुङ्गीहरूको मासु)
- दाल तथा गेडागुडीहरू
- कुरिलो, काउली, पालुङ्गो, गोलभेडा, च्याउ
- अण्डा
- काजु, ओखर, पेस्ता, बदाम

**ग) प्रशस्त मात्रामा खान हुने**

- चामल, गहुँ, मकै, आलु, पाउरोटी, चिनी
- हरियो सागपात (सिमी, बोडी बाहेक)
- फलफूलहरू
- गाजर, काक्रो

'स्वास्थ्य खवरपत्रिका' बाट




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 28

## CHAPTER XIX.

## AN EXECUTION.

Saturday, 26th March, 1853. — A sepoy, a Khatri, having committed a murder under aggravated circumstances, was sentenced to have his head cut off; this day was fixed, about ten days after the crime. Executions always take place either on Tuesdays or Saturdays, as unlucky days. The place always used on these occasions is a small level piece of ground on the right bank of a small stream which falls into the Bishnumatti at the ghat on the road to Sambhunath. The stream making an abrupt bend at this point, there is a small level ground left between its banks and a steep hill, round which it is winding, and over which the road passes. The sides of this hill form an amphitheatre, and afford a capital site for viewing the "tamasha" beneath.

The officiating minister having heard from Kusbur that I was anxious to be present at the execution, with great courtesy and consideration for my convenience rather than the prisoner's feelings, sent to say that at whatever hour I liked the man's head should be taken off, and that it should not be done till I arrived on the ground!

The afternoon - two hours before sunset - being fixed, I was at the place of execution punctually at the appointed time, 4 p.m. Some mistake, however, as to the hour occurring, I had to wait nearly two hours. A few, perhaps a dozen, people were waiting also. The majority of the passers-by, however, of whom there were many, did not seem to think it worth the trouble of waiting for. Just about sunset a crowd in the distance indicated the approach of the prisoner, whom they were accompanying. The man had left the prison at 4 p.m. and been conducted on foot, with his arms pinioned behind by a cord, all through the principal thoroughfares of the city, a crier proclaiming the nature of his crime and of his punishment. This had collected about three hundred persons, who came with him. The crowd took their seats on the ground around overlooking the place; the officer of adaulat came with a general's salaam to me and apologised for having kept me (not the prisoner) waiting so long. The prisoner walked to the appointed spot, surrounded by about twenty men of Paurya caste (low caste, who always perforin the duty of executioners — a grade above Mihtars). They selected a smooth spot, a few yards from the stream, for him to kneel upon, the ground being covered with the bones of previous criminals who had been executed in the same place. The man seemed in- different to all about him. He had a sulky, scowling look, but said nothing. Except a rag round his loins, all his clothes had been removed. He was directed to kneel, which he accordingly did; his arms were firmly tied behind his back, his hair gathered up into a knot and tied at the top of his head. Two or three of the executioner-men examined his position and moved his head about, according to their respective fancies, evidently looking at it in a professional light, and calculating at what particular angle, or in what spot they would, were it their duty, make their blow, so as best to exhibit their skill. The man seemed to take their manipulations with great nonchalance.

All was now ready, and I expected the poor devil would be at once put out of his misery and suspense. But a rather important omission had occurred; "what is everybody's business is," proverbially, "nobody's," and among the twenty or more executioners present not one had brought with him a kookery or sword with which to take off the man's head! None of the spectators were willing to lend their kookeries. After a little delay, two or three were pressed from the crowd; then followed a discussion as to whether they were sharp enough. One was selected, and the executioner said he could, with a little sharpening, " make it do " {i.e. hack off the head in three or four blows) ; and he forthwith began to sharpen it on a stone, every now and then trying the edge on his finger, and talking and laughing all the time.

**(To be continued)**

# नेपालको संविधान २०७२ (३५)

## भाग – २७

## अन्य आयोगहरू

**२५४. प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने :** राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ।

**२५५. राष्ट्रिय दलित आयोग :** (१) नेपालमा एक राष्ट्रिय दलित आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन्।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(३) राष्ट्रिय दलित आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय दलित आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :–

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा।

(५) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय दलित आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछ :–

(क) कम्तीमा दश वर्ष दलित समुदायको हक हित वा मानव अधिकार र कानूनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको दलित,

(ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि प्राप्त गरेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको,

(घ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

(७) राष्ट्रिय दलित आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ र निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(८) राष्ट्रिय दलित आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

**२५६. राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार :** (१) राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

(घ) दलित समुदायको अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

(२) राष्ट्रिय दलित आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) राष्ट्रिय दलित आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।(क्रमशः)

पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

व्यासी, भक्तपुर

## गुन्हिपुन्हीया सापारु घें घें बला कासा २०७५ को नतिजा प्रकाशनसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७५ को अवसरमा २०७५ भाद्र ११ गते सापारुको दिन प्रदर्शन गरिएका घिङ्ताङ्घिसी र माक प्याखं तथा भाद्र १३ गतेदेखि भाद्र १७ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरुको नतिजा देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | सौँस्कृत्तिक विधाहरुको नाम | परिणाम | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| १ | देवी प्याखं | खलौँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | खर्बुजा समूह | द राईजिङ्ग कल्चरल ग्रुप |
| २ | भैल प्याखं | विश्वकर्मा भैल प्याखं | तुछिमला भैल प्याखं | जेठा गणेश भैल प्याखं | |
| ३ | माक प्याखं | कोट देवी भजन भौखेल | याताव दाफा भजन भौखेल | राधा कृष्ण दाफा भजन छालिङ्ग | गलसी पुखु देवी प्याखं, एभरेष्ट ई. स्कुल, गणेश दाफा भजन, त्वचा गणेश माक प्याखं, यापी भैरव दाफा भजन |
| ४ | गाईचा प्याखं | श्रमिक कला सदन | व्यासी सौँस्कृतिक समूह | रेड स्टार क्लब | आस्था सौँस्कृतिक परिवार |
| ५ | लुसी प्याखं | श्रमिक कला सदन | नगांचा बाँसुरी बाजा | | |
| ६ | फाकंदली प्याखं | श्रमिक कला सदन | आस्था सौँस्कृतिक परिवार | स्कलर्स होम | नगांचा बाँसुरी बाजा |
| ७ | लाखे प्याखं | विश्वकर्मा भैल प्याखं | पासा पुचः समूह | खिंछे दाफा भजन | |
| ८ | कलालीचा प्याखं | नगांचा बाँसुरी बाजा | पासा पुचः समूह | | |
| ९ | भालु प्याखं | नगांचा बाँसुरी बाजा | गणेश दाफा भजन | | |
| १० | जंगली प्याखं | खिंछे दाफा भजन | खलौँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | द राईजिङ्ग कल्चरल ग्रुप, एभरेष्ट ई. स्कुल, खर्बुजा समूह |
| ११ | खिचा प्याखं | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याखं | नगांचा बाँसुरी बाजा | विश्वकर्मा भैल प्याखं |
| १२ | ख्या प्याखं | खलौँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | विश्वकर्मा भैल प्याखं | खर्बुजा समूह, द राईजिङ्ग कल्चरल ग्रुप |
| १३ | कवांचा प्याखं | तुछिमला भैल प्याखं | विश्वकर्मा भैल प्याखं | जेठा गणेश भैल प्याखं | खिछें दाफा भजन, द राईजिङ्ग कल्चरल ग्रुप, खलौँ देवी प्याखं, एभरेष्ट ई. स्कुल, गलसी पुखु देवी प्याखं, खर्बुजा समूह |
| १४ | घिङ्ताङ्घिसी | आश कुमार त्वायना घटखा भनपा ३ | विशलाल प्रजापति भनपा ९ | कृष्ण माया छ्वाजुसमेत भनपा ८ | गणेश भक्त प्रजापतिसमेत भनपा ४ र रोमन कुमार महर्जन भनपा १० |

| क्र.सं. | सांकृतिक विधाहरुको नाम | परिणाम |
|---|---|---|
| १५ | ड्याउरे/लाहुरे प्याखं | पासा पुचः समूह विशेष स्थान |
| १६ | हनुमान प्याखं | गणेश दाफा भजन विशेष स्थान |
| १७ | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं विशेष स्थान |
| १८ | झ्या झ्या प्याखं | नगांचा बाँसुरी बाजा विशेष स्थान |
| १९ | ख्याल | स्कलर्स होम विशेष स्थान |
| २० | हुला प्याखं | श्रमिक कला सदन विशेष स्थान |
| २१ | नागाचा प्याखं | खिंछे दाफा भजन विशेष स्थान |

| उत्कृष्ट कलाकारहरु | |
|---|---|
| **परम्परागत विधातर्फ** | |
| उत्कृष्ट महिला कलाकार | सविरा बज्राचार्य (महाकालीको भूमिकामा) दराईजिङ्ग कल्चरल ग्रुप |
| उत्कृष्ट पुरुष कलाकार | चन्द्र प्रजापति (भैरवको भूमिकामा) जेठा गणेश भैल प्याखं |
| उत्कृष्ट बाल कलाकार (प्रोत्साहन) | युनिक प्रजापति(कवांचाको भूमिकामा) विश्वकर्मा भैल प्याखं |
| **आधुनिक विधातर्फ** | |
| उत्कृष्ट महिला कलाकार | मञ्जु लागेजु र निरुता गोरा (गायन विधामा) श्रमिक कला सदन |
| उत्कृष्ट पुरुष कलाकार | रत्न काजी नायभारी (गायन विधामा) व्यासी सौँस्कृतिक समूह |
| उत्कृष्ट बाल कलाकार (प्रोत्साहन) | प्रितम शिल्पकार(डाक्टरको भूमिकामा) नाटक "फोहर याइम्हा फोहरी" |

# आ.व. २०७५/७६ श्रावण महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २३० | २२६ | १६३ | १२० | १५४ | २०२ | १६६ | ११४ | १५१ | २२० | २१८ | २०८ | १९६ | २२८ | २२६ | २६१ | १९८ | २६५ | २५६ | २५२ | २९६ | ३४८ | ३१८ | ४१३ | ३०२ | ३४३ | ३१२ | २६५ | ३२२ | २८४ | २५८ |
| ■ सार्क तथा चिनियाँ | ३४२ | २९४ | १६६ | २०२ | ३०० | २६२ | २५२ | २७२ | २०८ | २७६ | २७५ | ४०४ | २५२ | २५४ | ३९७ | १४१ | २४८ | २५५ | ४१० | ३३४ | १७५ | ३२६ | १८८ | ३३० | ३०३ | ४१५ | २०४ | २६९ | ३६८ | २३० | २१२ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ श्रावण | ७,५१५ | ८,५६४ | १६,०७९ |
| २०७४ श्रावण | ७,४४० | ७,३६५ | १४,८०५ |
| प्रगति | ७५ (१.००%) | ११९९ (१६.२८%) | १,२७४ (८.६०%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# भक्तपुर काण्डबारे नयाँ पुस्तालाई जानकारी दिनु समयोचित

नेपाल मजदुर किसान पार्टीको स्थापनाकालदेखि देश र जनताको नि:स्वार्थ सेवा नै राजनीति रहँदै आएको छ । तत्कालीन नेपाल मजदुर किसान संगठन प्रतिक्रियावादी संस्थाभित्र गएर देश र जनताको सेवा गर्ने र निरंकुश पञ्चायतको जरा काट्ने नीति अंगालेकै कारण संगठनका नेता, कार्यकर्ता पञ्चायतलाई आँखाको कसिंगरसरह बनेको थियो । यस पार्टीले भारतीय विस्तारवादले सुस्तामा सीमा अतिक्रमण गर्दा मात्र होइन अमेरिकी साम्राज्यवादले भियतनाममा गरेको आक्रमणको विरोधमा सशक्त संघर्ष गरेको थियो । नेमकिसंगठनको देश र जनताको हितमा प्रतिक्रियावादी संघ–संस्थालाई उपयोग गर्ने नीति अनुसार पञ्चायती भूमिसुधारको वन्दोबस्तमार्फत मोहियानी हक दिलाउने संघर्ष, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन र साँढे धपाउने आन्दोलनका कारण सामन्ती शासक वर्ग र तिनका हरूवाचरुवाहरू रिसाएका थिए ।

वि.सं.२०४५ सालको भूकम्पपश्चात् वास्तविक भूकम्प पीडितलाई नभई क्षति नपुगेका र आफ्नो आसेपासेलाई पक्षपाती तवरले राहत वितरण पञ्चायत प्रशासनले गरेको थियो । ह्योजुलाई बलीको बोका बनाई नेमकिसंगठनलाई समुल नष्ट गर्ने उद्देश्यले केन्द्रीय राज्यस्तरबाट षड्यन्त्र गरी भक्तपुर काण्ड रचिएको हो । राजनैतिक प्रतिशोध राखी गरिएको यो अन्याय, अत्याचार र दमनका कारण न्यायप्रेमी जनताको आन्दोलनको लहर चल्यो । भकुण्डोलाई जति थचारिन्छ त्यति नै माथि उफ्रन्छ भनेजस्तै आन्दोलन उत्कर्षमा पुग्यो । जनअनन्दोलनका वीर सहिदहरूको बलिदानीबाट पञ्चायतको अवसान भयो ।

३० वर्ष अगाडिको त्यस घटनाले जनविरोधी सरकारबाट जुनसुकै समयमा देशभक्त, क्रान्तिकारी र जनसेवकहरूलाई फसाउने षड्यन्त्र गर्न सक्ने पाठ सिकाएको छ । हालको नेकपाको सरकारले पनि पञ्चायती शैलीमा जनतामा भ्रम छर्ने, आश्वासन दिने तर काम नगर्ने, भ्रष्टाचारविरुद्ध आवश्यक र दरो कदम नचाल्ने, रोजगारी सिर्जना नगर्ने, शिक्षा र स्वास्थ्यलाई व्यापारको बस्तु बनाउने, साम्राज्यवादी शक्तिहरूको प्रभावमा पर्ने लगायतका कुकार्य गरेको कारण जनता सचेत हुनु आवश्यक छ । नयाँ पुस्तालाई यसबारे जानकारी निरन्तर दिनु सकारात्मक कदमको रूपमा लिनुपर्दछ ।